iBFAM

NEPALI

www.iBFAM.org

# फलदायी र गुणात्मक होऔं +

# तालिम निर्देशिका



## व्यवहारिक चेलापनको निम्ति पाठ्यक्रम र नमूना

*तब येशू तिनीहरू कहाँ आएर भन्नुभयो, "स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ। यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ, मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ। हेर, म युगको अन्त्यसम्म सधैं तिमीहरूका साथमा छु।"*
*(मत्ती २८:१८-२०)*

# फलदायी र गुणात्मक होऔं

चेलापन निर्माणको निम्ति व्यवहारिक शिक्षाहरू

द्वारा प्रकाशित :

एभरी होम फर क्राइष्ट अन्तर्राष्ट्रिय
६४० च्यापल हिल्स् डा.कलोराडो स्पीङ्ग, को ८०९२० यु.एस.ए.
(६१९) - २६० - ८८८८
BFAM@ Ehc.org
www.iBFAM.org

**सर्वाधिकार (c) २०११ एभरी होम फर क्राइष्ट**

**निम्न सर्तमा यो पाठ्य सामग्रीलाई पुनः उत्पादन गरी वितरण गर्न अनुमति दिइन्छ ।**

१. यो पाठ्य सामग्रीको स्वामित्व एभरी होम फर क्राइष्ट अन्तर्राष्ट्रिय रहनेछ ।
२. यो पाठ्य सामग्री कहाँ र कसरी प्रयोग भई रहेको छ, यसको जानकारी एभरी होम फर क्राइष्टलाई दिनपर्नेछ ।
३. यो पाठ्य सामग्री बिक्रीको निम्ति होइन ।

**यो पाठ्य सामग्रीलाई अरू भाषामा अनुवाद गर्न वा आफ्नो बनाउन निम्न सर्तहरू पालन गर्नुपर्नेछ ।**

१. अनुवाद गर्न अघि एभरी होम फर क्राइष्ट अन्तर्राष्ट्रियसंग अनुमति लिनुपर्नेछ ।
२. अनुवाद गर्न अघि कपी राइट (सर्वाधिकार) को निम्ति व्यक्ति (अनुवादकर्त्ता) र एभरी होम फर क्राइष्ट बीच लिखितम सहमती दस्तावेज तयार गर्न जरुरी छ ।
३. यो पाठ्य सामग्रीलाई अवलम्बन गर्न एभरी होम फर क्राइष्टद्वारा अनुमोदित भएको हुनपर्छ ।
४. अनुवादको काम समाप्त भएपछि, एकप्रति अभिलेखालय र वितरणको उद्देश्यको निम्ति एभरी होम फर क्राइष्टलाई दिन जरुरी छ । (तपाईले छपाई गरेको एकप्रति र डिजिटल कपी दिनुभए अति उत्तम हुनेछ ।)

**यो पाठ्य सामग्री वा वि.एफ.ए.एम. चाहिँ चेलापन निर्माण विधिमा आधारित छ र यो पाठ्य सामग्रीमा भएको प्रत्येक पाठबाट अधिकतम लाभ उठाउन पहिले अध्ययन गरी बुझ्न जरुरी छ । यदि तपाईले यो पाठ्य सामग्री प्रयोग गर्न तालिम वा कुनै निर्देशिका प्राप्त गर्नु भएको छैन भने, सही प्रकारले प्रयोग गर्न तालिमको निम्ति एभरी होम फर क्राइष्टसंग सम्पर्क राख्नु होला ।**

यो पाठ्य सामग्रीमा समावेश गरिएको धर्मशास्त्रको खण्डहरूचाहिँ अन्तर्राष्ट्रिय बाइबल सोसाइटीसंग कपी राइट (सर्वाधिकार) को अनुमति प्राप्त गरी निम्न बाइबलबाट लिइएको हो : “टुडेस न्यू इन्टरनेशनल भरसन, टि एन. आई. भी.)” ।

एभरी होम फर क्राइष्ट अन्तर्राष्ट्रियद्वारा वितरित

परिचय - "फलदायी र गुणात्मक होऔं" ....................................................०४ पृष्ठ

कथाको परिचय ................................................................................०५ पृष्ठ

फलदायी र गुणात्मक होऔं अध्ययनमालाको छुट्टै विशेषताहरू ..........................०६ पृष्ठ

१. पाठको रुपरेखा.......................................................................१० पृष्ठ

२. पाठको रुपरेखा र अभ्यासको निम्ति पाठहरू ...................................११ पृष्ठ

३. चेलापन झुण्डको सञ्चालन .....................................................१४ पृष्ठ

४. अध्ययनमालाहरूबारे अत्यावश्यक सारहरू ......................................१५ पृष्ठ

# परिचय
# फलदायी र गुणात्मक होऔं

## "फलदायी र गुणात्मक होऔं" के हो ?

- यो **चेलापन** हो - खीष्टको चेला हुनको निम्ति जोड दिइन्छ ।
- यो एउटा **पाठ्यक्रम** हो - ५२ ओटा पाठहरूले खीष्टियान विश्वासीहरूलाई बाइबलीय सत्यतामा अगुवाइ गर्नेछ ।
- यो एउटा **विधि** हो - खीष्टियान विश्वासीहरूले बाइबललाई पाठ गरिसकेपछि कसरी मनन गर्ने यसबारे अध्ययनमालामा भएको पाठहरूले सिकाउँदछ ।

## "फलदायी र गुणात्मक होऔ" किन ?

- हामीलाई "फलदायी र गुणात्मक हुन बोलाइएको छ..."
  - शारीरिक रुपले (उत्पत्ति १:२७-२८)
  - आत्मिकी रुपले (मत्ती २८:१८-२०)
- छोरा-छोरीहरूलाई परिपक्व बनाउन आमा-बुबामा एउटा ठूलो जिम्मेवारी रहेको हुन्छ ...।
  - शारीरिक रुपले
  - आत्मिकी रुपले
- "फलदायी र गुणात्मक होऔं" अध्ययनमालाले व्यक्तिलाई परिपक्व बनाई फलदायी जीवन जिउँन सहायता गर्दछ ।
- गुणात्मकचाहिँ फलदायी जीवनको एउटा प्राकृतिक परिणाम हो ।

## फलदायी र गुणात्मक होऔं अध्ययनमालाको लक्ष्य

**चेलापन झुण्डहरूलाई परमेश्वरको वचनको सत्यता र अधिकारमा निर्माण गरी "फलदायी र गुणात्मक" बनाउनु हो ।**

चेलापन झुण्डलाई आत्मिक रुपमा परिपक्क बनाई निम्न कुराहरू प्रभावकारी रुपमा गर्न सक्ने सक्षम तुल्याउनु हो :

- अरुलाई चेला बनाउनु
- अरुलाई नेतृत्व दिनु
- अरुलाई सुधार गर्नु
- झुण्ड र समुदायमा खाँचोमा परेकाहरूलाई आर्थिक सहयोग गर्नु
- अरु चेलापन झुण्ड तयार गर्नु

# कथाको परिचय

**कथाको परिचय**
कसरी प्रार्थना गर्ने यसबारे येशूका चेलाहरूले उहाँलाई सोधे । जवाफमा येशूले निम्न दृष्टान्त भन्नुभयो ।

**कथा**
*"अनि उहाँले तिनीहरूलाई भन्नुभयो, "मानिलेओ, तिमीहरूमध्ये कसैको एक जना मित्र छ । तिनी मध्यरातमा उनीकहाँ गएर भन्दछन्, मित्र, मलाई तीनओटा रोटी पैँचो देऊ । किनकि मेरा एक जना साथी यात्राबाट मकहाँ आएका छन्, र तिनलाई खान दिन मसँग केही छैन ।' "उनले भित्रबाट जवाफ दिएर भन्छन्, मलाई नझिँज्याऊ । ढोका अब बन्द भइसकेको छ, र मेरो केटाकेटीहरू मसँग ओछ्यानमा छन् । म उठेर तपाईंलाई केही दिन सक्दिनँ । म तिमीहरूलाई भन्दछु, मित्रताको नाताले उनले उठेर तिनलाई केही नदेलान्, तर तिनले खुरन्धार मागिरहेकाले उठेर उनले खाँचो परे जति तिनलाई दिनेछन् । "म तिमीहरूलाई भन्दछु, माग त तिमीलाई दिइनेछ । खोज, त तिमीहरूले भेट्टाउनेछौ । ढकढक्याओ, त तिमीहरूका निम्ति खोलिनेछ । किनकि हरेक जसले माग्छ त्यसले पाउँछ, जसले खोज्छ त्यसले भेट्टाउँछ, र जसले ढकढक्याउँछ त्यसको निम्ति खोलिनेछ । "तिमीहरूमध्ये कुनचाहिँ बाबु होला, जसको छोराले रोटी माग्दा त्यसलाई ढुङ्गा देला, कि माछा माग्दा माछाको सट्टा सर्प देला ? अथवा अण्डा माग्दा त्यसलाई बिच्छी देला ? तिमीहरू दुष्ट भईकन आफ्ना छोराछोरीहरूलाई असल थोकहरू दिन जान्दछौ भने, तिमीहरूका स्वर्गीय पिताले उहाँसंग माग्नेहरूलाई कति बढ़ी गरेर पवित्र आत्मा दिनुहुन्छ ।" (लूका ११:५-१३)*

**कथा थाह गर्नुहोस् - माग्नु**

| पात्रहरू | कामहरू | विशेष विवरण |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |
| ५. | | |

**कथा बुझ्नु होस् - खोज्नु**

| पात्रहरू | कामहरू | विशेष विवरण |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |
| ५. | | |
| ६. | | |
| ७. | | |

**बाइबलीय सत्यता खोजतलास गर्नुहोस् - ढकढकाउनु**

| पात्रहरू | कामहरू | विशेष विवरण |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |

# फलदायी र गुणात्मक होऔं
# अध्ययनमालाको छुट्टै विशेषताहरू

## १. खोजतलास र आज्ञाकारीतामा आधारित

- यदि तपाईले **भन्नुभयो** भने, म **बिर्सनेछु**।
- यदि तपाईले **देखाउनुभयो** भने, म **सम्झनेछु**।
- यदि तपाईले **संलग्न** गराउनुभयो भने, म **बुझ्नेछु**।

*यसपछि प्रभुले अरु सत्तरी जनालाई नियुक्त गर्नुभयो, र आफू जान लाग्नुभएको हरेक शहर र गाउँमा आफूभन्दा अगाडि तिनीहरूलाई दुइ-दुइ गरी पठाउनुभयो। उहाँले तिनीहरूलाई भन्नुभयो, "फसल त प्रशस्त छ, तर खेतालाहरू थोरै छन्। यसकारण फसलका प्रभुलाई प्रार्थना गर, र उहाँले आफ्नो फसलमा खेतालाहरू पठाइदिऊन्। जाओ, हेर, म तिमीहरूलाई ब्वाँसाहरूका बीचमा भेडाका पाठाहरूझैं पठाउँछु।" उहाँले तिनीहरूलाई भन्नुभयो, "मैले शैतानलाई स्वर्गबाट बिजुलीझैं खसिरहेको देखें। मैले तिमीहरूलाई सर्पहरू र बिच्छीहरू कुल्चने र शत्रुको सारा शक्तिमाथि अधिकार दिएको छु, र कुनै कुराले तिमीहरूलाई हानि गर्नेछैन। तापनि दुष्टात्माहरू तिमीहरूको वशमा छन् भनेर रमाउने होइन, तर तिमीहरूका नाउँ स्वर्गमा लेखिएका छन् भनेर नै रमाओ।" (लूका १०: १-३, १८-२०)*

- यदि म **आज्ञाकारी** भएँ, **म हुनेछु**

*तर वचन पालन गर्ने होओ, र सुन्ने मात्र भएर आफैलाई धोका नदेऔं। कुनै मानिसले वचन सुन्छ तर पालन गर्दैन भने, त्यो एउटा यस्तो मानिस जस्तो हुन्छ, जसले आफ्नो अनुहार ऐनामा हेर्छ, किनकि त्यसले आफैलाई हेर्छ र गइहाल्छ, र त्यो आफै कस्तो थियो, त्यो तुरुन्तै बिर्सिहाल्छ। तर त्यो मानिस जसले स्वतन्त्रता दिने शुद्ध व्यवस्थालाई हेर्दछ र त्यसमा लागि रहन्छ, अनि सुनेर बिर्सिहाल्ने होइन तर काम गर्ने पनि हुन्छ, त्यसलेचाहिँ आफूले गरेको काममा आशिष् पाउनेछ। (याकूब १:२२-२५)*

# २. आज्ञाकारीतामा आधारित

## योचाहिँ अनुमति सम्बन्धमा हो ...

*"म तिमीहरूलाई भन्दछु, "माग त तिमीहरूलाई दिइनेछ । खोज, त तिमीहरूले भेट्टाउनेछौ । ढकढक्याओ, त तिमीहरूका निम्ति खोलिनेछ । किनकि हरेक जसले माग्छ त्यसले पाउँछ, जसले खोज्छ त्यसले भेट्टाउँछ, र जसले ढकढक्याउँछ त्यसको निम्ति खोलिनेछ । तिमीहरू दुष्ट भईकन आफ्ना छोरा-छोरीहरूलाई असल थोकहरू दिन जान्दछौ भने, तिमीहरूका स्वर्गीय पिताले उहाँसँग माग्नेहरूलाई कति बढी गरेर पवित्र आत्मा दिनुहुन्छ ।" (लूका ११:९-१०,१३)*

**बिचार** गर्न अनुमति :

- खीष्टलाई विश्वास गर्ने मानिसहरूले कसैले भनेका कुनै कुरा सहर्ष स्वीकार गर्ने मात्र होइन तर त्यसलाई बिचार गर्ने अनुमति पनि दिनुपर्छ ।

राम्रोसंग **बुझ्नको निम्ति प्रश्नहरू सोध्ने अनुमति :**

- यदि भनेको कुरो बुझ्न सकेन भने पनि खीष्टियान विश्वासीहरूलाई प्रश्नहरू सोध्ने अनुमति दिनुपर्छ।

**पवित्र आत्माबाट सुन्ने अनुमति :**

- खीष्टियान विश्वासीहरूलाई पवित्र आत्माबाट सुन्ने अनुमति प्रदान गर्नुपर्दछ किनकि परमेश्वरले उहाँलाई पछ्याउने हरेकलाई पवित्र आत्मा दिनुभएको छ ।

**खीष्टसंग व्यक्तिगत सम्बन्ध** कायम गर्ने अनुमति :

- खीष्टका विश्वासीहरूलाई **उहाँसंग व्यक्तिगत सम्बन्ध कायम गर्ने अनुमति दिनुपर्छ।** यो सम्बन्धचाहिँ अरु कुनै व्यक्तिमा भर पर्दैन।

**अरुसित बाँचुड गर्ने** अनुमति :

- धर्मशास्त्र बाइबलबाट सिकेका कुराहरू **अरूहरूलाई सिकाउन** खीष्टियान विश्वासीहरूलाई अनुमति दिनुपर्दछ।

## ३. बाइबलमा आधारित कथा

*"येशूले यी सबै कुरा मानिसहरूलाई दृष्टान्तमा भन्नुभयो। बिनादृष्टान्त उहाँले तिनीहरूलाई केही पनि भन्नुभएन। अगमवक्तद्वारा यसरी भनिएको वचन पूरा भयो, "म आफ्नो दृष्टान्तहरूमा खोल्नेछु, संसारको उत्पत्तिदेखि लुकाइ राखेका कुरा म जाहेर गर्दछु।" (मत्ती १३:३४-३५)*

- धर्मशास्त्रको प्रमुखतामा जोड दिनु।
- बाइबल कथाहरूमा सत्यताहरू लुकेको हुन्छन्।
- येशूले मानिसहरूलाई कथा भन्नुभएपछि प्रश्नहरू सोध्नुभयो।
- ७० प्रतिसत बाइबल कथाहरू वा दृष्टान्तहरूले भरिएका छन्। फलदायी र गुणात्मक होऔं अध्ययनमालाले धर्मशास्त्र बाइबलमा भएका सबै कुराहरूलाई महत्तव दिदँछ, र बाइबलमा भएको कथाहरूलाई प्रारम्भिक शिक्षण पद्धतिको रुपमा प्रयोग गर्दछ।
- कथाहरू सहजसंग सम्भना गर्न सकिन्छ र यो हुबहु अरूलाई भन्न सकिन्छ।

# खोजतलास बाइबल अध्ययन प्रक्रिया






**पाठको विषय :** *भूमिको तयारी*
जोहरूलाई चेलामा निर्माण गरिन्दैछ पाठको विषयले तिनीहरूको मन र हृदयको भूमिलाई तयार गर्दछ ताकि तिनीहरूले बाइबलबाट प्राप्त हुने सत्यतालाई स्वीकार गर्न सकोस् ।



**बाइबल कथा :** *बीउ छर्नु*
बाइबल कथाचाहिँ एउटा बीउ जस्तै हो, जो मानिसको हृदयमा रोपिन्छ त्यसपछि सत्यता र ज्ञानमा उम्रनेछ, टुसाउने छ र वृद्धि हुँदै जानेछ ।



**खोजतलास प्रक्रिया :** *मल-जल*
खोजतलास प्रक्रिया र प्रश्नहरूले चाहिँ बीउ अथवा परमेश्वरको वचनलाई मल-जल गर्ने काम गर्दछ र यसले बाइबलीय कथाको जीवन्तलाई अनुसरण गर्न सहायता गर्दछ ।



**थप धर्मशास्त्रको खण्डहरू :** *छाटँकाट*
धर्मशास्त्रको थप अध्ययनले झुटा सिद्धान्तहरूबाट बच्न सहयोग गर्दछ । ती झुटा सिद्धान्तहरूलेचाहिँ बाइबलीय कथाको विपरीत शिक्षा दिँदछ ।



**प्रयोगको निम्ति प्रश्नहरू र निष्कर्ष :** *फसलको कटनी*
प्रयोगमा सोधिएको प्रश्नहरू र निष्कर्षले व्यक्तिलाई बाइबलको प्रत्येक कथामा पाइएको सत्यतालाई आफ्नो जीवनमा प्रयोग गर्न सहायता गर्दछ ।



**अरुहरूलाई बाँड्नुहोस् :** *गुणात्मक*
तपाईले सुनेका बाइबलका कथाहरू अरुहरूलाई पनि बताउनुहोस् ।

# पाठको बनोट

## भाग १ - भूमि तयार गर्नु पाठको विषय

## भाग २ - बीउ छर्नु बाइबलको कथा

## भाग ३ - मल-जल गर्नु खोजतलास प्रक्रिया

**कथा थाहा गर्नुहोस्** - *सोध्नु*
को, कामहरू र विवरणहरू

- *यो कथामा कति जना पात्रहरू छन् ?*
- *ती पात्रहरूको भूमिका के के हुन् ?*
- *यो कथामा कुन विषय-वस्तुलाई स्पष्टसंग व्याख्या गरिएको छ ?*

**कथासित परिचित हुनुहोस् -** *खोज्नु*
भावनात्मक, अभिप्राय र छनोट

- *प्रत्येक पात्रले कस्तो प्रकारको भावना प्रकट गरेको छ ?*
- *प्रत्येक पात्रलाई के कुराले उत्तेजित गरी आफ्नो काम गर्न अभिप्रेरित गरेको छ ?*
- *तिनीहरूले कस्तो प्रकारको छनोटहरू रोज्न सक्थ्यो ?*

**बाइबलीय सत्यताको खोजतलास गर्नुहोस् -** *ढकढक्याउनु*
ठीक बाइबलीय विचार र कामहरू :

- *तपाईले यो कथामा भएको पात्रहरूको कामहरू, भावनात्मक कुराहरू र तिनीहरूको छनोटहरूबारे ध्यानपूर्वक विचार गर्दा के कुरो सिक्नु भयो ?*

## भाग ४- छाँटकाट थप धर्मशास्त्रको खण्डहरू

## भाग ५- फसलको कटनी प्रयोगको निम्ति प्रश्नहरू र निष्कर्ष

सम्पूर्ण पवित्रशास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो, र यो सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालीम दिनलाई लाभदायक हुन्छ, ताकि परमेश्वरको जन हरेक सुकर्ममा पूर्णरुपले सुसज्जित भई सिद्ध भएकोहोस् ।
(२ तिमोथी ३:१६-१७)

कथामा खोजतलास गरी प्राप्त गरेको ठीक बाइबलीय विचार र कामहरूको आधारमा निम्न प्रश्नहरूको उत्तर दिनुहोस् (शिक्षा)

- *के ममा गलत विचारहरू छ र के मैले गलत कामहरू गरिरहेको छु ? (हप्काई)*
- *मैले कसरी मेरो गलत विचार र गलत कामहरूलाई सुधार गर्न सक्छु ? (सुधार)*
- *मैले कसरी मेरो विवेक र कामहरूलाई स्वच्छ राख्न सक्छु ? (तालिम)*

## हामी दिइएका उपहारहरू हौं

*मानिसहरूले आफ्ना उपहारहरू कसरी प्रयोग गरिरहेका छन्*
*त्यसको लेखा परमेश्वरलाई दिनुपर्नेछ*

पाठ
पि-१

**पाठको विषय –** *भूमिको तयारी*
मानिसले परमेश्वरबाट जे-जति कुराहरू प्राप्त गरेका छन् ती सबै कुराहरूको निम्ति मानिस परमेश्वरप्रति उत्तरदायित्व छन् भनी बाइबलले भन्दछ ।

**धर्मशास्त्रको मुख्य खण्ड -** *"यसैले हामी हरेकले परमेश्वरलाई आफ्नो लेखा दिनेछौं ।" (रोमी १४: १२)*

**बाइबलको कथा -** *बीउ छर्नु*
***परिचयले कथालाई बुझ्न सहायता गर्दछ ।***
येशू आफ्ना चेलाहरूसित दृष्टान्तद्वारा बोलिरहनु भएको थियो । दृष्टान्तचाहिँ एउटा कथा हो र यसलाई सिद्धान्त प्रदर्शन गर्ने कुरामा प्रयोग गरिन्छ ।

**बाइबलको कथा**
***कथा शुरुआत यसरी हुन्छ ।***
*"किनकि योचाहिँ कुनै मानिस जस्तो हो, जसले परदेश जाँदा आफ्ना नोकरहरूलाई बोलाई आफ्नो धन-सम्पत्ति तिनीहरूलाई  जिम्मा दिए । तिनले हरेकलाई तिनीहरूका आ-आफ्नो योग्यताअनुसार एउटालाई पाँच सुनका सिक्का, अर्कालाई दुइ र अर्कालाई एक दिएर तिनी गइहाले । तब पाँच सुनका सिक्का पाउनेले तुरुन्तै गएर त्यो व्यापारमा लगाइकन अरू पाँच सिक्का कमायो । त्यसरी नै दुइ सिक्का पाउने पनि अरू दुइ कमायो । तर एक सिक्का पाउनेले चाहिँ गएर भूँईमा खनेर आफ्ना मालिकको धन लुकाइराख्यो । "धेरै दिनपछि ती नोकरहरूका मालिक आए, र तिनले तिनीहरूसंग हिसाब मागे । तब पाँच सुनका सिक्का पाउने नोकरले अरु पाँच सिक्का ल्याई अगाडि आएर यसो भन्यो, 'हजुर, तपाईले मलाई पाँच सिक्काको जिम्मा दिनुभएको थियो । हेर्नुहोस्, मैले अरू पाँच सिक्का कमाएको छु ।' मालिकले त्यसलाई भने, 'स्याबास, असल र विश्वासी नोकर⊠तँ थोरै कुरामा विश्वासी भइस्, अब म तँलाई धेरै कुराको जिम्मा दिनेछु । तँ आफ्ना मालिकको खुशीमा सहभागी हो ।' "दुइ सिक्का पाउनेले पनि आएर भन्यो, 'हजुर, तपाईले मलाई दुइ सिक्का दिनुभएको थियो । हेर्नुहोस, मैले अरू दुइ सिक्का कमाएको छु ।' "त्यसका मालिकले त्यसलाई भने, 'स्याबास, असल र विश्वासी नोकर, तँ थोरै कुरामा विश्वासी भइस्, अब म तँलाई धेरै कुराको जिम्मा दिनेछु । तँ आफ्ना मालिकको खुशीमा सहभागी हो ।'"एक सुनको सिक्का पाउनेले पनि आएर भन्यो, 'हजुर, नरोपेको जग्गाबाट कटनी गर्ने र ननिफनेको ठाउँबाट बटुल्ने तपाई कठोर मानिस हुनुहुन्छ भन्ने मलाई थाहा थियो । यसैले मलाई डर लाग्यो, र गएर तपाईको सिक्का मैले माटोमुनि लुकाई राखें । हेर्नुहोस्, यो तपाईको सिक्का लिनुहोस् ।' "त्यसका मालिकले त्यसलाई जवाफ दिए, 'दुष्ट, अल्छे नोकर, नरोपेको ठाउँमा कटनी गर्छु, र ननिफनेको ठाउँबाट बटुल्छु भनेर तैंले जानेको थिइस् भने, तैंले मेरो धन, साहूकहाँ राख्नुपर्ने थियो, र आएर मैले मेरो धन व्याजसमेत फिर्ता पाउने थिएँ । यसकारण त्यसबाट त्यो सिक्का खोस, र जससंग दश सिक्का छ त्यसलाई देओ, किनभने जससंग छ त्यसलाई अरू दिइनेछ, र त्यससंग प्रशस्त हुनेछ । तर जससंग छैन त्यससंग भएको पनि त्यसबाट खोसिनेछ । त्यस बेकम्मा नोकरलाई चाहिँ बाहिर अन्धकारमा फालिदेओ, जहाँ मानिसहरू रुनेछन् र दाह्रा किट्नेछन् ।' (मत्ती २५: १४-३०)*

**खोजतलास प्रक्रिया -** *मल-जल (पृष्ठ नं. ७ हेर्नोस्)*

**थप धर्मशास्त्रको खण्डहरू -***काटछाँट*
*(१ कोरिन्थी १०:३१, रोमी १२:३-८, फिलिप्पी ४:४-१९, एफिसी ४, प्रकाश २०:११-१५, २ कोरिन्थी ५:१०)*

**प्रयोगको निम्ति प्रश्नहरू -** *फसलको कटनी (२ तिमोथी ३:१६-१७, पृष्ठ ७ हेर्नोस्)*

**निष्कर्ष -** मानिसहरू संसारमा कसरी जिएका छन् ती सबै कुराको लेखा परमेश्वरलाई दिनुपर्छ भनी बाइबलले भन्दछ । जीवनचाहिँ परमेश्वरबाटको उपहार हो । हाम्रो जीवन उत्पादनशील भएको परमेश्वर चाहनुहुन्छ ।

# प्रेमिलो परमेश्वर

*अति मुख्य आज्ञा*

**पाठको विषय -** *भूमिको तयारी*
येशूले आफ्ना चेलाहरूलाई धेरै कुरो गर्नको निम्ति आज्ञा गर्नुभएको छ । येशूले सबै मानिसहरू उहाँको पछि पछ्याएर उहाँले आज्ञा गर्नुभए बमोजिम गरेको चाहनुहुन्छ । उहाँको चेलाहरूले गर्नुपर्ने मुख्य कुरोचाहिँ परमेश्वरलाई प्रेम गरी उहाँको वचन सुन्नु हो ।

**धर्मशास्त्रको मुख्य खण्ड -** *"शास्त्रीहरूमध्ये एकजना आए, र तिनीहरूलाई आपसमा विवाद गरिरहेका सुने । येशूले मानिसहरूलाई ठीक जवाफ दिनुभएको देखेर तिनले उहाँलाई सोधे, "सबै आज्ञाहरूमा मुख्यचाहिँ कुन हो ?" येशूले जवाफ दिनुभयो, "सबैभन्दा मुख्यचाहिँ यो हो 'हे इस्राएल सुन, परमप्रभु हाम्रा परमेश्वर एउटै परमप्रभु हुनुहुन्छ । तैंले परमप्रभु आफ्ना परमेश्वरलाई तेरो सारा हृदयले, तेरो सारा प्राणले, तेरो सारा समझले, र तेरा सारा शक्तिले प्रेम गर् ।' दोस्रोचाहिँ यो हो, 'तैंले आफ्नो छिमेकीलाई आफैलाई जस्तै प्रेम गर् ।' योभन्दा ठूलो आज्ञा अर्को छैन ।" (मर्कूस १२:२८-३१)*

**बाइबल कथा -** *बीउ छर्नु*
***परिचयले कथालाई बुझ्न सहायता गर्दछ ।***
येशू आफ्ना चेलाहरूसित हुनुहुन्थ्यो ।

***कथाको शुरुआत यसरी हुन्छ ।***
*उहाँहरू जाँदैगर्नुहुँदा उहाँ कुनै एउटा गाउँमा पस्नुभयो, र मार्था नाउँ भएकी एउटी स्त्रीले उहाँलाई आफ्नो घरमा स्वागत गरिन् । मरियम नाउँ भएकी तिनकी एउटी बहिनी थिइन् । तिनी येशूका पाउँनेर बसरे उहाँको वचन सुन्दथिन् । तर मार्था सेवा-सत्कारको धेरै काममा अल्झेकी थिइन् । तिनले येशूकहाँ आएर भनिन्, "प्रभुज्यू, मेरी बहिनीले सेवा-सत्कारको काममा मलाई एक्लै पारेकी छिन्, तपाई वास्ता राख्नुहुन्न ? त्यसलाई भनिदिनोस्, र त्यसले मलाई सघाओस् ।" तर येशूले जवाफ दिएर तिनलाई भन्नुभयो, "मार्था, मार्था, तिमी धेरै कुराका विषयमा चिन्ता गर्छ्यौ, र व्याकुल हुन्छ्यौ । तर आवश्यकता एउटै कुराको छ त्यही असल कुरा मरियमले छानेकी छे, जो उसबाट खोसिनेछैन ।" (लूका १०:३८-४२)*

**खोजतलास प्रक्रिया -** *मल-जल (पृष्ठ नं. ७ हेर्नोस्)*

**थप धर्मशास्त्रको खण्डहरू -***काटछाँट*
*(१ यूहन्ना ४, मत्ती २२:३६-३७, लूका ११:४२, याकूब १:१२, १ यूहन्ना २:४-५)*

**प्रयोगको निम्ति प्रश्नहरू -** *फसलको कटनी (२ तिमोथी ३:१६-१७, पृष्ठ ७ हेर्नोस्)*

**निष्कर्ष -** येशूले गर्नुभएको प्रमुख आज्ञाचाहिँ मानिसहरूले उहाँलाई प्रेम गरेर उहाँको वचन सुन्नु हो ।

## विश्वास योग्य भई
## परमेश्वरको वचन छर्नु

*एउटा जीवन जसले धेरै फलहरू उत्पादन गर्दछ*

पाठ
पि ३

**पाठको विषय -** *भूमिको तयारी*

बाइबल परमेश्वरको वचन हो । ख्रीष्टका अनुयायीहरूलाई परमेश्वरको वचन सुन्न र बुझ्न बोलाइएको छ । धेरै जना मानिसहरूले परमेश्वरको वचन सुन्छन् तर वचन अनुरुप जिउँदैनन् । सबै मानिसले वचन सुनेर त्यस अनुरुप जिउँनु भनी बाइबलले हामीलाई सिकाउँदछ । शैतानले चाहिँ मानिसलाई परमेश्वरको वचन जान्न र बुझ्न दिँदैन । दुष्टले मानिसको हृदयबाट परमेश्वरको वचन हरेर लैजान्छ । जब हामी परमेश्वरको वचन सुन्छौं र त्यसलाई पालन गर्छौं त्यसपछि मात्र हाम्रो जीवन फलदायी बन्दछ ।

**धर्मशास्त्रको मुख्य खण्ड -** *तपाईको वचन मेरो गोडाको निम्ति बत्ती, र मेरो बाटोको निम्ति उज्यालो हो । (भजनसंग्रह ११९: १०५)*

**बाइबल कथा -** *बीउ छर्नु*
***परिचयले कथालाई बुझ्न सहायता गर्दछ ।***
येशूले एउटा ठूलो भीड्लाई सम्बोधन गर्दै हुनुहुन्थ्यो । यहाँ भेला भएका मानिसहरूचाहिँ विभिन्न ठाउँहरूबाट आएका थिए ।

***कथाको शुरुआत यसरी हुन्छ ।***
*"एउटा बीउ छर्ने छर्नलाई निस्क्यो, र छर्दाहुँदि केही बाटोको छेउमा परे, र ती मानिसको खुट्टाले कुल्चिए, र आकाशका पक्षीले खाइहाले । अरू बीउ ढुङ्गेनी जमीनमा परे, र ती उम्रने बित्तिकै सुके, किनभने त्यो जमिन ओबानो थियो । कोही बीउ काँढाको झाँगमा परे, र तिनका साथमा काँढाको झाँग पनि बढेर आयो, र तिनलाई बढ्न दिएन । कतिचाहिँ असल जमीनमा परे, र उम्रेर सय गुणा फल फलाए ।" यत्ति भनेपछि उहाँले उच्च सोरले भन्नुभयो, "जसको सुन्ने कान छ, त्यसले सुनोस् ।" अब दृष्टान्त यो हो: बीउचाहिँ परमेश्वरको वचन हो । बाटोको छेउमा खसेको बीउ तिनीहरू हुन्, जसले सुन्छन् तर वचन सुनेर विश्वास नगरुन् र नबाँचून् भनी दियाबलसले आएर तिनीहरूका हृदयबाट वचन लगिहाल्छ । ढुङ्गेनी जमीनमा पर्नेचाहिँ तिनीहरू हुन्, जसले वचन सुनेर खुशीसाथ त्यो ग्रहण गर्छन् । तर तिनको जरा हुँदैन, र केही समयको लागि तिनीहरूले विश्वास गर्छन्, तर परिक्षाको समयमा तिनीहरूको पतन हुन्छ । काँढाहरूको बीचमा पर्नेचाहिँ तिनीहरू हुन्, जसले सुन्छन्, तर पछि यस जीवनका चिन्ता, धन, सुख-चैनमा परेर बढ्न पाउँदैनन्, र तिनका फल पाक्न पाउँदैनन् । तर असल जमीनमा पर्नेचाहिँ तिनीहरू हुन्, जसले वचन सुनेर निष्कपट र भला हृदयमा त्यसलाई जोगाइराख्छन्, र धैर्यसाथ फल फलाउँछन् ।*
*(लूका ८: ५-८, ८:११-२०)*

**खोजतलास प्रक्रिया -** *मल-जल (पृष्ठ नं. ७ हेर्नोस्)*

**थप अध्ययनको निम्ति धर्मशास्त्रको खण्डहरू -** *काटछाँट*
*(थप धर्मशास्त्रको खण्डहरू: यूहन्ना १०:२७, भजनसंग्रह ११९, यूहन्ना १५:१६, फिलिप्पी १:९-११, कलस्सी १: ९-१२, १ पत्रुस ५:८)*

**प्रयोगको निम्ति प्रश्नहरू -** *फसलको कटनी (२ तिमोथी ३:१६-१७, पृष्ठ ७ हेर्नोस्)*

**निष्कर्ष -** जब मानिसहरूले परमेश्वरको वचन सुनेर त्यस अनुरुप जीवन जिउँछ तब मानिसको जीवनमा असल फलहरू देखा पर्छ । ख्रीष्टका अनुयायीहरूले आफ्नो हृदयबाट परमेश्वरको वचनहरू शैतानले हरेर लैजान दिनुहुँदैन साथै तिनीहरू संसारदेखि टाढो रहेर परमेश्वरको वचनलाई संरक्षण गर्नुपर्दछ ।

## भाग ४ : चेलापन भ्रुण्डको सञ्चालन

### स्तुती प्रशंसा र प्रार्थना

- परमेश्वरको उपस्थिति रहोस् भनी सामूहिक प्रार्थना र स्तुती प्रशंसाको समयमा परमेश्वरसित प्रार्थना गर्नुहोस् ।
- स्तुती प्रशंसापछि परमेश्वरलाई दिनुपर्ने धन्यवाद र गवाहीको निम्ति समय छुट्याउनुहोस् ।

### खोजतलास पाठ र प्रयोग

**भाग १ - पाठको विषय**

- पाठको विषय र धर्मशास्त्रको मुख्य खण्डबारे भ्रुण्डलाई जानकारी दिनुहोस् ।

**भाग २ - बाइबल कथा**

- भ्रुण्डमा कथाको परिचयसंगै कथा भन्नुहोस् ।

**भाग ३ - खोजतलास प्रक्रिया**

- कथा थाहा गर्नुहोस्
- कथा बुभ्नुहोस्
- कथामा बाइबलीय सत्यताको खोजी गर्नुहोस् ।

**भाग ४ - थप अध्ययनको निम्ति धर्मशास्त्रको खण्डहरू**

- खोजतलास गरी प्राप्त भएको ठीक बाइबलीय विचार र कामहरू चिन्तन गर्नुहोस् । भ्रुण्डका सदस्यहरूले साँचो तौरले बाइबलीय सत्यताको खोजतलास गरेका हुन् भनी भ्रुण्डका अगुवा निश्चित हुनुपर्दछ ।

**भाग ५ - प्रयोग र निष्कर्ष**

कथाबाट खोजतलास गरी प्राप्त भएको ठीक बाइबलीय विचार र कामहरूको आधारमा निम्न प्रश्नहरूको उत्तर दिनुहोस् (शिक्षा)

- के मैले गलत सोचाई र बेठीक कामहरू गरिरहेको छु ? (हप्काई)
- मैले आफ्ना गलत सोचाइ र बेठीक कामहरूलाई कसरी सुधार गर्न सक्छु (सुधार)
- मैले आफ्ना विवेकलाई स्वच्छ राख्दै असल कामहरू कसरी गरिरहन सक्छु ? (तालिम)

यी माथिका कुराहरू छलफल गरिसकेपछि बाइबलीय सत्यतालाई कसरी व्यक्तिगत जीवनमा प्रयोग गर्ने ? यस बारे पाठको निष्कर्ष पढेर सुनाउनुहोस् ।

### समुदायमा बसोबास

**ख्रीष्टमा बढ्नु**

- गत दिन बाइबल कथाबाट प्राप्त गरेको बाइबलीय शिक्षालाई कसरी प्रयोग गर्नुभयो ? भ्रुण्डलाई सोध्नुहोस् ।

**अरुलाई सत्य कुरो बाँड्नु**

- गत दिन बाइबल कथाबाट प्राप्त गरेको शिक्षाहरू कति जनालाई बाँड्नुभयो ? भ्रुण्डलाई सोध्नुहोस् । तपाईहरूमध्ये कति जना आज सुनेको कथा अरूलाई सुनाउन चाहनुहुन्छ ? भ्रुण्डलाई सोध्नुहोस् ।

**खाँचोमा परेकालाई वास्ता गर्नु**

- गत दिन हामीले हाम्रो भ्रुण्ड र समुदायको निम्ति प्रार्थना गरेका थियौं, तपाईहरूमध्ये कति जनाले प्रार्थनाको उत्तर प्राप्त गर्नुभयो ? भ्रुण्डलाई सोध्नुहोस् ।
- भ्रुण्डको निम्ति वा समुदायको निम्ति प्रार्थना गर्नु पर्ने कुनै विषय छ कि ? भ्रुण्डलाई सोध्नुहोस् ।
- हामीले हाम्रो खाँचोहरू वा समस्याहरूलाई कसरी समाधान गर्ने ? भ्रुण्डलाई सोध्नुहोस् ।

# अध्ययनमाला सार

फलदायी र गुणात्मक होऔं पाठ्य सामग्रीको ५२ ओटा पाठहरूलाई अध्ययनमाला सार भनिन्छ। फलदायी र गुणात्मक होऔं पाठ्य सामग्रीलाई चार भागमा विभाजन गरिएको छ, प्रत्येक भागमा १३ ओटा पाठहरू समावेश गरिएको छ र यी चारओटा भागहरूलाई एक वर्षमा समाप्त गर्न सकिन्छ। यो अध्ययनमालाको सारालाई एउटा घरको बनोटसित तुलना गरिएको छ। एउटा सिंगो घरको विभिन्न भागहरू भएजस्तै यी चार ओटा अध्ययनमालाहरू आ-आफ्नै नामहरू छन्। ती नामहरू यसप्रकार छन् : कुनेढुङ्गो, जग, पर्खाल र छानो। यी चारैओटा भागहरूको व्याख्या यसप्रकारले गरिएको छ :



**१. कुनेढुंङ्गो अध्ययनमाला** - *मिलाप गराइएको सम्बन्ध*
कुनेढुङ्गो अध्ययनमालामा मिलापबारे कथाहरू समावेश गरिएको छ। परमेश्वरले कसरी सबै कुराहरू सृष्टि गर्नुभयो भन्ने विषयबाट कुनेढुंङ्गोको पाठ शुरुआत भएको छ। यो पाठले बाइबलीय सत्यतालाई बुझ्न सहयोग गर्दछ। मानिसचाहिँ अरू सृष्टि भन्दा फरक किसिमले सृष्टि गरिएको थियो भनी दोस्रो पाठले सिकाउँदछ। परमेश्वरसंग एउटा विशेष सम्बन्ध कायम राख्न उहाँले हामीलाई सृष्टि गर्नुभएको हो। शैतानले मानव जातिलाई कसरी धोका दिए यसबारे तेस्रो र चौथो पाठले सिकाउँछ। सबभन्दा पहिले मानिसले परमेश्वरको आज्ञा उलंङ्घन गरेको कारण मानिस र परमेश्वर बीचको सम्बन्ध तोडियो। मानिस जातिप्रति परमेश्वरको उद्धारको महान योजना र मिलापबारे रहल पाठहरूले शिक्षा दिँदछ।



**२. जग अध्ययनमाला** - *खीष्टमा रहनु*
यो अध्ययनमालाले खीष्टले गर्नुभएको आज्ञाहरू पालनबारे महत्त्वपूर्ण विषयलाई समेट्दछ। येशूले भन्नुभयो, "यसकारण जसले मेरा यी वचन सुन्छ र पालन गर्छ, म एउटा बुद्धिमान मानिससंग त्यसको तुलना गर्छु, जसले आफ्नो घर चट्टानमाथि बनायो (मत्ती ७:२४)। आज्ञाकारी जीवन शैलीलाई बाइबलीय जगमा कसरी स्थापित गर्ने यसबारे जग अध्ययनमालाले सिकाउँदछ।



**३. पर्खाल अध्ययनमाला** - *प्रशस्तको जीवन*
घरको पर्खाललाई मानिसहरूले नियालेर हेर्ने गर्दछ। ठीक यसरी नै खीष्टियान परिवारलाई पनि हेर्ने गर्दछ। खीष्टियान परिवारले पृथ्वीमा परमेश्वरको प्रतिनिधित्व गर्दछ। यो अध्ययनमालाले पृथ्वीमा खीष्टियान परिवारको मुख्य उद्देश्यहरूबारे व्याख्या गर्दछ। ती मुख्य उद्देश्यहरू यसप्रकार छन् : खीष्टलाई पछ्याउनु, मानिसहरूलाई सुसमाचार सुनाउनु, मानिस र परमेश्वर बीचको संगति र परमेश्वरको परिवारलाई खुवाउनु।



**४. छानो अध्ययनमाला** - *आवश्यक सत्य*
यो अन्तिम अध्ययनमालाले खीष्टियान विश्वासको मुख्य सत्यताबारे शिक्षा दिँदछ। घाम-पानीबाट बाँच्नको निम्ति छानोको प्रयोग गरिन्छ। खीष्टियान विश्वासको बाइबलीय सत्यतालाई सिकाउँदै विश्वासीहरूलाई झुटो शिक्षाहरूबाट बचाउँनलाई यो छानो अध्ययनमाला तयार गरिएको हो।




परिणामस्वरुप, अब तिमीहरू विदेशी र प्रवासी होइनौं, तर सन्तहरूसँग तिमीहरू सङ्गी-नागरिक र परमेश्वरको परिवारका सदस्यहरू भएका छौं। त्यो घराना प्रेरितहरू र अगमवक्ताहरूको जगमाथि बसालेर निमार्ण भएको छ, र खीष्ट येशू आफैचाहिँ मुख्य कुने-ढुङ्गो हुनुहुन्छ। उहाँमा पूरै घर ठीकसँग एकैसाथ जोडिएर पभुमा एउटै पवित्र मन्दिर हुनलाई बढ्दै जान्छ। अनि पवित्र आत्मामा परमेश्वरको वासस्थान हुनलाई तिमीहरू पनि उहाँमा एकसाथ निर्माण हुँदैजान्छौं। (एफिसी २:१९-२२)

# फलदायी र गुणात्मक होऔं

www.iBFAM.org



# मिलाप गराइएको सम्बन्ध

## अध्ययनमाला १ कुनेढुङ्गो (The Cornerstone)

*"किनकि उहाँको आफ्नो सारा पूर्णता ख्रीष्टमा वास गरेकोमा परमेश्वर प्रसन्न हुनुभयो, र परमेश्वरले उहाँका क्रूसको रगतद्वारा शान्ति गराएर पृथ्वीको होस् वा स्वर्गको होस्, उहाँद्वारा नै सबै थोकलाई आफूसंग मिलापमा ल्याउनुभयो ।" (कलस्सी १:१९-२०)*

## सूची

पाठहरू :

१-१ परमेश्‍वर स्वर्ग र पृथ्वीका सृष्टिकर्ता हुनुहुन्छ ........................................................पृष्ठ ०३
*उहाँले सबै थोकहरू बनाउनुभयो*

१-२ मानिसको विशेष सृष्टि ..........................................................................................पृष्ठ ०४
*परमेश्‍वर र एक अर्कोमा विशेष सम्बन्ध रहोस् भनी सृष्टि गरिएका हुन्*

१-३ धोकेबाज शैतान ..................................................................................................पृष्ठ ०५
*त्यो चोर्न, हत्या गर्न र नाश गर्न आए*

१-४ आदम र हव्वाले परमेश्‍वरको आज्ञा उल्लङ्घन गरे ...................................... .............पृष्ठ ०६
*अहिले हामीले श्रापित जीवन जिइरहेका छौं*

१-५ चुनिएको परिवार ..................................................................................................पृष्ठ ०७
*अब्राहामसंग परमेश्‍वरको विशेष सम्बन्ध*

१-६ परमेश्‍वरले अब्राहामलाई जाँच गर्नुहुन्छ ...........................................................................पृष्ठ ०८
*अब्राहाम परमेश्‍वरप्रति आज्ञाकारी हुँदछ*

१-७ मृत्युपछि जीवन हुनेछ ..........................................................................................पृष्ठ ०९
*मृत्युपछि जीवन स्वर्ग वा नर्क कुनै एकमा हुनेछ .*

१-८ येशू ख्रीष्ट ...........................................................................................................पृष्ठ १०
*पूर्णरुपले परमेश्‍वर पूर्णरुपले मानिस*

१-९ मानव जातिको मिलापको निम्ति परमेश्‍वरको योजना ..................................................पृष्ठ ११
*पापको दण्ड भोगाई र सम्बन्ध पुनः स्थापना*

१-१० येशूले मृत्युमाथि विजय हासिल गर्नुभयो .................................................................पृष्ठ १२
*उहाँको पुनरुत्थानले उहाँ को हुनुहुन्छ भनी प्रमाणित गर्दछ*

१-११ जीवन प्राप्त गर्न मैले के गर्नुपर्छ .........................................................................पृष्ठ १३
*विश्‍वास*

१-१२ हामीले परमेश्‍वरको प्रेमलाई कसरी प्रतिक्रिया जनाउने ...............................................पृष्ठ १४
*पश्‍चताप*

१-१३ म येशूको मित्र हुँ .............................................................................................पृष्ठ १५
*उहाँको आज्ञाहरू पालन गरेरनै म उहाँको प्रेममा रहन्छु ।*

पाठ
१-१

# परमेश्वर स्वर्ग र पृथ्वीका सृष्टिकर्ता हुनुहुन्छ

*उहाँले सबै थोकहरू बनाउनुभयो*

**पाठको सार -** *भूमिको तयारी*
परमेश्वरले सबै कुराहरू थाहा गर्नुहुन्छ, उहाँ सर्वशक्तिमान हुनुहुन्छ, र उहाँले शुन्यबाट सबै कुराहरू सृष्टि गर्नुभयो । सबै थोकहरू परमेश्वरको आज्ञाद्वारा बनिए । परमेश्वरले सबै कुराहरू सिद्ध बनाउनुभयो । किनकि उहाँ पूर्णरुपले सिद्ध हुनुहुन्छ ।

**धर्मशास्त्रको मुख्य खण्ड -** *"उहाँले पृथ्वीलाई आफ्नो सामर्थ्यले सृजनुभयो । उहाँले आफ्नो बुद्धिले संसारलाई स्थापित गर्नुभयो, आफ्नो समझशक्तिले उहाँले आकाशलाई फैलाउनुभयो ।" (यर्मिया ५१: १५)*

**बाइबलको कथा -** *बीउ छर्नु*
***कथाको परिचयले कथालाई बुझ्न सहायता गर्दछ ।***
सबै थोकहरू भन्दा पहिले परमेश्वर हुनुहुन्थ्यो । ६ दिनहरूभित्र परमेश्वरले पृथ्वीमा भएका सम्पूर्ण थोकहरू सृष्टि गर्नुभयो भनी बाइबलले भन्दछ । पाँचौं दिनमा परमेश्वरले ज्योति, घाम, जुन, ताराहरू आकाश, पानी अनि भूमि सृष्टि गर्नुभयो, जस्तै वनस्पति, पृथ्वीमा र समुन्द्रमा पाइने सबै प्रकारका प्राणीहरू, आकाशमाथि उड्ने विभिन्न चराचुरुङ्गी र तिनीहरूले आफ्ना सन्तान वृद्धि गर्न सक्ने शक्ति पनि प्रदान गर्नुभयो । परमेश्वरले आफूले सृष्टि गर्नुभएको सारा सृष्टि हेर्नु भएपछि "यो असल छ,, भनी घोषणा गर्नुभयो । हाम्रो कथाचाहिँ छैटौं दिनबाट सुरुआत हुँदछ ।

***बाइबलको कथाको सुरुआत यसरी हुन्छ ।***
*अनि परमेश्वरले भन्नुभयो, "पृथ्वीले जात-जातका जीवित प्राणीहरू, अर्थात् जात-जातका पालिने पशुहरू, घस्रने जन्तुहरू र जात-जातका वन-पशुहरू उत्पन्न गरोस् । तब त्यस्तै भयो । परमेश्वरले पृथ्वीका जात-जातका वन-पशुहरू, जात-जातका पालिने पशुहरू र पृथ्वीमा घस्रने जात-जातका जन्तुहरू बनाउनुभयो । र परमेश्वरले हेर्नुभयो, त्यो असल थियो । फेरि परमेश्वरले भन्नुभयो, "मानिसलाई आफ्नै स्वरुपमा, हाम्रै प्रतिरुपमा बनाऔं । तिनीहरूले समुन्द्रका माछाहरू, आकाशका पक्षीहरू, पालिने पशुहरू र जमीनमा चलहल गर्ने सबै जन्तुहरूमाथि अधिकार गरून् । "यसैकारण परमेश्वरले मानिसलाई आफ्नै स्वरुपमा सृष्टि गर्नुभयो । परमेश्वरकै प्रतिरुपमा उहाँले तिनलाई सृष्टि गर्नुभयो । नर र नारी नै गरी उहाँले तिनीहरूलाई सृष्टि गर्नुभयो । परमेश्वरले तिनीहरूलाई आशिष् दिनुभयो, र तिनीहरूलाई भन्नुभयो, "फल्दै-फुल्दै, वृद्धि हुँदै, पृथ्वीमा भरिन्दै र त्यसलाई आफ्नो वशमा पार्दैजाओ । समुद्रका माछाहरू, आकाशका पक्षीहरू तथा पृथ्वीका सबै जीवित प्राणीहरूमाथि अधिकार गर ।" (उत्पत्ति १:२४-२८)*

**खोजतलास प्रक्रिया -** *मल र जल (पृष्ठ न. ७ मा हेर्नुहोस्)*

**थप अध्ययनको निम्ति धर्मशास्त्रको खण्डहरू -** *काटछाँट*
*कलस्सी १:१६, प्रकाश ४:११, भजनसंग्रह ३३:६-९, यशैया ४०: २१-२८, हिब्रू ११: ३)*

**प्रयोगको निम्ति प्रश्नहरू -** *फसल कटनी (२ तिमोथी ३:१६-१७, पृष्ठ न. ७ मा हेर्नुहोस्)*

**निष्कर्ष -** पृथ्वी र यसभित्र भएका यावत थोकहरू आकस्मिक घटनावंश भएको थिएन । यी सबै कुराहरूको एक मात्र सृष्टिकर्ता हुनुहुन्छ, उहाँ परमेश्वर हुनुहुन्छ । उहाँले सृष्टि गर्नु भएका सारा सृष्टि सिद्ध छ ।

# मानिसको विशेष सृष्टि

*परमेश्वर र एकअर्कोमा विशेष सम्बन्ध रहोस् भनी सृष्टि गरिएका हुन्*

**पाठको सार** - *भूमिको तयारी*
परमेश्वरले मानिसलाई पशु-पक्षीहरू भन्दा भिन्नै किसिमले सृष्टि गर्नुभयो । मानिसले परमेश्वरको स्वभावलाई प्रतिविम्बित गरोस् भनी सृष्टि गरिएको थियो । मानिसले परमेश्वरसित एउटा विशेष सम्बन्ध राख्न सकोस् भनी उहाँले सृष्टि गर्नुभयो । परमेश्वरले मानिसको निम्ति एउटा सहयोगी पनि बनाउनुभयो ।

**धर्मशास्त्रको मुख्य खण्ड** - *"म तपाईको प्रशंसा गर्छु, किनकि म भयानक र अद्‍भुत रीतिले बनाइएको छु ...। भजनसंग्रह १३९:१४)*

**बाइबलको कथा** - *बीउ छर्नु*
***कथाको परिचयले कथालाई बुझ्न सहायता गर्दछ ।***
परमेश्वरले स्वर्ग र पृथ्वी सृष्टि गर्नुभयो र यसभित्र भएका सारा सृष्टि "असल" थियो भनी परमेश्वरले घोषणा गर्नुभयो भनी बाइबलले भन्दछ ।

***बाइबलको कथाको सुरुआत यसरी हुन्छ ।***
*तब परमप्रभु परमेश्वरले भूमिको माटोबाट मानिस बनाउनुभयो, र तिनको नाकमा जीवनको सास फुकिदिनुभयो, र मानिस जीवित प्राणी भए । फेरी परमप्रभु परमेश्वरले भन्नुभयो, "मानिस एक्लो रहन असल छैन । म त्यसको निम्ति त्यसलाई सुहाउने एउटा सहयोगी बनाउनेछु । "परमप्रभुले सबै वन पशु र आकाशका सबै पक्षीलाई भूमिबाट बनाएर मानिसले तिनीहरूको के-के नाउँ राख्दो रहेछ भनी हेर्न तिनीहरूलाई मानिसकहाँ ल्याउनुभयो । र मानिसले हरे क प्राणीलाई जे-जे नाउँ दिए त्यही-त्यही नै त्यसको नाउँ भयो । अनि मानिसले नै सबै पालिने पशु, आकाशका पक्षी र सबै वन पशुहरूका नाउँ राखे । तर आदमको निम्ति तिनलाई सुहाउँदो कोही सहयोगी पाइएन । यसैकारण परमप्रभु परमेश्वरले मानिसलाई मस्त निद्रामा पार्नुभयो, र तिनी निदाएको बेलामा तिनका करङहरूमध्येको एउटा निकालेर त्यसको ठाउँमा मासु भरिदिनुभयो । जुन करङ परमप्रभु परमेश्वरले मानिसबाट निकाल्नुभएको थियो, त्यसबाट एउटी स्त्री बनाएर मानिसकहाँ ल्याउनुभयो । मानिसले भने "यो त मेरै हाड़को हाड़ र मासुको मासु हो । तिनलाई स्त्री भनिने छ । किनभने तिनी पुरुषबाट निकालिएकी थिइन् ।" (उत्पति २:७, १८-२३)*

**खोजतलास प्रक्रिया** - *मल र जल (पृष्ठ नं. ७ मा हेर्नुहोस्)*

**थप अध्ययनको निम्ति धर्मशास्त्रको खण्डहरू** - *काटछाँट*
*(भजनसंग्रह २४:१, भजनसंग्रह १००:३, भजनसंग्रह १३९: १३-१६, एफिसी ५:२८, ३१; रोमी ८: ३८-३९)*

**प्रयोगको निम्ति प्रश्नहरू** - *फसल कटनी (२ तिमोथी ३:१६-१७, पृष्ठ नं. ७ मा हेर्नुहोस्)*

**निष्कर्ष** - परमेश्वरले पुरुष र स्त्रीलाई विशेष किसिमले बनाउनुभयो । तिनीहरू समान छन् । तिनीहरू एक-अर्कामा सम्बन्ध बनिरहोस् भनी सृष्टि गरिएका हुन् । तिनीहरू परमेश्वरसंग पनि सम्बन्ध राखी जीवन यापन गर्न सृष्टि गरिएको हुन् ।

# धोकेवाज शैतान

*त्यो चोर्न, मार्न र नाश गर्न आए*

**पाठको सार -** *भूमिको तयारी*
दुष्ट विध्यमान छन् । शैतानचाहिँ दुष्ट हो । शैतानले परमेश्वरलाई मन पराउँदैनन् । शैतानले परमेश्वरको सृष्टिलाई हेर्न चाहदैनन् । किनकि शैतानले परमेश्वरको सिद्ध सृष्टिलाई इन्कार गर्दछन् । मानव जाति र परमेश्वर बीचको सुमधुर सम्बन्धलाई नाश गर्न शैतानचाहिँ सर्पको रुप लिई पृथ्वीमा आए ।

**धर्मशास्त्रको मुख्य खण्ड :** *"चोर त चोर्न, मार्न र नाश पार्न मात्र आउँछ । म त तिनीहरूले जीवन पाऊन्, र त्यो प्रशस्त मात्रामा पाऊन् भन्ने हेतुले आएँ ।" (यूहन्ना १०:१०)*

**बाइबलको कथा -** *बीउ छर्नु*
***कथाको परिचयले कथा बुझ्न सहयोग गर्दछ ।***
परमेश्वरले पुरुष र स्त्रीलाई एउटा सुन्दर बगैंचामा राख्नु भयो । एउटा रुखको फल बाहेक सबै रुखका फलहरू खान सक्छन् भनी परमेश्वरले मानिसलाई भन्नुभयो । परमेश्वरले भन्नुभयो, "बगैंचाका सबै रुखका फल तैले संङ्कोच नमानी खाएहुन्छ, तर असल र खराबको ज्ञान दिने रुखको फलचाहिँ नखानू, किनभने जुन दिन तैंले त्यो खान्छन् तँ निश्चय नै मर्नेछस् ।" एक दिन शैतान सर्पको रुप धारण गरी स्त्री कहाँ आएर तिनलाई धोका दिए ।

***बाइबलको कथाको सुरुआत यसरी हुन्छ ।***
*परमप्रभु परमेश्वरले बनाउनुभएका वन्य पशुहरूमध्ये सर्प सबभन्दा धूर्त थियो । त्यसले स्त्रीलाई भन्यो, "के परमेश्वरले तिमीहरूलाई बगैंचाको कुनै पनि रूखको फल नखानू भनी भन्नुभएको छ ?" स्त्रीले सर्पलाई भनिन्, "बगैंचाका रूखहरूका फल हामी खान सक्छौं, तर बगैंचाको बीचमा भएको रूखका फलको विषयमा परमेश्वरले भन्नुभएको छ, 'त्योचाहिँ नखानू र नछुनू, नत्रता तिमीहरू मर्छौ ।" सर्पले स्त्रीलाई भन्यो, "तिमीहरू मर्दैनौ । किनकि परमेश्वर जान्नुहुन्छ कि जुन दिन तिमीहरू त्यो खान्छौ त्यही दिन तिमीहरूका आँखा खुल्नेछन्, र असल र खराबको ज्ञान पाएर तिमीहरू परमेश्वरजस्तै हुनेछौ ।" जब स्त्रीले त्यस रूखको फल खानलाई असल र हेर्नमा रहरलाग्दो, र बुद्धि पाउनलाई त्यस रूखको चाह गर्नुपर्ने रहेछ भनी देखिन्, तब तिनले त्यस रूखको फल टिपेर खाइन्, र आफ्नो पतिलाई पनि दिइन्, र उनले पनि खाए । अनि परमप्रभु परमेश्वरले स्त्रीलाई भन्नुभयो, "तैंले यो के गरिस् ।" स्त्रीले भनिन्, "सर्पले मलाई छल गर्‍यो, र मैले त्यो खाएँ ।" तब परमेश्वरले सर्पलाई भन्नुभयो, "तैंले यसो गरेको हुनाले, " तँ सबै पालिने पशुहरूभन्दा ज्यादा श्रापित हुनेछस् । पेटद्वारा तँ हिँड्नेछस् र तेरो जीवनभरि तैंले माटो खानेछस् तेरो र स्त्रीको बीचमा, र तेरो सन्तान र स्त्रीको सन्तानको बीचमा म दुश्मनी हालिदिनेछु । त्यसले तेरो शिर कुच्च्याउनेछ, र तैंले त्यसको कुर्कुच्चा डस्नेछस् ।" (उत्पत्ति ३:१-६,१३-१५)*

**खोजतलास प्रक्रिया -** *मल र जल (पेज नं. ७ मा हेर्नुहोस्)*

**थप अध्ययनको निम्ति धर्मशास्त्रको खण्डहरू -** *काटछाँट*
*(मर्कूस १:९-१३, २ थिस्सलोनिकी २:८-१०, प्रकाश १२:९, १ पत्रुस ५:८)*

**प्रयोगको निम्ति प्रश्नहरू -** *फसलको कटनी (२ तिमोथी ३:१६-१७; पृष्ठ नं. ७ मा हेर्नुहोस्)*

**निष्कर्ष -** शैतानको दुष्ट विचारको कारण तिनले परमेश्वर र परमेश्वरको योजनाको प्रतिरोध गरे । शैतान पृथ्वीमा क्रियाशील भएर हव्वालाई परिक्षामा पार्न सफल भएपछि आफ्ना काम शुरुआत गरे । शैतानले हव्वालाई परमेश्वरको आज्ञा उल्लङ्घन गर्न धोका दिए । शैतानले मानव जातिलाई र परमेश्वरसित तिनीहरूको विशेष सम्बन्धलाई घृणा गर्दछ ।

# आदम र हव्वाले परमेश्वरको आज्ञा उल्लङ्घन गरे

*अहिले हामीले श्रापित जीवन जिइरहेका छौं*

**पाठको सार -** *भूमिको तयारी*
शैतान आएर आदम र हव्वालाई परमेश्वरप्रति अनाज्ञाकारी हुनको निम्ति धोका दिए। परमेश्वरको आज्ञा उल्लङ्घन गर्नु नै पाप हो। परमेश्वरले पापको दण्ड दिनुहुन्छ। आदम र हव्वाले पाप गरेको कारण तिनीहरूको परमेश्वरसितको सम्बन्ध बिग्रिएको थियो। पापको परिणामहरूचाहिँ दर्द-वेदना, कष्ट र मृत्यु हो।

**धर्मशास्त्रको मुख्य खण्ड -** *"एउटा मानिसद्वारा संसारमा पाप आयो, र पापबाट मृत्यु। यसरी सबै मानिसले पाप गरेका हुनाले सबै मानिसमा मृत्यु फैलियो।" (रोमी ५:१२)*

**बाइबल कथा -** *बीउ छर्नु*
***कथाको परिचयले कथालाई बुझ्न सहायता गर्दछ।***
परमेश्वरले सृष्टि गर्नुभएको पहिलो पुरुष र स्त्रीलाई आदम र हव्वा भनियो। यो कथामा व्याख्या गरिएको रुखले चाहिँ असल र खराब ज्ञान दिँदछ। यो रुख बाहेक अरू रुखका फलहरू खान सक्छन् भनी परमेश्वरले भन्नुभयो।

***बाइबलको कथाको सुरुआत यसरी हुन्छ।***
*जब स्त्रीले त्यस रुखको फल खानलाई असल र हेर्नमा रहरलाग्दो, र बुद्धि पाउनलाई त्यस रुखको चाह गर्नुपर्ने रहेछ भनी देखिन्, तब तिनले त्यस रुखको फल टिपेर खाइन्, र आफ्ना पतिलाई पनि दिइन्, र उनले पनि खाए। अनि दुवैका आँखा खुले, र "नाङ्गै पो रहेछौं" भनी तिनीहरूले थाहा पाए। अनि अञ्जीरका पातहरू गाँसेर आफ्ना निम्ति तिनीहरूले वस्त्र बनाए। अनि साँझपख परमप्रभु परमेश्वर बगैंचामा डुल्दैहुनुहुँदा तिनीहरूले उहाँको सोर सुने, र मानिस र तिनकी पत्नी बगैंचाका रुखहरूका बीचमा परमप्रभु परमेश्वरको नजरबाट लुके। तर परमप्रभु परमेश्वरले मानिसलाई बोलाउनुभयो, तँ कहाँ छस्।" उनले भने, "मैले तपाईको सोर बगैंचामा सुनें र म डराएँ किनभने म नाङ्गै थिएँ र म लुकें।" उहाँले सोध्नुभयो, "तँ नाङ्गै छस् भनेर कसले भन्यो ? जुन रुखको फल नखानू भनी मैले तँलाई आज्ञा दिएको थिएँ के तैंले त्यो खाइस् ?" मानिसले भने, "जुन स्त्री तपाईले मलाई मसँगै रहन भनी दिनुभएको थियो, त्यसले मलाई त्यो रुखको फल दिई र मैले खाएँ।" अनि परमप्रभु परमेश्वरले स्त्रीलाई भन्नुभयो, "तैंले यो के गरिस् ।" स्त्रीले भनिन्, "सर्पले मलाई छल गऱ्यो, र मैले त्यो खाएँ" स्त्रीलाई उहाँले भन्नुभयो, "तेरो सुत्केरी-वेदना म ज्यादै गरी बढाइदिनेछु। दुःखसँग तैंले बालक जन्माउनेछस्। तेरो इच्छा पति तर्फ नै हुनेछ, र त्यसले तँलाई अधीनमा राख्नेछ।" त्यसपछि आदमलाई उहाँले भन्नुभयो, "तैंले तेरो स्वास्नीको कुरा सुनेर मैले नखानू भनेको रुखको फल खाएको हुनाले, "भूमि तेरो कारण श्रापित भएको छ, तेरो जीवनभरि दुःखसँग त्यसको उब्जनी तैंले खानेछस्। त्यसले तेरो निम्ति काँढा र सिउँडीहरू उमार्नेछ, र तैंले खेतको सागपात खानेछस्। माटोमा नफर्कुञ्जेल तेरो निधारको पसिनाले कमाएको भोजन तैंले खानेछस्। किनकि माटैबाट तँ निकालिएको थिइस्। तँ माटै होस् र माटैमा फर्किजानेछस्। (उत्पत्ति ३:६-१३, १६-१९)*

**खोजतलास प्रक्रिया -** *मल र जल (पृष्ठ नं. ७ मा हेर्नुहोस्)*

**थप अध्ययनको निम्ति धर्मशास्त्रको खण्डहरू -** *काटछाँट*
*(याकुब १: १३-१५, यसैया ५९:२, रोमी ३:२३, रोमी ६:२३, १ यूहन्ना ३:५)*

**प्रयोगको निम्ति प्रश्नहरू -** *फसल कटनी (२ तिमोथी ३:१६-१७; पृष्ठ नं. ७ मा हेर्नुहोस्)*

**निष्कर्ष -** परमेश्वरप्रति अनाज्ञाकारीता र उहाँलाई शंका गरेको कारण मानिस र परमेश्वर बीचको सम्बन्ध तोडिन गयो। सिद्ध परमेश्वरसंग पापको कुनै सरोकार रहँदैन। सबैले पाप गरेका छन्। दर्द, कष्ट र मृत्यु चाहिँ मानिसले पाप गरेका नतिजाहरू हुन्।

पाठ
१-५

# चुनिएको परिवार

*अब्राहामसंग परमेश्वरको विशेष सम्बन्ध*

**पाठको सार -** *भूमिको तयारी*
आदम र हव्वाले गरेको पापको प्रभाव प्रत्येक पुस्तामा परेको छ। परमेश्वरले मानिससित पुनः सङ्गति गर्न उहाँले एउटा योजना बनाउनु भयो। परमेश्वरले अब्राहामसित करार बाँध्नुभयो। अब्राहामको सन्तानद्वारा मानिसहरू परमेश्वरसंग मिलाप गर्नेछन् भनी परमेश्वरले करार बाँध्नु भयो।

**धर्मशास्त्रको मुख्य खण्ड -** *"परमप्रभुले अब्राहामलाई भन्नुभयो, "तेरो देश र तेरा कुटुम्ब तथा तेरा पिताका घरबाट निस्केर जुन देश म तँलाई देखाउँछु त्यहाँ जा। "म तँबाट एउटा ठूलो जाति खडा गर्नेछु, र तँलाई आशिष् दिनेछु। म तेरो नाउँ प्रसिद्ध गराउनेछु, र तँ आशिष्को मूल हुनेछस्। तँलाई आशिष् दिनेहरूलाई म आशिष् दिनेछु, र तँलाई सराप दिनेहरूलाई सराप दिनेछु। तँद्वारा नै पृथ्वीका सारा कुलले आशिष् पाउने छन्।" (उत्पत्ति १२:१-३)*

**बाइबलको कथा -** *बीउ छर्नु*
***परिचयले कथालाई बुझ्न सहायता गर्दछ।***
अब्राहाम नै यस्तो व्यक्ति थियो जसले परमेश्वरले भन्नुभए अनुसार गरे। परमेश्वरले अब्राहामको परिवारलाई "परिवार" वा "बीउ" हुनको निम्ति छनोट गर्नुभयो, ताकि यो परिवारले शैतानलाई हराएर सारा मानव जातिलाई आशिष् दिन सकोस्। आफ्नी पत्नीबाट परमेश्वरले सन्तान दिनुहुनेछ भनी अब्राहामले परमेश्वरमाथि विश्वास गरेनन्, यसकारण तिनले परमेश्वरको तरिका होइन तर आफ्नै बाटो छनोट गरे। अब्राहाम र तिनको पत्नीबाट कुनै सन्तान भएको थिएन, यसकारण आफ्नी मिश्री दासीबाट एउटा सन्तान भएको थियो, जसको नाउँ इस्माइल थियो।

***बाइबलको कथाको सुरुआत यसरी हुन्छ।***
*जब अब्राम उनान्सय वर्षका भए तब परमप्रभु अब्रामकहाँ देखा पर्नुभयो, र तिनलाई भन्नुभयो, "म सर्वशक्तिमान् परमेश्वर हुँ। मेरो सामु हिँड्, र निर्दोष भएर बस्। मेरो तेरो बीचमा म आफ्नो करार पक्का गर्नेछु , र म तेरो अत्यन्तै वृद्धि गराउनेछु।" तब अब्राम घोप्टो परे, र परमेश्वरले तिनलाई यसो भन्नुभयो, "हेर्, यो मेरो करार तँसँग छ। तँ असंख्य जाति-समूहको पिता हुनेछस्। अब उप्रान्त तेरो नाउँ अब्राम हुनेछैन, तर अब्राहाम हुनेछ, किनकि मैले तँलाई असंख्य जाति-समूहको पिता तुल्याएकोछु। म तँलाई अत्यन्तै फल्दो-फुल्दो तुल्याउनेछु, र तँबाट धेरै जातिहरू बनाउनेछु। तँबाट राजाहरू उत्पन्न हुनेछन्। तँ र तँपछिका तेरा सन्तानका परमेश्वर हुनलाई मेरो करार मेरो र तेरो र तँपछिका तेरा सन्तानका बीचमा युग-युगसम्म स्थापित गर्नेछु। म त्यसलाई आशिष् दिनेछु र निश्चय नै त्यसबाट म तँलाई एउटा छोरो दिनेछु। म त्यसलाई आशिष् दिनेछु, र त्यो धेरै जातिहरूकी आमा हुनेछे। जाति-जातिहरूका राजाहरू त्यसबाट उत्पन्न हुनेछन्।" तब अब्राहाम घोप्टो परी मनमनै हाँसेर भने, "के सय वर्ष पुगिसकेकोलाई सन्तान होला ? नब्बे वर्ष पुगेकी साराले बालक जन्माउलिन र ?" अनि अब्राहामले परमेश्वरलाई भने, "इश्माएल नै तपाईंको आशिष्मा बाँचिरहे त हुन्छ।" तब परमेश्वरले भन्नुभयो, "हो तर तेरी स्वास्नी साराले नै तेरो लागि एउटा छोरा जन्माउनेछे, र तैंले त्यसको नाउँ इसहाक राख्नेछस्। म त्यससित र त्यसपछि हुने त्यसको सन्तानसित आफ्नो करार स्थापित गर्नेछु। (उत्पत्ति १७ : १-७, १६-१९)*

**खोजतलास प्रक्रिया -** *मल र जल (पृष्ठ नं. ७ मा हेर्नुहोस्)*

**थप अध्ययनको निम्ति धर्मशास्त्रको खण्डहरू -** *काटछाँट*
*(उत्पत्ति १५: १-६; हिब्रू ११: ८-१२, गलातीहरू ३: १६-१८, यसैया ५१: १-२, याकूब २:२३)*

**प्रयोगको निम्ति प्रश्नहरू -** *फसल कटनी (२ तिमोथी ३:१६-१७; पृष्ठ नं. ७ मा हेर्नुहोस्)*

**निष्कर्ष -** मानिससंगको मिलापको योजना पूरा गर्न परमेश्वर स्वयंमले अब्राहामको परिवारबाट शुरुआत गर्नुभयो। अब्राहामको परिवारबाट पृथ्वीका सम्पूर्ण मानिसहरू आशिषीत हुनेछ भनी परमेश्वरले प्रतिज्ञा गर्नुभयो। पापी मानिसले पनि एक दिन अब्राहामको परिवारबाट उद्धार र मुक्ति पाउनेछ भनी परमेश्वरले प्रतिज्ञा गर्नुभएको छ।

पाठ
१-६

# परमेश्वरले अब्राहामलाई जाँच गर्नुहुन्छ

*अब्राहाम परमेश्वरप्रति आज्ञाकारी हुँदछ*

**पाठको सार -** *भूमिको तयारी*
परमेश्वरले अब्राहामसित जति प्रतिज्ञाहरू गर्नुभएको थियो, ती कुराहरू चाहिँ इसहाकको जीवनमाथि निर्भर थियो । अब्राहाम परमेश्वरद्वारा जाँचिएका व्यक्ति थिए । अब्राहामले परमेश्वरको सबै आज्ञाहरू पालन गरेका थिए । परमेश्वरले झूटो बोल्नुहुन्न भनी अब्राहामलाई थाहा थियो ।

**धर्मशास्त्रको मुख्य खण्ड -** *“विश्वासद्वारा आफ्नो परीक्षा हुँदा अब्राहामले इसहाकलाई बलि चढ़ाए । उनले प्रतिज्ञाहरू पाएका थिए, तापनि आफ्नो एउटै छोराको बलि चढ़ाउन उनी तयार भए । यिनकै विषयमा यसो भनिएको थियो, “इसहाकद्वारा नै तेरो सन्तानको नाउँ रहनेछ ।” परमेश्वरले मानिसहरूलाई मरेकोबाट पनि फेरि जीवित पार्न सक्नुहुन्छ भन्ने कुरा अब्राहामले सोचे, र भनौं भने, उनले इसहाकलाई फिर्ता पाए । (हिब्रू ११:१७-१९)*

**बाइबलको कथा -** *बीउ छर्नु*
***कथाको परिचयले कथालाई बुझ्न सहायता गर्दछ ।***
समय बित्दै गएपछि, परमेश्वरले पाप प्रयाश्चितको निम्ति रगतको बलिदान विधि स्थापित गर्नुभयो । बलिदान चढाउनुचाहिँ धार्मिक रीतिअनुसार पापबाट पखालिनु थियो । यो आराधनाको एउटा भाग थियो ।

***बाइबलको कथाको सुरुआत यसरी हुन्छ ।***
*उहाँले भन्नुभयो, “तेरो छोरो, अर्थात् तैंले माया गरेको तेरो एउटै छोरो इसहाकलाई लिएर मोरीयाहको देशमा गई मैले तँलाई देखाएको डाँड़ामा त्यसलाई होमबलि गर् ।” अब्राहाम बिहानै उठेर गधामा काठी कसे, र आफ्ना कमाराहरूमध्येका दुइ जना र छोरो इसहाकलाई साथमा लिए, र होमबलिको निम्ति दाउरा चिरेर परमेश्वरले तिनलाई भन्नुभएको त्यस ठाउँमा हिँड़े । तेस्रो दिन अब्राहामले हेर्दा टाढ़ामा त्यो ठाउँ देखे । तब अब्राहामले आफ्ना कमाराहरूलाई भने, “तिमीहरू यहीँ गधासँग बस । म र यो केटो ऊ परसम्म गएर पूजा गरी तिमीहरूकहाँ फर्केर आउनेछौं । अब्राहामले होमबलिको दाउरा उठाएर आफ्नो छोरो इसहासलाई बोकाए, र आगो र छुरी आफ्नो हातमा लिए । यसरी ती दुवै जना सँगसँगै गए । इसहाकले आफ्ना पिता अब्राहामलाई भने, “बुबा ।” तिनले भने, “के हो छोरा ?” त्यसले भन्यो, “यी आगो र दाउरा त छन्, तर होमबलिको थोमाचाहिँ खोई ?” अब्राहामले भने, “छोरा परमेश्वरले नै होमबलिको निम्ति थुमा जुटाइदिनुहुनेछ ।” अनि ती दुवै सँगसँगै गए । परमेश्वरले तिनलाई भन्नुभएको ठाउँमा पुगेपछि अब्राहामले त्यहाँ एउटा वेदी बनाएर दाउरा तह लाएर राखे । त्यसपछि तिनले आफ्नो छोरो इसहाकलाई बाँधेर वेदीमा दाउरामाथि राखे । तब अब्राहामले आफ्नो छोरालाई बलि गर्न छुरी उठाए । तर परमप्रभुका एउटा दूतले स्वर्गबाट तिनलाई हपारेर भने, “ए अब्राहाम, अब्राहाम ।” तिनले भने, “म यहीँ छु ।” उनले भने, ‘तेरो हात त्यस केटामाथि नउठा, र त्यसलाई केही नगर् । अब मैले थाहा पाएँ तँ परमेश्वरसँग डराउँदोरहेछस्, किनकि तेरो छोरो, एकमात्र छोरालाई पनि मबाट तैंले रोकेर राखिनस् ।” अब्राहामले माथितिर हेरे र एउटा भेड़ा झाड़ीमा सीङ अल्झेर फसेको देखे । अब्राहामले गएर त्यस भेड़ालाई ल्याएर तिनका छोराको सट्टामा त्यसैलाई होमबलि गरे । (उत्पत्ति २२:२-१३)*

**खोजतलास प्रक्रिया** - *मल र जल (पृष्ठ नं. ७ मा हेर्नुहोस्)*

**थप अध्ययनको निम्ति धर्मशास्त्रको खण्डहरू -** *काटछाँट*
(रोमी ४: १-२४, याकूब २:२१-२२, उत्पत्ति २२:१५-१८)

**प्रयोगको निम्ति प्रश्नहरू -** *फसल कटनी (२ तिमोथी ३:१६-१७; पृष्ठ नं. ७ मा हेर्नुहोस्)*

**निष्कर्ष -** अब्राहामले आफ्नो पुत्र इसहाकलाई बलिदान गर्न खोज्नुचाहिँ परमेश्वरप्रति तिनको विश्वासको प्रदर्शन थियो । अब्राहाम परमेश्वरप्रति आज्ञाकारी भए । जब तिनी परमेश्वरद्वारा जाँचिए तब तिनी परमेश्वरमा आज्ञाकारी भएका थिए । अब्राहामको जीवनसंग सम्बन्धित यो कथाको धेरै वर्षपछि, परमेश्वरले मानव जातिको पापको प्रयाश्चितको निम्ति एकैपटक चढाउनु पर्ने एक सिद्ध बलिदान पठाउनुभयो ।

## मृत्युपछि जीवन हुनेछ

*मृत्युपछि जीवन स्वर्ग वा नरक कुनै एकमा हुनेछ*

पाठ
१-७

**पाठको सार** - *भूमिको तयारी*
मृत्युपछि पनि जीवन हुनेछ भनी धर्मशास्त्र बाइबलले हामीलाई सिकाउँदछ। सबै मानिसहरूको मृत्यु भएपछि स्वर्ग वा नरक कुनै एकमा जानुपर्ने हुन्छ। स्वर्ग जहाँ परमेश्वर वास गर्नुहुन्छ। स्वर्गमा परमेश्वर बस्नु भएको कारण त्यहाँ अति आनन्दमय क्षण हुनेछ। नर्क त्यस्तो ठाउँ हो जहाँ तडपिएर दण्ड भोग्नु पर्दछ। नरकमा भएकाहरू परमेश्वरदेखि अलग गरिएको हुन्छ। परमेश्वरले सबै मानिसहरूको न्याय गर्नुहुन्छ।

**धर्मशास्त्रको मुख्य खण्ड** - *किनकि पापको ज्याला मृत्यु हो, तर परमेश्वरको सित्तैको वरदान ख्रीष्ट येशू हाम्रा प्रभुमा अनन्त जीवन हो। (रोमी ६:२३)*

**बाइबलको कथा** - *बीउ छर्नु*
***कथाको परिचयले कथालाई बुझ्न सहायता गर्दछ।***
कतिपटक बाइबलले हामीलाई दृष्टान्तबाट सिकाउँछ। दृष्टान्त कथा हुन् र कथाले गहिरो अर्थ दिँदछन्। यो कथामा "मानिसको पुत्र" चाहिँ परमेश्वरको एउटा नाम हो।

***बाइबलको कथाको सुरुआत यसरी हुन्छ।***
*"स्वर्गको राज्य एउटा मानिस जस्तो हो, जसले आफ्नो खेतमा असल बीउ रोप्यो। तर मानिसहरू सुतेको बेला उसको शत्रु आयो, र गहूँका बीच-बीचमा सामाहरू रोपेर गयो। जब बोट निस्केर त्यसमा दाना लागे, तब सामा पनि देखा पर्‍यो। "घरका मालिकका कमाराहरूले आएर उसलाई भने, हजूर के तपाईंले आफ्नो खेतमा असल बीउ रोप्नुभएको होइन ? त्यहाँ सामा कहाँबाट आयो ? "घरका मालिकले तिनीहरूलाई भन्यो, कुनै शत्रुले यसो गरेको हो।' कमाराहरूले उसलाई भने, के हामी गएर ती बटुलौं ?" "तर उसले भन्यो, "त्यसो नगर, नत्रता तिमीहरूले सामा उखेल्दा गहूँसमेत उखेलिपठाउनेछौं। फसलको समयसम्म दुवैलाई सँगसँगै बढ्न देओ। फसलको बेलामा कटनी गर्नेहरूलाई भन्नेछु, "पहिले सामा उखेलेर जलाउनलाई बिटा बाँध, तर गहूँचाहिँ मेरो ढुकुटीमा राख।" उहाँले तिनीहरूलाई जवाफ दिनुभयो, "असल बीउ छर्नेचाहिँ मानिसको पुत्र हो। खेत संसार हो। असल बीउचाहिँ राज्यको सन्तान हो, र सामा दुष्टको सन्तान हो। सामा रोप्ने शत्रुचाहिँ दियाबलस हो। फसलको समयचाहिँ युगको अन्त्य हो। खेतालाहरू स्वर्गदूतहरू हुन्। "जसरी सामा उखेलेर आगोमा भस्म गरिन्छ, युगको अन्त्यमा पनि यस्तै हुनेछ। मानिसको पुत्रले आफ्ना दूतहरू पठाउनेछ, र पाप गर्न लाउने प्रत्येक थोक र दुष्ट काम गर्नेहरू सबैलाई तिनीहरूले उसको राज्यबाट बटुल्नेछन्, र उनीहरूलाई आगोको भट्टीमा फालिदिनेछन्। त्यहाँ मानिसहरू रुनेछन् र दाह्रा किट्नेछन्। तब धर्मी जनहरू आफ्ना पिताको राज्यमा सूर्यजस्ता चम्किला हुनेछन्। जसको कान छ, त्यसले सुनोस्।*
*(मत्ती १३:२४ख-३०,३७-४३)*

**खोजतलास प्रक्रिया** - *मल र जल (पृष्ठ नं. ७ मा हेर्नुहोस्)*

**थप अध्ययनको निम्ति धर्मशास्त्रको खण्डहरू** - *काटछाँट*
*(प्रकाश २०: १२-१५, प्रकाश २१: २२, १ थेसलोनिकी ४: १३-१८, यूहन्ना १४: १-३, फिल्लीपी ३: २०, मत्ती १३:४७-५०,मत्ती २५: ३१-४६, मर्कूस ९:४७-४८)*

**प्रयोगको निम्ति प्रश्नहरू** - *फसल कटनी (२ तिमोथी ३:१६-१७; पृष्ठ नं. ७ मा हेर्नुहोस्)*

**निष्कर्ष** - मृत्युपछि सबै जना मानिसहरूको न्याय परमेश्वरले गर्नुहुनेछ। स्वर्ग एउटा यस्तो ठाउँ हो जहाँ अति आनन्दमय क्षणले भरिएको हुन्छ। तर नरकचाहिँ स्वर्गको ठीक उल्टो ठाउँ हो, जहाँ दर्द र पिडाले भरिएको हुन्छ।

# येशू ख्रीष्ट

*पूर्णरुपले परमेश्वर पूर्णरुपले मानिस*



**पाठको सार -** *भूमिको तयारी*
येशू ख्रीष्ट अति महत्त्वपूर्ण व्यक्ति हुनुहुन्छ । मानिस र परमेश्वर बीच तोडिएको सम्बन्धलाई पुनः मिलाप गराउन परमेश्वरले उद्धारको योजना गर्नुभएको कुरो बाइबलले व्याख्या गर्दछ । मानिसहरूलाई परमेश्वरसंग पुनः मिलाप गराउन परमेश्वरले आफ्नो समयमा उहाँको पुत्र येशू ख्रीष्टलाई पठाउनु भएको थियो ।

**धर्मशास्त्रको मुख्य खण्ड -** *"यसैकारण परमप्रभु आफैले तिमीहरूलाई एउटा चिन्ह दिनुहुनेछ । हेर, कन्या गर्भवती हुनेछ, र त्यसले एउटा छोरो जन्माउनेछ, र उनको नाउँ इम्मानुएल राखिनेछ ।" (यशैया ७: १४)*

**बाइबलको कथा -** *बीउ छर्नु*
***परिचयले कथालाई बुझ्न सहायता गर्दछ ।***
येशू ख्रीष्ट दाऊदको घरानाबाट आउनुभयो र दाऊदचाहिँ अब्राहामबाट आए भनी बाइबलले भन्दछ ।

***बाइबलको कथाको सुरुआत यसरी हुन्छ ।***
*येशू ख्रीष्टको जन्म यसप्रकारले भयोः उहाँकी आमा मरियमको मगनी योसेफसँग भएको थियो, तर उनीहरूको विवाह हुन अघि मरियम पवित्र आत्माद्वारा गर्भवती भएकी थाहा भयो । तर तिनका पति योसेफ धार्मिक मानिस भएका हुनाले, तिनलाई शर्ममा पार्ने इच्छा नगरी तिनलाई गुप्तमै त्याग्ने इच्छा गरे । तर जब उनले यी कुरा विचार गर्दैथिए, सपनामा परमप्रभुका दूत देखा परे, र उनलाई यसो भने, "योसेफ, दाऊदका छोरा, तिम्री पत्नी मरियमलाई स्वीकार गर्न नडराऊ, किनभने जो तिनको गर्भमा हुनुहुन्छ, उहाँ पवित्र आत्माबाट हुनुहुन्छ । तिनले एउटा पुत्र जन्माउनेछिन्, र तिमीले उहाँको नाउँ येशू राख्नेछौ, किनभने उहाँले आफ्ना मानिसहरूलाई तिनीहरूका पापबाट बचाउनुहुनेछ ।" अगमवक्ताद्वारा परमप्रभुले बोल्नुभएको वचन पूरा हुनलाई नै यी सबै भएका हुन्: "हेर, एउटा कन्याले गर्भधारण गर्नेछे, र त्यसले एउटा पुत्र जन्माउनेछे, र उहाँको नाउँ इम्मानुएल राखिनेछ," जसको अर्थ हो, "परमेश्वर हामीहरूसँग ।" योसेफ निद्राबाट ब्यूँझे, र परमप्रभुका दूतले उनलाई भने बमोजिम उनले मरियमलाई आफ्नी पत्नीको रूपमा स्वीकार गरे । मरियमले पुत्र नजन्माउञ्जेल योसेफले तिनीसँग सहवास गरेनन् । योसेफले उहाँको नाउँ येशू राखे ।*

*(मत्ती १:१८-२५)*

**खोजतलास प्रक्रिया -** *मल र जल (पृष्ठ नं. ७ मा हेर्नुहोस्)*

**थप अध्ययनको निम्ति धर्मशास्त्रको खण्डहरू -** *काटछाँट*
*(मत्ती १६:१३-२०, २६:६३-६४, लूका १:२८-३५, यूहन्ना १:१-१४, यूहन्ना ३:१६, फिलिप्पी २:५-११, कलस्सी १:१५-२०, २:९)*

**प्रयोगको निम्ति प्रश्नहरू -** *फसलको कटनी (२ तिमोथी ३:१६-१७, पृष्ठ नं.७ मा हेर्नुहोस्)*

**निष्कर्ष -** येशू ख्रीष्ट पूर्णरुपले मानिस र पूर्णरुपले परमेश्वर हुनुहुन्थ्यो । मानिस र परमेश्वर बीच तोडिएको सम्बन्धलाई मिलाप गराउन येशू ख्रीष्टलाई पठाइएको थियो ।

# मानव जातिको मिलापको निम्ति परमेश्वरको योजना

*पापको दण्ड भोगाइ र सम्बन्धको पुनः स्थापना*

**पाठको सार -** *भूमिको तयारी*
परमेश्वर सबै मानिसहरूलाई प्रेम गर्नुहुन्छ । मानिसहरूचाहिँ परमेश्वरलाई प्रेम गर्न र उहाँसंग भई रहनको निम्ति सृष्टि गरिएको हो । शैतानले आदम र हव्वालाई परमेश्वरको विरुद्ध पाप गर्न उक्साए र त्यो सफल बन्यो । परमेश्वर प्रति अनाज्ञाकारी हुनुचाहिँ पाप हो । पापले मानिस र परमेश्वर बीचमा भएको सिद्ध सम्बन्धलाई तोडिदियो । मानिस र परमेश्वर बीच तोडिएको सम्बन्ध पुनः मिलाप हुनेछ भनी परमेश्वरले प्रतिज्ञा गर्नुभयो । कुनै एक दिन आदमको परिवारको कुनै एक सदस्यले शैतानको शिर कुल्चनेछ भनी परमेश्वरले आदमसँग प्रतिज्ञा बाँध्नु भएको थियो । पृथ्वीमा भएका विभिन्न जातिलाई अब्राहामको परिवारद्वारा आशिष् पाउनेछ भनी परमेश्वरले करार बाँध्नु भएको थियो । परमेश्वरले आफ्ना पुत्र येशूलाई पठाउनु भएपछि उहाँले गर्नुभएको प्रतिज्ञा पूरा गर्नुभयो ।

**धर्मशास्त्रको मुख्य खण्ड -** *"किनकि हामी दुर्बल हुँदा नै ख्रीष्ट अधर्मीहरूका निम्ति ठीक समयमा मर्नुभयो ।" (रोमी ५: ६)*

**बाइबलको कथा -** *बीउ छर्नु*
***परिचयले कथालाई बुझ्न सहायता गर्दछ ।***
परमेश्वरले आफ्नो एकलौते पुत्रलाई पठाउनुभएको थियो । उहाँको नाउँ येशू ख्रीष्ट थियो । उहाँको जन्म अचम्मको थियो । उहाँ पूर्णरुपले मानिस र पूर्णरुपले परमेश्वर हुनुहुन्थ्यो । धेरै जना धार्मिक अगुवाहरूले येशूलाई मन पराएनन् र उहाँलाई मार्ने निधो गरे । शासकको हाकिमले येशूलाई प्रश्न गरे र उहाँ निर्दोष हुनुहुन्छ भनी प्रमाणित भए । मानिसहरूलाई खुशी पार्ने हेतुले शासकको हाकिमले येशूलाई मानिसहरूको हातमा सुम्पिदिए र उहाँलाई पिटेर क्रूसमा झुण्ड्याउने अनुमति दिए । क्रूसचाहिँ मानिसलाई तडपाएर मार्ने एउटा काठको वस्तु थियो । येशू कुटिनु र मारिनुको मुख्य कारण हाम्रो पापले गर्दा हो भनी परमेश्वर भन्नुहुन्छ ।

***बाइबलको कथाको सुरुआत यसरी हुन्छ ।***
*तब हाकिमका सिपाहीहरूले येशूलाई महलमा लगे, र जम्मै पल्टनलाई उहाँको सामुन्ने भेला गराए । तिनीहरूले उहाँको वस्त्र फुकाएर उहाँलाई लाल वस्त्र लगाइदिए । तिनीहरूले काँढाको मुकुट गुथेर उहाँको शिरमा लगाइदिए, र उहाँको दाहिने हातमा निगालो दिए, र उहाँको गिल्ला गरे, "हे यहूदीहरूका राजा प्रणाम ।,, तब तिनीहरूले उहाँलाई थुके, र त्यो निगालो लिएर उहाँको शिरमा हिर्काए । उहाँको गिल्ला गरिसकेपछि तिनीहरूले त्यो वस्त्र फुकालिदिए र उहाँको आफ्नै वस्त्र पहिराएर उहाँलाई क्रूसमा झुण्डयाउन लगे । जाँदाजाँदै तिनीहरूले सिमोन नाउँ भएको कुरेनीको एक जना मानिसलाई भेट्टाए, र तिनीहरूले त्यसलाई उहाँको क्रूस बोक्न कर लाए । जब तिनीहरू गलगथा भन्ने ठाउँमा आइपुगे, जसलाई खोपडीको स्थान भनिन्छ, तब तिनीहरूले उहाँलाई पित्त मिसाएको दाखमद्य पिउन दिए, तर उहाँले चाखेर त्यो पिउन चहानुभएन । तिनीहरूले उहाँलाई क्रूसमा टाँगेपछि, चि⊠ हालेर उहाँका वस्त्रहरू आपसमा बाँड्े । तब त्यहाँ बसेर तिनीहरूले उहाँलाई पहरा दिन लागे । येशू यहूदीहरूको राजा" भन्ने उहाँको विरुद्धको दोष-पत्र तिनीहरूले उहाँको शिरदेखि मास्तिर टाँसिदिए । उहाँसँग दुइ जना डाँकूहरू क्रूसमा झुण्ड्याइएका थिए, एउटा उहाँको दाहिनेपट्टि र अर्को देब्रेपट्टि । अब मध्याहनदेखि तीन बजेसम्म सारा देशमा अन्धकार भयो । तीन बजेतिर येशू यसो भनेर ठूलो सोरले कराउनुभयो, "इलोई, इलोई, लामा सबखथनी ?" अर्थात "हे मेरा परमेश्वर, हे मेरा परमेश्वर, तपाईले मलाई किन त्याग्नुभएको छ ?" त्यहाँ उभिएकाहरूमध्ये कति जनाले यो सुनेर भने, "यस मानिसले एलियालाई बोलाउँदैछ ।" तिनीहरूमध्ये एक जनाले झट्टै दगुरेर गई एउटा स्पन्ज लिई सिर्कामा चोपेर निगालोमा राखी उहाँलाई पिउन दियो । तर बाँकीले भने, "हेरौं, कतै एलिया यिनलाई बचाउन आउँछन् कि ?" तब येशू फेरि ठूलो सोरले कराउनुभयो र आफ्नो आत्मा त्याग्नुभयो ।*
*(मत्ती २७: २७-३८, ४५-५०)*

**खोजतलास प्रक्रिया -** *मल र जल (पृष्ठ नं.७ मा हेर्नुहोस्)*

**थप अध्ययनको निम्ति धर्मशास्त्रको खण्डहरू -** *काटछाँट*
*(थप धर्मशास्त्रको खण्डहरू - (१ तिमोथी १:१५, १ पत्रुस २:२४, मर्कूस १०:४५एफिसी १:७, यूहन्ना १: २९, यशैया ५३: ५-६)*

**प्रयोगको निम्ति प्रश्नहरू -** *फसलको कटनी (२ तिमोथी ३:१६-१७, पृष्ठ नं. ७ मा हेर्नुहोस्)*

**निष्कर्ष -** येशू ख्रीष्ट क्रूसमा मर्नुभएको कारणले नै सबै मानिसहरूले परमेश्वरसित मिलाप गर्नको निम्ति ढोका खोलिएको छ । येशूले हाम्रो पापको सबै ऋण तिरी सक्नुभयो । येशू ख्रीष्ट हाम्रो पापको प्रयाश्चितको निम्ति केवल एक पटक मात्र चढाउनु पर्ने एक सिद्ध बलिदान हुनुहुन्थ्यो । हामी मर्नुपर्ने ठाउँमा प्रभु येशू मर्नुभयो । हामीले कामद्वारा यो विशेष उपहार हात पार्न सक्दैनौं । हामीहरू यो मिलापको उपहार ग्रहण गर्ने योग्यका थिएनौं । तर परमेश्वरले हामीलाई दिनुभयो, किनकि उहाँले सबै मानिसहरूलाई प्रेम गर्नुहुन्छ । जसले येशूमा विश्वास गर्दछ ती व्यक्तिहरूले परमेश्वरसंग मिलापको उपहार पाउँदछ । येशूले मृत्युमाथि विजय हासिल गर्नुभयो, उहाँ को हुनुहुन्छ भनी उहाँको पुनरुत्थानले प्रमाणित गर्छ ।

# येशूले मृत्युमाथि विजय हासिल गर्नुभयो

*उहाँको पुनरुत्थानले उहाँ को हुनुहुन्छ भनी प्रमाणित गर्दछ*

**पाठको सार** - *भूमिको तयारी*
जब येशू ख्रीष्ट पृथ्वीमा हुनुहुन्थ्यो, तब उहाँले भन्नुभयो कि उहाँ हाम्रो पापको निम्ति मरेर मृत्युबाट बौरी उठ्नु हुनेछ । येशू ख्रीष्ट मरेको मरेकै हुनुभएन । येशू ख्रीष्ट क्रूसमा मर्नु भएता पनि उहाँ पुनः जीवित हुनुभयो । येशू ख्रीष्ट मृत्युबाट बौरी उठ्नु भएपछि उहाँ सत्य परमेश्वर हुनुहुन्छ भनी प्रमाण दिनुभयो । उहाँले भन्नुभएको सबै कुराहरू सत्य छन् ।

**धर्मशास्त्रको मुख्य खण्ड** - *किनभने मैले जे पाएँ त्यसैलाई सबैभन्दा मुख्य विषयको रुपमा तिमीहरूलाई सुम्पिदिएँ, अर्थात् पवित्र धर्मशास्त्रअनुसार ख्रीष्ट हाम्रा पापका निम्ति मर्नुभयो । उहाँ गाडिनुभयो, र पवित्र धर्मशास्त्रअनुसार तेस्रो दिनमा उहाँ पुनर्जीवित पारिनुभयो । (१कोरिन्थी १५:३-४)*

**बाइबलको कथा** - *बीउ छर्नु*
***परिचयले कथालाई बुझ्न सहायता गर्दछ ।***
येशू ख्रीष्ट क्रूसमा मर्नु भएपछि केही मित्रहरूले उहाँको मृतक शरीरलाई उठाएर लगे । तिनीहरूले उहाँको मृतक शरीरलाई एउटा चिहानमा लगेर राखे । चिहानको मुखमा ठूलो ढुङ्गाले ढाकेर राख्नु भनी शासकका हाकिमले आज्ञा गरे । येशूको मृतक शरीर कसैले चोरेर लैजान नसकोस् भन्ने हेतुले सिपाहीहरूले येशूको चिहानलाई पहरा दिए । येशू मर्नु भएको तीन दिनपछि दुइ जना स्त्रीहरू येशूको चिहान नजिक गए । तिनीहरूले चिहानलाई ढाकेर राखेको ढुङ्गा गुडाएको भेटाए र त्यहाँ एक जना स्वर्ग दूत उभिरहेको देखे ।

***बाइबलको कथाको सुरुआत यसरी हुन्छ ।***
*तर स्वर्गदूतले ती स्त्रीलाई भने, "तिमीहरू नडराओ, किनभने मलाई थाहा छ, तिमीहरू क्रूसमा टाँगिनुभएको येशूलाई खोज्दैछौ, उहाँ यहाँ हुनुहुन्न, किनकि उहाँले भन्नुभएबमोजिम उहाँ जीवित भई उठ्नुभएकोछ । आओ, उहाँलाई राखिएको ठाउँ हेर । तब चाँडो गएर उहाँका चेलाहरूलाई खबर देओ, कि उहाँ मृतकबाट जीवत भई उठ्नुभएको छ, र उहाँ तिमीहरूभन्दा अगाड़ि गालीलमा जाँदैहुनुहुन्छ । तिमीहरूले उहाँलाई त्यहाँ देख्नेछौ । हेर, मैले तिमीहरूलाई भनिदिएकोछु ।" अनि तिनीहरू डर र अति आनन्दसँग झट्टै चिहानबाट निस्केर गए, र उहाँका चेलाहरूलाई खबर दिन दगुरे । (मत्ती २८:५-८)*

**खोजतलास प्रक्रिया** - *मल र जल (पृष्ठ नं. ७ मा हेर्नुहोस्)*
**थप अध्ययनको निम्ति धर्मशास्त्रको खण्डहरू** - *काटछाँट*
*(थप धर्मशास्त्रको खण्डहरू : १कोरिन्थी १५:१२-२२, रोमी १:३-४ रोमी ८: ३३-३४, प्रेरित २:२२-२४ १ पत्रुस १:३)*

**प्रयोगको निम्ति प्रश्नहरू**- *फसलको कटनी (२ तिमोथी ३:१६-१७, पृष्ठ नं. ७ मा हेर्नुहोस्)*

**निष्कर्ष** - येशू मृत्युबाट बौरी उठ्नु भयो । हामी जान्दछौं कि येशू परमेश्वरको पुत्र भएको कारणले नै उहाँ मृत्युबाट बौरी उठ्नुभयो । मृत्युले येशूलाई सिमित राख्न सकेनन् कारण उहाँ परमेश्वर हुनुहुन्छ । उहाँ पाप प्रयाश्चितको निम्ति एक सिद्ध भेट वा बलिदान हुनुहुन्छ । येशू ख्रीष्ट जीवित परमेश्वर हुनुहुन्छ । येशूले आफू एक असल शिक्षक वा अगमवक्ता मात्र हो भनी प्रमाणित गर्नुभएन तर येशूले आफूसंग सारा शक्ति र अधिकार भएको प्रमाण दिनुभयो । उहाँ पृथ्वीको राजा हुनुहुन्छ भनी येशूले निश्चयता दिलाउनु भयो ।

# जीवन प्राप्त गर्न मैले के गर्नुपर्छ

*विश्वास*

**पाठको सार** - *भूमिको तयारी*
सबै जातिहरूले जीवन प्राप्त गर्न सकोस् भनी येशू मरेर पुनः मृत्युबाट बौरी उठ्नु भयो। येशू परमेश्वरको पुत्र हुनुहुन्छ र उहाँमाथि विश्वास गर्नसकोस् भनी सबै मानिसहरूलाई बोलाइएको छ। यदि मानिसहरूले येशूमा विश्वास गरी आ-आफ्ना मुखले आफ्ना पाप स्वीकार गऱ्यो भने, उहाँले पाप पश्चताप गर्ने सबै मानिसहरूलाई बचाउनु हुनेछ। सबैलाई छनोट दिइएको छ - मानिसहरूले येशूलाई विश्वास गरी जीवन प्राप्त गर्न सक्छ अथवा उहाँलाई इन्कार पनि गर्न सक्छ। परमेश्वरले सबै मानिसले जीवन प्राप्त गरेको चाहनुहुन्छ।

**धर्मशास्त्रको मुख्य खण्ड** - *"किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्। किनकि परमेश्वरले संसारलाई दोषी ठराउन भनी पुत्रलाई संसारमा पठाउनुभएन, तर संसार उहाँद्वारा बाँचोस् भनेर पठाउनुभयो। (यूहन्ना ३:१६१७)*

**बाइबलको कथा** - *बीउ छर्नु*
***परिचयले कथालाई बुझ्न सहायता गर्दछ।***
येशू मृत्यूबाट बौरी उठ्नु भएपछि उहाँ आफ्ना चेलाहरूकहाँ देखा पर्नुभयो तर तिनीहरूको समूहमा थोमस नाउँ गरेको चेला भने थिएन। येशू क्रूसमा मर्नु भएपछि तिनले उहाँलाई देखेका थिएन। कुनै वास्तविक कुरालाई नदेखी वा अनुभव नगरी यो सत्य हो भनेर मानिलिनुलाई नै विश्वास भनिन्छ।

***बाइबलको कथाको सुरुआत यसरी हुन्छ।***
*येशू आउनुहुँदा बाह्र जनामध्ये एक जना, दिदुमस भन्ने थोमाचाहिँ तिनीहरूसँग थिएनन्। यसकारण अरु चेलाहरूले तिनलाई भने, "हामीले प्रभुलाई देख्यौं। तर तिनले उनीहरूलाई भने, "जबसम्म म उहाँका हातमा कीलाहरूका डोब देख्दिनँ, र कीलाहरूका डोबमा मेरा औंला हाल्दिनँ, उहाँको कोखामा मेरो हात हाल्दिन, तबसम्म म विश्वास गर्नेछैन।" आठ दिनपछि उहाँका चेलाहरू फेरि घरभित्रै थिए। थोमा पनि तिनीहरूसँग थिए। ढोकाहरू बन्द थिए, तर येशू भित्र प्रवेश गर्नुभयो, र माझमा उभिएर भन्नुभयो, "तिमीहरूलाई शान्ति" तब उहाँले थोमालाई भन्नुभयो, "तिम्रो औंला यहाँ राख, र मेरा हातहरू हेर। तिम्रो हात बढाएर मेरो कोखामा हाल। शंङ्का नगर, तर विश्वासी होऊ।" थोमाले उहाँलाई भने, "मेरा प्रभु र मेरा परमेश्वर।" येशूले तिनलाई भन्नुभयो, "तिमीले मलाई देखेको कारणले ममाथि विश्वास गरेका हौ ? धन्य हुन् तिनीहरू, जसले मलाई देखेका छैनन् र पनि विश्वास गर्छन्। येशूले अरु धेरै चिन्हहरू चेलाहरूका सामुन्ने गर्नुभयो, जुनचाहिँ यस पुस्तकमा लेखिएका छैनन्। (यूहन्ना २०: २४-३०)*

**खोजतलास प्रक्रिया** - *मल र जल (पृष्ठ नं. ७ मा हेर्नुहोस्)*

**थप अध्ययनको निम्ति धर्मशास्त्रको खण्डहरू** - *काटछाँट*
*(थप धर्मशास्त्रको खण्डहरू : एफिसी २: ८-९, गलाती २:२०, गलाती ३, प्रेरित १०: ४३, हिब्रू ११, प्रेरित १६: २५-३१, रोमी ६:२३, रोमी १०:९-१०, यूहन्ना ३:१६-१७)*

**प्रयोगको निम्ति प्रश्नहरू** - *फसलको कटनी (२ तिमोथी ३:१६-१७, पृष्ठ नं. ७ मा हेर्नुहोस्)*

**निष्कर्ष** - हाम्रो पापको कारण येशूले सजाय भोग्नुभयो। धर्मशास्त्रले यसरी भन्दछ, यदि मानिसहरूले येशूलाई परमेश्वरले मृत्युबाट बौरी उठाउनु भएको हो भनी विश्वास गऱ्यो भने, तिनीहरूले अनन्त जीवन पाउनेछ। विश्वास विना खीष्टियान हुन असम्भव छ। येशूलाई नदेखीकनै भरोसा गर्नुचाहिँ उहाँमाथि विश्वास गर्नु हो। येशू खीष्ट हाम्रो पापको निम्ति क्रूसमा मर्नु भयो र फेरि बौरी उठ्नुभयो भनेर मानिलिनुलाई नै विश्वास भनिन्छ।

# हामीले परमेश्वरको प्रेमलाई कसरी प्रतिक्रिया जनाउने

*पश्चताप*

पाठ १-१२

**पाठको सार** - *भूमिको तयारी*

मन र हृदय परिवर्तन हुनुनै पश्चताप हो। हामीले पाप र परमेश्वरसित भिन्नै प्रकारले व्यवहार गर्नु नै पश्चताप हो। जसरी परमेश्वरले पापलाई घृणा गर्नुहुन्छ ठीक त्यसरी नै हामीले पनि पापलाई घृणा गर्नु पश्चतापको अर्थ हो। पश्चतापले हाम्रो पापपूर्ण व्यवहार बदलिएर जान्छ।

**धर्मशास्त्रको मुख्य खण्ड** - *"यस्तो अज्ञानताका समयलाई परमेश्वरले ध्यान दिनुभएन, तर अब प्रत्येक ठाउँमा सब मानिसहरूलाई पश्चताप गर्ने आज्ञा दिनुहुन्छ।" (प्रेरित १७:३०)*

**बाइबलको कथा** - *बीउ छर्नु*

**परिचयले कथालाई बुझ्न सहायता गर्दछ।**

येशू महान शिक्षक हुनुहुन्थ्यो, उहाँले धेरैओटा आश्चर्य कामहरू गर्नुभयो, मानिसहरूको रोगलाई निको पार्नुभयो। येशू जहाँ-जहाँ जानुभयो त्यहाँ उहाँलाई ठूलो भिड्ले पछ्याएका थिए।

**बाइबलको कथाको सुरुआत यसरी हुन्छ।**

*येशू यरीहोमा प्रवेश गरेर त्यहाँबाट जाँदैहुनुहुन्थ्यो। त्यहाँ जखायस नाउँ भएका एक जना मानिस थिए। तिनी कर उठाउनेहरूका प्रमुख मानिस थिए, अनि धनी थिए। येशू को हुनुहुँदोरहेछ भनेर तिनी हेर्न चाहान्थे, तर पुड्को भएका हुनाले भीड़ले गर्दा तिनले देख्न सकेनन्। तिनी उहाँलाई हेर्नलाई अगिअगि दौड़ेर एउटा अञ्जीरको रूखमा चढ़े। किनकि येशू त्यही बाटो भएर जान लाग्नुभएको थियो। जब येशू त्यस ठाउँमा आइपुग्नुभयो, तब उहाँले मास्तिर हेरेर तिनलाई भन्नुभयो, "ए जखायस, चाँडो ओर्लेर आऊ, किनभने आज मलाई तिम्रो घरमा बस्नुपरेको छ।" तिनी झट्टै ओर्लेर आए। अनि खुशीसाथ उहाँको सत्कार गरे। जब मानिसहरूले यो देखे, तिनीहरू सबै यसो भनेर गनगनलाउन लागे, "उनी पापीको घरमा पाहुना लाग्न गए।" जखायसले खड़ा भएर प्रभुलाई भने, "प्रभु, हेर्नुहोस्, म आफ्नो सम्पत्तिको आधा भाग गरीबहरूलाई दिन्छु, र कोहीबाट अन्यायपूर्वक केही लिएको छु भने म त्यसको चार गुणा फिर्ता गरिदिनेछु।" तब येशूले तिनलाई भन्नुभयो, "आज यस घरमा मुक्ति आएको छ, किनकि यिनी पनि अब्राहामका छोरा हुन्। किनभने मानिसको पुत्र हराएकालाई खोज्न र बचाउन आएको हो।" (लूका १९:१-१०)*

**खोजतलास प्रक्रिय** - *मल र जल (पृष्ठ नं. ७ मा हेर्नोस्)*

**(थप अध्ययनको निम्ति धर्मशास्त्रको खण्डहरू** - *काटछाँट*

*(प्रेरित २:३१-४१, प्रेरित ३:१९-२०, मत्ती ३:२, मत्ती ४:१७, मर्कूस १:१५, लूका ५:३२, लूका १३:१५)*

**प्रयोगको निम्ति प्रश्नहरू** - *फसलको कटनी (२ तिमोथी ३:१६-१७, पृष्ठ नं. ७ मा हेर्नुहोस्)*

**निष्कर्ष** - जब हामीले येशू खीष्टलाई विश्वास गर्दछौं, तब हामीमा पश्चताप गर्ने मन हुँदछ। जब हामी पश्चताप गर्छौं तब हाम्रो मन र हृदय परिवर्तन हुन्छ। जसले प्रभु येशूलाई विश्वास गर्दछ, तिनीहरूले विश्वास नगर्ने समुदायको बीचमा फरक किसिमले जीवन जिएको हुन्छ।

# म येशूको मित्र हुँ

*उहाँको आज्ञाहरू पालन गरेरनै म उहाँको प्रेममा जिउँदछु*



**पाठको सार -** *भूमिको तयारी*
ख्रीष्टलाई पछ्याउने व्यक्तिहरू भएको कारणले नै हामीहरू परमेश्वरको मित्र भएका छौं । परमेश्वरको मित्रहरूले परमेश्वरलाई विशेष तौरले चिनेको हुन्छ । परमेश्वरको मित्र भएको कारण हामी उहाँलाई साथै अरूलाई पनि प्रेम गर्दछौं । परमेश्वरको मित्रहरूले परमेश्वरमा भरोसा राख्दै उहाँको आज्ञाहरू पालन गर्दछ ।

**धर्मशास्त्रको मुख्य खण्ड -** *"मेरा भेड़ाहरूले मेरो सोर सुन्छन्, र तिनीहरूलाई म चिन्छु, र तिनीहरू मेरो पछि आउँछन् । (यूहन्ना १०:२७)*

**बाइबलको कथा -** *बीउ छर्नु*
***परिचयले कथालाई बुझ्न सहायता गर्दछ ।***
येशूले आफ्ना प्रेरितहरूलाई निर्देशन दिनुहुन्छ । उहाँले पिताको सम्बन्धमा कुरा गर्नुहुन्छ जो परमेश्वर पिता हुनुहुन्छ ।

***बाइबलको कथाको सुरुआत यसरी हुन्छ ।***
*"फिलिपले उहाँलाई भने, "हे प्रभु हामीलाई पिता देखाइदिनुहोस् । त्यति भए हामीलाई पुग्छ ।" येशूले तिनलाई भन्नुभयो, "फिलिप यतिको समयसम्म म तिमीहरूसंग छु, तै पनि तिमीले मलाई चिन्दैनौ ? जसले मलाई देखेको छ, त्यसले पितालाई देखेको छ, तिमी कसरी भन्न सक्छौ, हामीलाई पिता देखाइदिनुहोस् ।" पिताले जसरी मलाई प्रेम गर्नुभएको छ, मैले पनि तिमीहरूलाई प्रेम गरेको छु । तिमीहरू मेरो प्रेममा रहो । यदि मेरा आज्ञाहरू पालन गऱ्यौं भने तिमीहरू मेरा प्रेममा रहनेछौं, जसरी मैले मेरा पिताका आज्ञाहरू पालन गरेको छु र उहाँको प्रेममा रहन्छु । मैले यी कुरा तिमीहरूलाई यसैकारण भनेको छु, कि मेरा आनन्द तिमीहरूमा होस्, र तिमीहरूको आनन्द भरिपूर्ण होस् । मेरा आज्ञा यही हो, कि मैले तिमीहरूलाई जसरी प्रेम गरें, तिमीहरूले एक-अर्कालाई त्यसरी नै प्रेम गर, । आफ्ना मित्रहरूका लागि आफ्नो प्राण अर्पण गरिदिनुभन्दा ठूलो प्रेम अरु कसैको हुँदैन । म तिमीहरूलाई जे आज्ञा गर्दछु, ती तिमीहरूले गऱ्यौ भने, तिमीहरू मेरा मित्र हौ । अबदेखि म तिमीहरूलाई नोकर भन्दिनँ, किनकि त्यसका मालिकले के गर्दछ नोकरले जान्दैन तर मैले तिमीहरूलाई मित्र भनेको छु, किनभने जे मैले मेरा पिताबाट सुनें, मैले ती सबै तिमीहरूलाई जनाइदिएको छु । (यूहन्ना १४:८-९, १५:९-१५)*

**खोजतलास प्रक्रिया** - *मल र जल (पृष्ठ नं. ७ मा हेर्नुहोस्)*

**थप अध्ययनको निम्ति धर्मशास्त्रको खण्डहरू -** *काछाँट*
*(मत्ती ७:१६-२०, २ पत्रुस १:३-८, यूहन्ना १४:१५-२३, १ यूहन्ना ४:७-८, १ यूहन्ना ५ :१-५, कलस्सी १:१०)*

**प्रयोगको निम्ति प्रश्नहरू -** *फसलको कटनी (२ तिमोथी ३:१६-१७, पृष्ठ नं. ७ मा हेर्नुहोस्)*

**निष्कर्ष -** ख्रीष्ट येशूलाई पछ्याउने व्यक्तिको हैसियतले हामीहरू परमेश्वरका मित्रहरू हौं । परमेश्वरको मित्रको नाताले हामीले परमेश्वरको आवाजलाई सुनेर उहाँप्रति आज्ञाकारी हुन जरुरी छ । परमेश्वरको मित्र भएको कारण हामीले अरूलाई प्रेम गर्नु पर्दछ जसरी येशूले हामीलाई प्रेम गर्नुभयो ।

# फलदायी र गुणात्मक होऔं

www.iBFAM.org



## ख्रीष्टमा रहनु

### अध्ययनमाला २ जग (The Foundation)

*“ममा रहो, र म तिमीहरूमा रहन्छु । जसरी हाँगा दाखको बोटमा रहेन भने त्यो आफैले फल फलाउन सक्दैन, त्यसरी तिमीहरू ममा रहेनौं भने तिमीहरूले पनि सक्दैनौ ।” (यूहन्ना १५:४)*

पाठहरू :

२-१ बप्तिस्मा लिनु ....................................................................................................पृष्ठ ०३
*प्रभुमा विश्वास गर्नु*

२-२ हामीहरू संसारका ज्योति हौं ...........................................................................................पृष्ठ ०४
*येशू को हुनुहुन्छ यसबारे मानिसहरूलाई बताउनुहोस्*

२-३ अरूसित मिलाप गर्नु ..........................................................................................................पृष्ठ ०५
तपाईको विरुद्धमा पाप गर्नेलाई क्षमा दिनुहोस्

२-४ व्यभिचार नगर्नू ...................................................................................................................पृष्ठ ०६
*अरूलाई अभिलाषापूर्ण दृष्टिले हेर्नुहुँदैन*

२-५ परमेश्वरको दृष्टिमा विवाह पवित्र छ .......................................................................................पृष्ठ ०७
*परमेश्वरले पारपाचुके वा विवाह विच्छेदन चाहनुहुन्न*

२-६ अन्यायप्रति हाम्रो प्रतिक्रिया ...................................................................................................पृष्ठ ०८
*परमेश्वरको प्रेमको उदाहरणीय जीवन जिँउनुहोस्*

२-७ तिम्रो शत्रुलाई प्रेम गर ..........................................................................................................पृष्ठ ०९
*परमेश्वरले सबै मानिसहरूलाई प्रेम गर्नुहुन्छ*

२-८ अरुलाई देऊ ......................................................................................................................पृष्ठ १०
*खाँचोमा परेकाहरूलाई परमेश्वरले वास्ता गर्नुहुन्छ*

२-९ प्रार्थना ...............................................................................................................................पृष्ठ ११
*परमेश्वरसित कुराकानी गर्नु र उहाँबाट सुन्नु*

२-१० स्वर्गमा धन-सम्पत्ति थुपार ................................................................................................पृष्ठ १२
*हाम्रो जीवन र धन-सम्पत्तिद्वारा परमेश्वरको महिमा गर्नु*

२-११ फिक्री नगर .......................................................................................................................पृष्ठ १३
*परमेश्वरले तपाईको खाँचो जान्नुहुन्छ र त्यसको वास्ता गर्नुहुन्छ*

पाठ २-१२ अरूको न्याय नगर ......................................................................................................पृष्ठ १४
*परमेश्वर न्यायधीश हुनुहुन्छ*

२-१३ माग, खोज र ढकढक्याओ.....................................................................................................पृष्ठ १५
*परमेश्वरले खुरन्धार गरिएको प्रार्थनाको उत्तर दिनुहुन्छ*

# बप्तिस्मा लिनु

*प्रभुमा विश्वास गर्नु*

**पाठको विषय -***भूमिको तयारी*
पानीको बप्तिस्मा लिनु भनी परमेश्वरले आज्ञा गर्नुभएको छ। हामीले ख्रीष्टलाई ग्रहण गरी सकेपछि बप्तिस्मा लिनुपर्छ भनी बाइबलले सिकाउँछ। नयाँ विश्वासीहरूलाई पिता, पुत्र र पवित्र आत्माको नाउँमा पानीमा डुबाएर बाहिर निकाल्नुलाई नै बप्तिस्मा भनिन्छ। जब हामी ख्रीष्टियान विश्वासी हुन्छौं तब पानीको बप्तिस्मा लिन्छौं, बप्तिस्माचाहिँ आत्मिकी रुपमा नयाँ जन्म भएको एउटा चिन्ह हो। हामीहरू चाहिँ ख्रीष्टका चेलाहरू भयौं भनी बप्तिस्माले अरूलाई गवाही दिदँछ।

**धर्मशास्त्रको मुख्य पद -** *"यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ। (मत्ती २८: १९)*

**बाइबलको कथा -** *बीउ छर्नु*
***परिचयले कथालाई बुझ्न सहायता गर्दछ।***
फिलिप ख्रीष्टको अनुयायी थिए जसले परमेश्वरको राज्यको सुसमाचार घोषणा गरे।

***बाइबलको कथाको सुरुआत यसरी हुन्छ।***
*"फिलिप सामरियाको एउटा शहरमा गएर तिनीहरूलाई ख्रीष्ट प्रचार गरे। फिलिपले भनेका वचन सुनेर अनि तिनले गरेका चिन्हहरू देखेर, भीड्ले एक मनका भई तिनका कुरामा ध्यान दिए। किनकि धेरै जनाबाट अशुद्ध आत्माहरू ठूलो सोरले चिच्च्याउँदै निस्कन लागे, र धेरै जना पक्षघातका रोगीहरू र लङ्गडाहरू पनि निको पारिए। यसरी त्यस शहरमा ज्यादै आनन्द भयो। सिमोन नाउँ भएका एकजना मानिस त्यहाँ थियो। त्यसले अगाडी देखिनै त्यस शहरमा जादूगरी गरेर सामरियाका मानिसहरूलाई आश्चर्यचकित पारेको थियो, र आफूलाई मै हुँ भनी ठान्दथियो। त्यस मानिसलाई सानादेखि ठूलासम्म सबैले यसो भनेर मान्थे, "यो मानिस परमेश्वरको त्यो शक्ति हो, जसलाई महाशक्ति भनिन्छ।" तिनीहरूले त्यसलाई मान्थे, किनभने धेरै समयदेखि त्यसले आफ्नो जादूगरीले मानिसहरूलाई आश्चर्यचकित पारिराखेको थियो। तर जब तिनीहरूले परमेश्वरको राज्य येशू ख्रीष्टको नाउँ सुसमाचार सुनाउने फिलिपका कुरामा विश्वास गरे, तब पुरुष र स्त्रीहरूले बप्तिस्मा लिए। सिमोन आफैले पनि विश्वास गर्‍यो। त्यसले बप्तिस्मा लियो, र त्यो फिलिपसंग लागिरहचो, र चिन्हहरू र ठूला-ठूला अचम्मका काम गरेको देखेर त्यसलाई आश्चर्य लाग्यो।" (प्रेरित ८:५-१३)*

**खोजतलास प्रक्रिया -** *मल र जल* *(पृष्ठ नं. ७ मा हेर्नुहोस्)*

**थप अध्ययनको निम्ति धर्मशास्त्रको खण्डहरू -** *काटछाँट*
*(प्रेरित १८:८, रोमी ६:४-५,कलस्सी २:१२, गलाती ३:२७)*

**प्रयोगको निम्ति प्रश्नहरू -** *फसलको कटनी (२ तिमोथी ३:१६-१७,* *पृष्ठ नं. ७ मा हेर्नुहोस्)*

**निष्कर्ष -** ख्रीष्टको प्रत्येक अनुयायीले बप्तिस्मा लिनुपर्छ भनी बाइबलले भन्दछ। जुन दिन हामीले येशूलाई प्रभु र मुक्तिदाताको रुपमा ग्रहण गर्‍यौं पानीको बप्तिस्माचाहिँ त्यो दिनको एउटा चिन्ह हो। हामीहरू ख्रीष्टका चेलाहरू हौं भनी बप्तिस्माले गवाही दिदँछ।

## हामीहरू संसारको ज्योति हौं

*येशू को हुनुहुन्छ यसबारे मानिसहरूलाई बताउनुहोस्*

**पाठको विषय -** *भूमिको तयारी*
खीष्टियान विश्वासी तिनैलाई भनिन्छ जसले येशू खीष्टलाई पछ्याउँछ । खीष्टियानहरू संसारको ज्योति भई येशू खीष्टबारे अरूलाई बताउनुपर्छ भनी धर्मशास्त्र बाइबलले भन्दछ ।

**धर्मशास्त्रको खण्ड -** *"तिमीहरू संसारका ज्योति हौ । डाँडामाथि बसालिएको सहर लुक्न सक्दैन । मानिसहरूले बत्ती बालेर पाथीले त छोप्दैनन्, तर सामदानमा राख्दछन्, र घरमा हुने सबैको निम्ति त्यसले उज्यालो दिन्छ । यसरी नै तिमीहरूको ज्योति मानिसहरूका सामुन्ने चम्कोस्, र तिनीहरूले तिमीहरूका सुकर्म देखून्, र स्वर्गमा हुनुहुने तिमीहरूका पिताको महिमा गरुन् ।" (मत्ती ५:१४-१६)*

**बाइबलको कथा -** *बीउ छर्नु*
***परिचयले कथालाई बुझ्न सहायता गर्दछ ।***
येशू खीष्ट इनारको नजिकै उभिरहनुभएको थियो । एकजना स्त्री पानी भर्नको निम्ति त्यहाँ आइन् । त्यो स्त्रीसित येशूले पानी माग्नुभयो । म अनन्त जीवनको पानी दिनसक्छु भनी येशूले त्यो स्त्रीलाई भन्नुभयो । ईश्वरीय ज्ञान बिना आफ्नो जीवनबारे थाहा गर्न सक्तैन भनी येशूले त्यो स्त्रीलाई भन्नुभयो । त्यो स्त्रीको सन्मुख येशू परमेश्वरको रुपमा प्रकट हुनुभयो । येशूले भन्नुभएको सबै कुराहरू सुनेर त्यो स्त्री छक्क परिन् र येशूले भन्नुभएको कुराहरूमाथि विश्वास गरिन् ।

***बाइबलको कथाको सुरुआत यसरी हुन्छ ।***
*तब त्यो स्त्री आफ्नो गाग्रो छोडेर नगरतिर गई, र मानिसहरूलाई भनी, "आओ एक जना मानिसलाई हेर, जसले मैले गरेका सबै काम मलाई बताइदिनुभयो । कतै उहाँ नै खीष्ट त हुनुहुन्न ?" तब तिनीहरू नगरबाट निस्केर उहाँ कहाँ गए । "मैले जे गरें उहाँले मलाई सबै भनिदिनुभयो" भन्ने त्यस स्त्रीको गवाहीले त्यस नगरका सामरीहरूमध्ये धेरैले उहाँमाथि विश्वास गरे । यसकारण जब सामरीहरू उहाँ कहाँ आए, तब तिनीहरूले उहाँलाई तिनीहरूसंग बस्न बिन्ती गरे, र उहाँ दुइ दिन त्यहाँ बस्नुभयो । अनि उहाँका वचनका कारण अरू धेरैले उहाँमाथि विश्वास गरे । त्यस स्त्रीलाई तिनीहरूले भने, "अब तिमीले भनेका कुराले गर्दा हामीले विश्वास गरेका होइनौं, तर हामी आफैले सुनेका कारणले साँच्चै उहाँ संसारका मुक्तिदाता हुनुहुन्छ भनी हामीले जानेका छौं ।" (यूहन्ना ४: २८-३०; ३९-४२)*

**खोजतलास प्रक्रिया -** *मल र जल (पृष्ठ नं. ७ मा हेर्नुहोस्)*

**थप अध्ययनको निम्ति धर्मशास्त्रको खण्डहरू -** *काटछाँट*
*(प्रेरित १:८, मर्कूस १६:१५-१६लूका ११:३३-३६)*

**प्रयोगको निम्ति प्रश्नहरू -** *फसलको कटनी (२ तिमोथी ३:१६-१७, पृष्ठ नं. ७ मा हेर्नुहोस्)*

**निष्कर्ष -** येशू संसारको साँचो मुक्तिदाता र ज्योति हुनुहुन्छ । तिमीहरू मानिसहरू कहाँ गएर ज्योति बन ताकि मानिसहरूले उहाँ को हुनुहुन्छ थाहा पाउन सकोस् भनी येशूले आफ्ना चेलाहरूलाई आज्ञा गर्नुभयो ।

पाठ
२-३

# अरुसित मिलाप गर्नु

*तपाईको विरुद्धमा पाप गर्नेलाई क्षमा दिनुहोस्*

**पाठको विषय -** *भूमिको तयारी*
एक अर्को शान्तिसित जिउनुपर्छ भनी येशूले आफ्ना चेलाहरूलाई शिक्षा दिनुभयो । हाम्रो विरुद्धमा अपराध गर्ने मानिसहरूप्रति दयालु हुनुपर्छ भनी खीष्टियान विश्वासीहरूलाई सिकाइएको छ । एक अर्को शान्तिसँग जिँउनु नै हाम्रो विरुद्धमा अपराध गर्ने मानिसहरूलाई क्षमादान दिनु हो ।

**धर्मशास्त्रको मुख्य खण्ड -** *"यसकारण तिमीले वेदीमा आफ्नो भेटी चढ़ाउँदा तिम्रो भाइको हृदयमा तिम्रो विरुद्धमा केही छ भन्ने तिमीलाई याद भयो भने, तिम्रो भेटी त्यही वेदीको सामु छोड़, र जाऊ । पहिले आफ्नो भाइसंग मिलाप गर, र त्यसपछि आएर आफ्नो भेटी चढ़ाऊ ।" (मत्ती ५:२३-२४)*

**बाइबलको कथा -** *बीउ छर्नु*
***परिचयले कथालाई बुझ्न सहायता गर्दछ ।***
हाम्रो विरुद्ध पाप गर्ने मानिसलाई हामीले कतिपल्टसम्म क्षमा दिनुपर्छ भनी चेलाहरूमध्ये एक जनाले येशूलाई प्रश्न गरे । येशूले निम्न दृष्टान्त भन्नुभयो ।

***बाइबलको कथाको सुरूआत यसरी हुन्छ ।***
*"यसकारण स्वर्गको राज्य एउटा राजासँग तुलना गर्न सकिन्छ, जसले आफ्ना नोकरहरूसँग हिसाब लिने इच्छा गरे । जब तिनले हिसाब लिन लागे, दश हजार सुनका सिक्का ऋण लिने एक जना तिनी कहाँ ल्याइयो । तर त्यस मानिसले तिर्न नसक्दा त्यसका मालिकले त्यसलाई र त्यसका स्वास्नी र छोराछोरी र त्यसका सबै थोक बेची ऋण चुकाउने हुकुम दिए । "तब त्यस नोकरले घुँड़ा टेकी तिनका पाउमा परेर भन्न लाग्यो, "मालिक, ममाथि धैर्य गर्नुहोस्, म तपाईको सबै ऋण चुकाउनेछु ।" तब त्यस नोकरका मालिकले टिठ्याएर त्यसलाई छोड़िदिए, र त्यसको ऋण माफी गरिदिए । "तर त्यस नोकरले निस्केर जाँदा आफ्नो सङ्गी-नोकरहरूमध्ये एक जनालाई भेट्यो, जो त्यसको एक सय चाँदीका सिक्काको ऋणी थियो । उसलाई घोक्रोमा पक्रेर त्यसले भन्यो, "तेरो ऋण तिरिहाल् । "तर त्यसको सङ्गी-नोकरले घोप्टो परेर त्यसलाई बिन्ती गर्‍यो, "ममाथि धैर्य गर, म तिमीलाई सबै तिरिदिन्छु । "तर त्यो मानेन, र गएर ऋण नतिरुन्जेलसम्म उसलाई झ्यालखानमा हालिदियो । त्यसका सङ्गी-नोकरहरूले यी सबै देखे र तिनीहरू अति दुःखित भए । तिनीहरूले गएर यी सब घटना आफ्ना मालिकलाई बताइदिए । "तब मालिकले त्यस नोकरलाई आफूकहाँ बोलाएर भने, "ए दुष्ट नोकर, तैंले मसँग बिन्ती गरिस्, र मैले तँलाई तेरो ऋण माफी गरिदिएँ । मैले तँमाथि दया गरेझैं तैंले पनि तेरो सङ्गी-नोकरमाथि दया गर्नुपर्ने थिएन ? तब त्यसका मालिकले क्रूद्ध भएर त्यसलाई सबै ऋण नतिरुन्जेल दण्ड दिनेहरूका हातमा सुम्पिदिए । "तिमीहरूले आफ्नो भाइलाई आफ्नो हृदयदेखि क्षमा गरेनौ भने, स्वर्गमा हुनुहुने मेरा पिताले पनि तिमीहरूसँग त्यसै गर्नुहुनेछ ।" (मत्ती १८:२३-३५)*

**खोजतलास प्रक्रिया -** *मल र जल (पृष्ठ नं. ७ मा हेर्नुहोस्)*

**थप अध्ययनको निम्ति धर्मशास्त्रको खण्डहरू -** *काटछाँट*
*(मत्ती ६:१४, लूका ११:४, लूका १७:३-४, २ कोरिन्थी २:५-११, कलस्सी ३:१२-१४, एफिसी ४:३२, मर्कूस ११:२५-२६)*

**प्रयोगको निम्ति प्रश्नहरू -** *फसलको कटनी (२ तिमोथी ३:१६-१७, पृष्ठ नं. ७ मा हेर्नुहोस्)*

**निष्कर्ष -** जसरी परमेश्वरले हाम्रो अपराध क्षमा गर्नुभयो ठीक त्यसरी नै खीष्टको अनुयायीहरूले आफ्ना अपराधीहरूलाई क्षमा गर्नुपर्छ । खीष्टको अनुयायीहरू आफ्ना छिमेकीहरूसँग मेल-मिलापमा बस्नुपर्छ भनी सिकाइएको छ ।

पाठ
२-४

# व्यभिचार नगर्नू

*अरूलाई अभिलाषापूर्ण दृष्टिले हेर्नुहुँदैन*

**पाठको विषय** - *भूमिको तयारी*
येशूले आफ्ना चेलाहरूलाईं व्यभिचार गर्नुहुन्न भनी शिक्षा दिनुभयो । अरूलाई अभिलाषापूर्ण दृष्टिले हेर्नु चाहिँ पाप हो भनी सिकाउनुभयो ।

**धर्मशास्त्रको मुख्य खण्ड** - *"तिमीहरूले यसो भनेको सुनेका छौ, 'तैंले व्यभिचार नगर् ।' तर म तिमीहरूलाई भन्दछु, जसले कोही स्त्रीलाई कामवासनाको इच्छाले हेर्दछ, त्यसले अघिबाटै आफ्नो हृदयमा त्यससँग व्यभिचार गरिसकेको हुन्छ ।" (मत्ती ५: २७-२८)*

**बाइबलको कथा** :*बीउ छर्नु*
***परिचयले कथालाई बुझ्न सहायता गर्दछ ।***
दाऊद इस्राएल देशको एक प्रख्यात राजा थिए । दाऊदले एकजना महिलाले स्नान गरिरहेकी देखे र उनीप्रति अभिलाषापूर्ण हृदयले आकर्षित गऱ्यो । त्यो महिलाचाहिँ दाऊद राजाको कप्तानकी पत्नी थिई । त्यो कप्तानको नाउँ उरिया हित्ती थियो । दाऊदले आफ्नो नोकरलाई त्यो महिलालाई आफूकहाँ ल्याउन लगाए । दाऊदले त्यो महिलासित सहवास गरेर उनलाई दुइ जीउकी बनाए । दाऊदले उरियालाई युद्धमा पठाए र युद्ध भूमिमा नै त्यसले आफ्नो ज्यान गुमायो । दाऊदले गरेको व्यभिचारको कामप्रति परमेश्वर बेखुश हुनुभयो । यसैकारण परमेश्वरले दाऊदकहाँ नातान भन्ने अगमवक्तालाई पठाउनुभयो ।

***बाइबलको कथाको सुरूआत यसरी हुन्छ ।***
*"परमप्रभुले नातान अगमवक्तालाई दाऊदकहाँ पठाउनुभयो, र तिनी दाऊदको उपस्थितिमा हाजिर भएर तिनले भने, "एक पल्ट एउटा शहरमा दुइ जना मानिस थिए, एक जना धनी र अर्कोचाहिँ गरीब । धनी मानिसका धेरै भेड़ाबाखाका बगाल र गाई-गोरुका बथान थिए, तर त्यो गरीब मानिसको आफूले किनेको एउटा सानो पाठीबाहेक आफ्नो भन्ने केही थिएन । उसले त्यसलाई आफैले पालनपोषण गऱ्यो, र आफ्नै घरमा आफ्नै छोराछोरीसँग त्यो हुर्क्यो । त्यसले उसकै थालमा खान्थ्यो, र उसकै कचौरामा पिउँथ्यो र उसकै काखमा सुत्थ्यो । त्यसलाई उसले आफ्नो छोरीलाई जस्तै गर्थ्यो । एक दिन एउटा परदेशी त्यो धनी मानिसको घरमा आयो, अनि त्यस धनी मानिसले पाहुनालाई आफ्नो बगाल र बथानबाट केही दिने मन गरेन, तर त्यस गरीब मानिसको पाठी ल्याएर त्यस पाहुनाको निम्ति भोजन तयार गऱ्यो ।" दाऊदलाई त्यस कुराले साह्रै रीस उठ्यो, र तिनले कराएर भने, "जीवित परमप्रभुको नाउँमा म भन्दछु, कि यस्तो काम गर्ने मानिस मृत्युको योग्य छ ⍰त्यसले दया माया नगरेर यस्तो काम गरेबापत त्यस पाठीको साटो चार गुणा तिर्नुपर्छ ।" तब नातानले दाऊदलाई भने, "त्यो मानिस तपाई नै हो ⍰परमप्रभु इस्राएलका परमेश्वर भन्नुहुन्छ : 'मैले तँलाई इस्राएलमाथि राजा अभिषेक गरें । मैले तँलाई शाऊलको हातबाट छुटाएँ । मैले तँलाई तेरा मालिकको घर र त्यसका स्वास्नीहरू तेरै हुनलाई दिएँ । मैले तँलाई इस्राएल र यहूदाका घरानाहरू दिएँ । अनि यतिले नपुगेको भए म तँलाई अरू धेरै दिने थिएँ । तर तैंले उहाँको दृष्टिमा जे खराब थियो त्यो गरेर किन परमप्रभुको वचनलाई तुच्छ ठानिस् ? तैले हित्ती उरियाहलाई तरवारले मारिस् र तैंले त्यसकी पत्नीलाई आफ्नी बनाउन लगिस् । तैंले त्यस मानिसलाई अम्मोनीहरूको तरवारले मर्न दिइस् ।" (२ शमूएल १२:१-९)*

**खोजतलास प्रक्रिया** - *मल र जल (पृष्ठ नं. ७ मा हेर्नुहोस्)*

**थप अध्ययनको निम्ति धर्मशास्त्रको खण्डहरू** - *काटछाँट*
*(प्रस्थान २०:१४, हिब्रू १३:४ एफिसी ५:३-५, १कोरिन्थी ६:१३-२०, कलस्सी ३:१-११, १ थिस्सलोनिकी ४:३-८, हितोपदेश ६:३२)*

**प्रयोगको निम्ति प्रश्नहरू** - *फसलको कटनी (२ तिमोथी ३:१६-१७, पृष्ठ नं. ७ मा हेर्नुहोस्)*

**निष्कर्ष** - व्यभिचार चाहिँ अवैधानिक वैवाहिक सम्बन्ध हो । परमेश्वरको दृष्टिमा व्यभिचार गर्नु पाप हो । येशूले आफ्ना चेलाहरूलाई व्यभिचार नगर्नू भनी शिक्षा दिनुभयो । लोभ गर्नु वा अरूमाथि अभिलाषापूर्ण सोच राख्नु पनि पाप हो ।

# परमेश्वरको दृष्टिमा विवाह पवित्र छ

*परमेश्वरले पारपाचुके वा विवाह विच्छेदन चाहनुहुन्न*

पाठ
२-५

**पाठको विषय -** *भूमिको तयारी*
परमेश्वरको दृष्टिमा विवाह पवित्र र एकदमै महत्त्वपूर्ण छ

**धर्मशास्त्रको मुख्य खण्ड -** *"तर म तिमीहरूलाई भन्दछु, जसले आफ्नी पत्नीलाई व्यभिचारको कारणबाहेक अरू कारणले त्याग गर्ला, त्यसले उसलाई व्यभिचारिणी तुल्याउँछ, र जसले त्याग गरिएकी स्त्रीसँग विवाह गर्ला, त्यसले व्यभिचार गर्नेछ। (मत्ती ५:३२)*

**बाइबलको कथा -** *बीउ छर्नु*
***परिचयले कथालाई बुझ्न सहायता गर्दछ।***
येशूले बिरामी निको पार्नुभएको कारण र मानिसहरूलाई शिक्षा दिनुभएको कारण उहाँलाई एउटा ठूलो भीड्ले पछ्याइरहेको थियो। फरिसीहरू पनि येशूकहाँ आएर धेरै ओटा प्रश्नहरू सोधे। यहूदी जातिको समुदायमा फरिसीहरूचाहिँ धार्मिक अगुवाहरू थिए। फरिसीहरूले धेरैओटा धार्मिक नियमहरू पालन गर्थे जुन नियमहरू परमेश्वरले मोशाद्वारा दिनुभएको थियो। मोशा एक अगुवा थिए, येशूको जन्म हुनुभन्दा पहिले तिनले धेरै वर्षहरूसम्म इस्राएलीहरूलाई नेतृत्व दिने काम गरे।

***बाइबलको कथाको सुरूआत यसरी हुन्छ।***
*"फरिसीहरू उहाँकहाँ आएर उहाँलाई जाँच गर्न भनी उहाँलाई सोधे, "के कसैले कुनै कारण स्वास्नीसँग विवाहविच्छेद गर्न उचित छ?" तर उहाँले भन्नुभयो, "के तिमीहरूले पढ्ेका छैनौ, कि सृष्टिकर्ताले तिनीहरूलाई शुरूमा नै नर र नारी बनाउनुभयो, र भन्नुभयो, 'यसैकारण मानिसले आफ्ना बाबु र आमालाई छोड्ेर आफ्नी स्वास्नीसँग मिलिरहन्छ, र ती दुइ जना एउटै शरीर हुनेछन्।' ती अब दुइ होइनन, तर एउटै शरीर हुन्छन्। यसकारण परमेश्वरले जसलाई एकसाथ जोर्नुभएको छ, त्यसलाई कुनै मानिसले नछुट्ट्याओस्।" तिनीहरूले उहाँलाई भने, "मोशाले किन विवाहविच्छेदको त्यागपत्र दिएर पत्नीलाई त्याग्ने आज्ञा दिए?" उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरूका हृदयको कठोरताले गर्दा नै मोशाले पत्नीलाई त्याग गर्ने अनुमति तिमीहरूलाई दिएका हुन्। तर शुरुदेखि यस्तो थिएन। म तिमीहरूलाई भन्दछु, जसले व्यभिचारको कारणबाहेक आफ्नी स्वास्नीलाई त्यागेर अर्कीसँग विवाह गर्छ, त्यसले व्यभिचार गर्दछ, अनि जसले त्यागिएकीलाई विवाह गर्छ, त्यसले पनि व्यभिचार गर्दछ।" (मत्ती १९:३-९)*

**खोजतलास प्रक्रिया -** *मल र जल (पृष्ठ नं. ७ मा हेर्नुहोस्)*

**थप अध्ययनको निम्ति धर्मशास्त्रको खण्डहरू -** *काटछाँट*
*(उत्पत्ति २:२०-२४, १ कोरिन्थी ७: १-१७, एफिसी ५:२१-२८)*

**प्रयोगको निम्ति प्रश्नहरू -** *फसलको कटनी (२ तिमोथी ३:१६-१७, पृष्ठ नं. ७ मा हेर्नुहोस्)*

**निष्कर्ष -** विवाह परमेश्वरले नै सुरुआत गर्नुभएको हो। परमेश्वरको दृष्टिमा यो पवित्र छ। वैवाहिक बन्धनलाई कायम राख्न येशूका अनुयायीहरू सदैव प्रयत्नशील रहनुपर्छ।

# अन्यायप्रति हाम्रो प्रतिक्रिया

*परमेश्वरको प्रेमको उदाहरणीय जीवन जिँउनुहोस्*

**पाठको विषय -** *भूमिको तयारी*
अन्यायप्रति हामीले कसरी प्रतिक्रिया जनाउने यसबारे येशूले आफ्ना चेलाहरूलाई सिकाउनुभयो । हाम्रो विरुद्धमा पाप गर्ने व्यक्तिहरूसित बद्ला लिनु हुँदैन भनी येशूले चेलाहरूलाई सिकाउनुभयो । येशूले भन्नुभयो कि उहाँलाई पछ्याउनेहरूले प्रेम र दयाको उदाहरणीय जीवन जिउँनुपर्छ ।

**धर्मशास्त्रको मुख्य खण्ड -** *"तर म तिमीहरूलाई भन्दछु, दुष्टको मुकाबिला नगर । जसले तिम्रो दाहिने गाला चड्काउला, त्यसलाई अर्को गाला पनि थापिदेऊ । यदि कोही मानिसले मुद्दा चलाएर तिम्रो दौरा लिने दाबी गर्छ भने, त्यसलाई तिम्रो खास्टो पनि दिइहाल । यदि कसैले तिमीलाई एक किलोमिटर जान बाध्य गर्छ भने, ऊसँग दुइ किलोमिटर गइदेऊ ।" (मत्ती ५:३९-४१)*

**बाइबलको कथा -** *बीउ छर्नु*
***परिचयले कथालाई बुझ्न सहायता गर्दछ ।***
यहूदा येशूका चेलाहरूमध्ये एक थिए । धार्मिक अगुवाहरूले येशूलाई मार्न चाहन्थ्यो । पैसाको खातिर यहूदाले येशूलाई धोका दियो । यहूदा बाहेक येशू आफ्ना चेलाहरूसँग बोलिरहनु भएको थियो । येशूलाई थाहा थियो कि यहूदाचाहिँ उहाँलाई धोका दिन आउँदैछ भनेर ।

***बाइबलको कथाको सुरूआत यसरी हुन्छ ।***
*"उहाँ बोल्दाबोल्दै, एउटा भीड् त्यहाँ आईपुग्यो । बाह्र चेलामध्ये एक जना यहूदा भन्नेचाहिँ तिनीहरूका अगि अगि आयो । येशूलाई चुम्बन गर्नलाई त्यो उहाँको नजीकै गयो । तर येशूले त्यसलाई भन्नुभयो, "यहूदा के तिमी मानिसको पुत्रलाई चुम्बनद्वारा विश्वासघात गर्न चाहन्छौ ?" तब उहाँको छेउछाउमा भएकाहरूले के हुने हो, सो देखेर उहाँलाई भने, "प्रभु के हामी तरवार चलाऔं ?" तिनीहरूमध्ये एक जनाले प्रधान पुजाहारीको नोकरलाई हान्यो, र त्यसको दाहिने कान च्वाट्टै काटिदियो । तर येशूले भन्नुभयो, "भयो, अब रहन देओ ।" अनि त्यस मान्छेको कान छोएर उहाँले त्यसलाई निको पारिदिनुभयो । अनि उहाँको विरुद्धमा आएका मुख्य पुजाहारीहरू, मन्दिरका कप्तानहरू र धर्म-गुरुहरूलाई उहाँले भन्नुभयो, "के तपाईहरू डाँकूको विरुद्धमा आएजस्तै तरवार र लाठाहरू लिएर आउनुभयो ?" म दिनहुँ मन्दिरमा तपाईहरूका साथमा हुँदा तपाईहरूले मेरो विरुद्धमा हात उठाउनु भएन । तर अब तपाईहरूको समय हो, र अन्धकारको शक्ति यही हो ।" (लूका २२:४७-५३)*

**खोजतलास प्रक्रिया** - *मल र जल (पृष्ठ नं. ७ मा हेर्नुहोस्)*

**थप अध्ययनको निम्ति धर्मशास्त्रको खण्डहरू -** *काटछाँट*
*( रोमी १२: १७-२१, यूहन्ना १३:३४, मकूर्स १२:२८-३१, १ पत्रुस १:२२, १ यूहन्ना ३:११, १ यूहन्ना ४:७-८, १ कोरिन्थी ४:१२, १ पत्रुस ३:९, २ कोरिन्थी १२:१०, लूका ६:३२, एफिसी ५:१-२)*

**प्रयोगको निम्ति प्रश्नहरू -** *फसलको कटनी (२ तिमोथी ३:१६-१७, पृष्ठ नं. ७ मा हेर्नुहोस्)*

**निष्कर्ष -** हाम्रो विरुद्ध पाप गर्नेहरूसित बदला नलेऊ भनी येशूले आफ्ना चेलाहरूलाई सिकाउनुभयो । अरू मानिसहरूको (अखीष्टियान) तुलनामा खीष्टका चेलाहरूले आफ्ना अगि उभिएका समस्यालाई भिन्नै प्रकारले व्यवहार गर्दछन् किनकि तिनीहरूले येशूको प्रेमलाई थाहा गरेको हुन्छ । खीष्टियानहरूले सबै मानिसहरूप्रति प्रेम, दया र भलाई गर्दै एउटा असल उदाहरणीय जीवन जिउँन पर्दछ ।

# तिम्रो शत्रुलाई प्रेम गर

*परमेश्वरले सबै मानिसहरूलाई प्रेम गर्नुहुन्छ*

**पाठको विषय -** *भूमिको तयारी*
आफ्ना शत्रुहरूलाई प्रेम गर्न र तिनीहरूको निम्ति प्रार्थना गर्न येशूले आफ्ना चेलाहरूलाई शिक्षा दिनुभयो । हामीलाई अभद्र व्यवहार गर्ने व्यक्तिहरूलाई प्रेम गर्न सजिलो छैन, भनी उहाँले सिकाउनुभयो । येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो कि तिमीहरूचाहिँ अरू मानिसहरू भन्दा फरक छौ र जोहरू अप्ठ्यारो परिस्थितिमा छन् तिनीहरूलाई प्रम गर्नु पर्दछ ।

**धर्मशास्त्रको मुख्य खण्ड -** *"तर म तिमीहरूलाई भन्दछु, आफ्ना शत्रुहरूलाई प्रेम गर, र तिमीहरूलाई सताउनेहरूको निम्ति प्रार्थना गर र तिमीहरू स्वर्गमा हुनुहुने आफ्ना पिताका छोराहरू हुनेछौ । उहाँले दुष्ट र सज्जन दुवैलाई सूर्यको ताप दिनुहुन्छ, र धर्मी र पापी दुवैलाई वृष्टी दिनुहुन्छ ।" (मत्ती ५:४४-४५)*

**बाइबलको कथा -** *बीउ छर्नु*
***परिचयले कथालाई बुझ्न सहायता गर्दछ ।***
जब येशू शारीरिक रुपमा संसारमा हुनुहुन्थ्यो, उहाँको वरिपरि धेरै जना शत्रुहरू थिए । शत्रुहरूले येशूलाई घृणा गर्थे । ती शत्रुहरूले सताएर अन्तमा येशूलाई मृत्युको मुखमा पुऱ्याएका थिए ।

***बाइबलको कथाको सुरुआत यसरी हुन्छ ।***
*"तिनीहरूले उहाँलाई त्यहाँबाट लैजाँदा, गाउँबाट आइरहेको सिमोन नाउँको कुरेनी निवासीलाई समाते, र क्रूस बोकेर उहाँको पछिपछि जान लगाए । मानिसहरूको ठूलो धूइरो उहाँको पछि लाग्यो । त्यसमा स्त्रीहरू पनि थिए, जो विलाप गर्दै र रुँदै थिए । अब तिनीहरूले दुइ अपराधीहरूलाई उहाँसँगै मृत्युदण्ड दिनलाई लगे । जब तिनीहरू खप्परे भन्ने ठाउँमा आए, तब त्यहाँ तिनीहरूले उहाँलाई क्रूसमा टाँगे, र ती अपराधीहरूमध्ये एउटालाई दाहिनेपट्टि र अर्कालाई देब्रेपट्टि क्रूसमा टाँगे । अनि येशूले भन्नुभयो, "हे पिता, यिनीहरूलाई क्षमा गर्नुहोस्, किनकि यिनीहरूले के गर्दैछन् सो जान्दैनन् ।" अनि तिनीहरूले उहाँको वस्त्र भाग गरेर चिट्ठा हाले । मानिसहरू उभिएर हेरिरहेका थिए । शासकहरूले उहाँको ठट्टा गर्दै भने "यसले अरूलाई बचायो, यो परमेश्वरको ख्रीष्ट तथा उहाँका चुनिएका जन हो भने यसले आफैलाई बचाओस् ।" सिपाहीहरूले पनि आएर उहाँलाई सिर्का दिँदै यसो भनेर गिल्ला गरे, "तँ यहूदीहरूका राजा होस् भने आफूलाई बचा ।" "यो यहूदीहरूको राजा हो" भन्ने दोष-पत्र पनि उहाँको मास्तिर थियो । क्रूसमा टाँगिएका अपराधीहरूमध्ये एक जना अपराधीले उहाँको अपमान गर्दै भन्यो, "के तिमी ख्रीष्ट होइनौ ? तिमी आफैलाई र हामीलाई बचाऊ ।" तर त्यसलाई हकारेर अर्कोले जवाफ दियो, "तँ पनि त्यही दण्डमा परेको छस्, तापनि परमेश्वरको डर मान्दैनस् ? हाम्रो दण्ड त न्यायोचित छ, किनकि हामीले त आफ्नो कामको उचित फल भोगिरहेका छौं, तर यी मानिसले त केही अनुचित काम गरेका छैनन् ।" तब त्यसले भन्यो, "हे येशू तपाई आफ्नो राज्यमा आउनुहुँदा मलाई सम्झनुहोस् ।" उहाँले त्यसलाई भन्नुभयो, "साँच्चै म तिमीलाई भन्दछु, आजै तिमी मसित स्वर्गलोकमा हुनेछौ ।" (लूका २३:२६-२७, ३२-४३)*

**खोजतलास** प्रक्रिया - *मल र जल (पृष्ठ नं. ७ मा हेर्नुहोस्)*

**थप अध्ययनको निम्ति धर्मशास्त्रको खण्डहरू -** *काटछाँट*
*( मर्कूस १२:२८-३१, यूहन्ना १३:३४, रोमी १२:१७-२१, लूका ६:२७-३८))*

**प्रयोगको निम्ति प्रश्नहरू -** *फसलको कटनी (२ तिमोथी ३:१६-१७, पृष्ठ नं. ७ मा हेर्नुहोस्)*

**निष्कर्ष -** हाम्रो विरुद्धमा उठ्ने जो कोहीलाई पनि प्रेम गर्नुपर्दछ भनी येशूले सिकाउनु भएको छ । येशूलाई सताउने र हत्या गर्ने व्यक्तिहरू प्रति उहाँले दया देखाउनु भएको थियो । येशू ख्रीष्टका चेलाहरूले पनि आफ्ना शत्रुहरूलाई येशूले व्यवहार गर्नु भएझैं गर्नुपर्छ ।

# अरूलाई देऊ

*खाँचोमा परेकाहरूलाई परमेश्वरले वास्ता गर्नुहुन्छ*

**पाठको विषय -** *भूमिको तयारी*
खाँचोमा परेकाहरूलाई सहयोग गर्नेबारे येशूले आफ्ना चेलाहरूलाई सिकाउनुभयो । कतिजना खीष्टका चेलाहरूले खाँचोमा परेकाहरूलाई दिँदैन, जोहरू आफ्ना वरिपरि छन् । जब खीष्टियानहरूले खाँचोमा परेकाहरूलाई दिँदछ यो कुरो परमेश्वरले देख्नुहुन्छ र तिनीहरूलाई परमेश्वरले स्वर्गमा इनाम दिनुहुनेछ ।

**धर्मशास्त्रको मुख्य खण्ड -** *तर जब तिमी दान दिँदछौ, तिम्रो दाहिने हातले के गरिरहेछ सो देब्रे हातले थाहा नपाओस् । तिम्रो दान गुप्तमा होस्, र गुप्तमा देख्नुहुने तिम्रा पिताले तिमीलाई इनाम दिनुहुनेछ । (मत्ती ६:३-४)*

**बाइबलको कथा -** *बीउ छर्नु*
***परिचयले कथालाई बुझ्न सहायता गर्दछ ।***
संसारको अन्तमा के हुनेछ भनी चेलाहरूले येशूलाई प्रश्न गरे । संसारको अन्तमा उहाँचाहिँ सारा संसारका राजा हुनुहुनेछ र सबै मानिसको न्याय गर्नुहुनेछ भनी येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो ।

***बाइबलको कथाको सुरुआत यसरी हुन्छ ।***
*"... उसको सामुन्ने सबै जातिहरू भेला हुनेछन्, र जसरी गोठालाले भेड़ा र बाखालाई छुट्टयाउँछ, त्यसरी नै उसले तिनीहरूलाई एउटालाई अर्काबाट अलग गर्नेछ । उसले भेड़ाहरूलाई आफ्नो दाहिनेपट्टि र बाखाहरूलाई देब्रेपट्टि राख्नेछ । "तब राजाले आफ्ना दाहिनेपट्टिकाहरूलाई भन्नेछ, 'आओ, मेरा पिताका धन्यका हो ⊠संसारको उत्पत्तिदेखि तिमीहरूका निम्ति तयार गरिएको राज्यलाई अधिकार गर । किनभने म भोकाएको थिएँ, तिमीहरूले मलाई खान दियौ । म तिर्खाएको थिएँ, तिमीहरूले मलाई पिउन दियौ । म परदेशी थिएँ, तिमीहरूले मलाई आश्रय दियौ । नाङ्गै थिएँ, तिमीहरूले मलाई वस्त्र लगाई दियौ । बिरामी थिएँ, तिमीहरू मलाई हेर्न आयौ । भ्यालखानमा थिएँ, तिमीहरू म कहाँ आयौ ।' "तब धर्मी जनहरूले उनलाई जवाफ दिनेछन्, 'हे प्रभु, कहिले हामीले तपाईलाई भोकाउनु भएको देख्यौं, र खान दियौं ? अथवा तिर्खाउनु भएको देख्यौं, र पिउन दियौं ? कहिले हामीले तपाईलाई परदेशी देख्यौं, र तपाईलाई आश्रय दियौं ? अथवा नाङ्गो देख्यौं र वस्त्र लगाइदियौं ? र कहिले हामीले तपाईलाई बिरामी वा भ्यालखानमा देख्यौं, र तपाईकहाँ आयौं ?' "तब राजाले तिनीहरूलाई जवाफ दिएर भन्नेछन्, "साँच्चै, म तिमीहरूलाई भन्दछु, तिमीहरूले यी मेरा भाइहरूमध्ये सबैभन्दा सानामा एक जनालाई जे-जति गऱ्यौ, त्यो तिमीहरूले मलाई नै गऱ्यौ ।' "त्यसपछि उनले देब्रेपट्टिका मानिसहरूलाई भन्नेछन्, "श्रापित मानिस हो ⊠मबाट दूर होओ, र दियाबलस र त्यसका दूतहरूका लागि तयार गरिएको अनन्तको आगोमा जाओ । किनभने म भोकाएको थिएँ, तिमीहरूले मलाई खान दिएनौ । तिर्खाएको थिएँ, तिमीहरूले मलाई पिउन दिएनौ । म परदेशी थिएँ, तिमीहरूले मलाई आश्रय दिएनौ । नाङ्गो थिएँ, र तिमीहरूले मलाई वस्त्र लगाइदिएनौ, बिरामी र भ्यालखानमा थिएँ, र तिमीहरू मलाई हेर्न आएनौ ।' "तिनीहरूले पनि यसो भनेर जवाफ दिनेछन्, 'प्रभु' कहिले हामीले तपाईलाई भोकाएको वा तिर्खाएको देख्यौं, परदेशी वा नाङ्गो वा बिरामी देख्यौं, वा भ्यालखानमा देख्यौं, र तपाईको सेवा गरेनौं ?" "तब उनले तिनीहरूलाई जवाफ दिनेछन्, 'साँच्चै, म तिमीहरूलाई भन्दछु, यी सबैभन्दा सानाहरूमध्ये एक जनालाई जे-जति गरेनौ, त्यो तिमीहरूले मेरो निम्ति गरेनौ ।' "तब यिनीहरू अनन्त दण्डको भागी हुनेछन्, तर धर्मी जनहरू अनन्त जीवनमा प्रवेश गर्नेछन् ।" (मत्ती २५:३२-४६)*

**खोजतलास प्रक्रिया -** *मल र जल (पृष्ठ नं. ७ मा हेर्नुहोस्)*

**थप अध्ययनको निम्ति धर्मशास्त्रको खण्डहरू -** *काटछाँट*
*(हितोपदेश १९:१७, हितोपदेश २८:२७, भजनसंग्रह ८२:३, मत्ती ५:४२, मत्ती १९:२१, यर्मिया २२:३)*

**प्रयोगको निम्ति प्रश्नहरू -** *फसलको कटनी (२ तिमोथी ३:१६-१७, पृष्ठ नं. ७ मा हेर्नुहोस्)*

**निष्कर्ष -** खाँचोमा परेकाहरूलाई येशूले वास्ता गर्नुहुन्छ । खाँचोमा परेकाहरूलाई देऊ भनी येशूले आफ्ना चेलाहरूलाई सिकाउनुभयो । जसले खाँचोमा परेकाहरूलाई दिँदछ तिनीहरूलाई येशू खीष्टले इनाम दिनुहुनेछ ।

पाठ
२-९

# प्रार्थना

*परमेश्वरसित कुराकानी गर्नु र उहाँबाट सुन्नु*

**पाठ** - *भूमिको तयारी*
चेलाहरूले सदैव प्रार्थना गर्नुपर्छ भनी येशूले आफ्ना चेलाहरूलाई सिकाउनुभयो । प्रार्थना भनेको चाहिँ परमेश्वरसित कुराकानी गर्नु र उहाँबाट सुन्नु हो । जब हामी प्रार्थना गर्दछौं तब परमेश्वरको आवाजलाई सुन्दछौं ।

**धर्मशास्त्रको मुख्य खण्ड** - *तर तिमी जब प्रार्थना गर्दछौ, आफ्नो भित्री कोठामा पस, र ढोका थुनेर गुप्तमा हुनुहुने तिम्रा पितालाई प्रार्थना गर, र गुप्तमा देख्नुहुने तिम्रा पिताले तिमीलाई इनाम दिनुहुनेछ । (मत्ती ६:६)*

**बाइबलको कथा** - *बीउ छर्नु*
***परिचयले कथालाई बुझ्न सहायता गर्दछ ।***
हेरोद भन्ने एक राजाले ख्रीष्टियानहरूलाई घृणा गर्थे । मण्डली जाने-आउने व्यक्तिहरूलाई राजा हेरोदले मार्न थाले । प्रहरीले पत्रुस भन्ने एक जना मण्डलीको व्यक्तिलाई पक्रे अनि तिनीहरूले उनको हत्या गर्न लागेको थियो ।

***बाइबलको कथाको सुरुआत यसरी हुन्छ ।***
*"यसरी पत्रुस झ्यालखानमा राखिए, तर तिनको निम्ति मण्डलीले परमेश्वरलाई बडो जोशसँग प्रार्थना गरिरहेको थियो । हेरोदले तिनलाई बाहिर निकालिल्याउन खोजेकै रात, पत्रुस दुइओटा साङ्लाले बाँधिएर दुइ जना सिपाहीहरूका बीचमा सुतिरहेका थिए । सिपाहीहरू पनि ढोका अगिल्तिर उभिएर झ्यालखानको पहरा दिइरहेका थिए । अचानक प्रभुका एउटा स्वर्गदूत त्यहाँ देखा परे, र कोठरीमा ज्योति चम्क्यो । स्वर्गदूतले पत्रुसलाई कोखामा हिर्काए अनि "छिटो उठ" भनेर तिनलाई जगाए । तब साङ्लाहरू तिनका हातबाट फुस्केर खसे । स्वर्गदूतले तिनलाई भने, "लुगा लगाऊ, र जुत्ता लाऊ ।" तब तिनले त्यसै गरे । उनले तिनलाई भने, "खास्टो ओढेर मेरो पछिपछि लाग ।" अनि तिनी निस्केर उनको पछिपछि लागे । स्वर्गदूतबाट गरिएको कुरो साँच्चिकै हो भन्ने तिनलाई थाहै भएन । तर दर्शन देख्दैछु भनी तिनले ठाने । जब पहिलो र दोस्रो पहरा- टोली नाघेर शहरमा पस्ने फलामे ढोकामा तिनीहरू पुगे, तब त्यो ढोका आफै तिनीहरूका लागि उघ्रियो, र तिनीहरू बाहिर निस्केर एउटा गल्लीको बाटो भएर गए, र तुरुन्तै स्वर्गदूत तिनलाई छोड्रेर गए । जब पत्रुसको होश खुल्यो तब तिनले भने, "अब मलाई साँच्ची नै थाहा भयो, कि प्रभुले आफ्ना दूत पठाएर हेरोद राजाको हातबाट, र यहूदीहरूले जे गर्न चाहन्थे ती सबैबाट मलाई छुटकारा दिनुभयो । यो कुरा तिनलाई थाहा भएपछि, तिनी मर्कूस भनिने यूहन्नाकी आमा मरियमको घरमा गए । त्यहाँ धेरै जना जम्मा भएर प्रार्थना गरिरहेका थिए । तिनले ढोका ढकढक्याउँदा रोदा नाउँ भएकी नोकर्नी ढोका खोल्न आई । पत्रुसको सोर चिनेपछि त्यो खुशी भएर ढोकै नखोली भित्र दगुरेर गई "पत्रुस ढोकामा उभिरहेका छन्" भनी खबर दिई । तर तिनीहरूले त्यसलाई भने, "तँ बौलाही होस् ।" तर त्यसले भनेकी कुरा साँच्चै हो भनी त्यसले जिद्दी गरी । तब तिनीहरूले भने, "त्यो उनको स्वर्गदूत होला ।" तर पत्रुसले चाहिँ ढकढक्याइरहे । ढोका खोल्दा तिनलाई देखेर तिनीहरू छक्क परे । तिनले "चुप लाग" भनी हातले इशारा गरे, र प्रभुले तिनलाई कसरी झ्यालखानबाट बाहिर निकाल्नुभयो सो तिनीहरूलाई बताए । यी कुराको समाचार याकूब र अरू भाइहरूलाई दिनु भनेर तिनी बिदा भएर अर्कै ठाउँमा गइहाले ।" (प्रेरित १२:५-१७)*

**खोजतलास प्रक्रिया** - *मल र जल (पृष्ठ नं. ७ मा हेर्नुहोस्)*

**थप अध्ययनको निम्ति धर्मशास्त्रको खण्डहरू** - *काँटछाँट*
*( यर्मिया २९:१२, मत्ती ५:४४, मत्ती ७: ११, २ इतिहास ७: १४, भजनसंग्रह ३२:५-११, यर्मिया ४२:३, थिसलोनिकी ५:१७)*

**प्रयोगको निम्ति प्रश्नहरू** - *फसलको कटनी (२ तिमोथी ३:१६-१७, पृष्ठ नं. ७ मा हेर्नुहोस्)*

**निष्कर्ष** - चेलाहरूले प्रार्थना गर्नुपर्छ भनी येशूले सिकाउनुभयो । जब हामी प्रार्थना गर्दछौं, परमेश्वरले हाम्रो प्रार्थना सुन्नुहुन्छ । हामीलाई समस्या वा कठिनाई परेको समय प्रार्थना गर्नुपर्छ भनी येशूले शिक्षा दिनुभयो । जब हामी प्रार्थना गर्दछौं तब हाम्रो जीवनमा आश्चर्य काम हुँदछ ।

## स्वर्गमा धन-सम्पत्ति थुपार

*हाम्रो जीवन र धन-सम्पत्तिद्वारा परमेश्वरको महिमा गर्नु*

**पाठको विषय -** *भूमिको तयारी*
मानिसहरूले पृथ्वीमा छँदा आफ्नो धन-सम्पत्तिद्वारा परमेश्वरको महिमा कसरी गरेका छन् त्यस अनुरुप नै उनीहरूले स्वर्गमा इनाम प्राप्त गर्नेछन् । येशू खीष्टका चेलाहरूचाहिँ स्वर्गमा इनाम पाउने हेतुले जीवन जिउँनु पर्दछ ।

**धर्मशास्त्रको मुख्य खण्ड -** *"आफ्नो निम्ति पृथ्वीमा धन-सम्पत्ति नथुपार, जहाँ कीरा र खियाले ती नष्ट पार्छन् र जहाँ चोरहरूले घर फोरेर ती चोर्छन् । तर आफ्ना निम्ति स्वर्गमा धन-सम्पत्ति थुपार, जहाँ कीराले वा खियाले नष्ट पार्दैन, र चोरले पनि चोर्दैन । किनकि जहाँ तिम्रो धन हुन्छ, त्यहाँ तिम्रो मन पनि हुन्छ ।" (मत्ती ६:१९-२१)*

**बाइबलको कथा-** *बीउ छर्नु*
***परिचयले कथालाई बुझ्न सहायता गर्दछ ।***
लाजरसको घरमा भोजन लिनुहुँदा येशूको आदर भएको थियो । लाजरसलाई भरखरै येशूले मृत्युबाट ब्यूँउताउनु भएको थियो । लाजरसको दिदी-बहिनीहरू मार्था र मरियम र चेलाहरू पाहुँना थिए ।

***बाइबलको कथाको सुरुआत यसरी हुन्छ ।***
*निस्तार-चाड्को छ दिनअघि येशू बेथानियामा आउनुभयो । त्यहाँ लाजरस बस्थे, जसलाई येशूले मृतकबाट जीवित पार्नुभएको थियो । तिनीहरूले उहाँको निम्ति त्यहाँ बेलुकीको भोजन तयार गरे । मार्थाले सेवा-टहल गर्थिन् । अनि लाजरसचाहिँ उहाँसँगै खान बस्नेहरूमध्ये एक जना थिए । तब मरियमले आधा लिटर जति कीमती जटामसीको सुगन्धित अत्तर ल्याएर येशूका पाउमा मलिन्, अनि उहाँका पाउ आफ्ना केशले पुछिन्, र अत्तरको बास्नाले घर भरियो । तर उहाँका चेलाहरूमध्ये एक जना अर्थात् उहाँलाई पक्राउन खोज्ने यहूदा इस्करियोतले भन्यो, "यो अत्तर तीन सय चाँदीका सिक्कामा बेचेर त्यो रकम गरीबहरूलाई दिए हुँदैनथ्यो ?" तर त्यसले गरीबहरूको ख्याल राखेर यो भनेको थिएन, किनकि त्यो चोर थियो, र पैसाको थैला त्यसैले राख्थ्यो, अनि त्यहाँबाट चोर्ने गर्थ्यो । येशूले भन्नुभयो, "यिनलाई केही नभन, मेरो दफन-दिनको लागि यिनलाई त्यो राखिछोड्न देऊ । किनभने गरिबहरू सधैं तिमीहरूसँग हुन्छन्, तर म त सधैं तिमीहरूसँग हुन्नँ ।" (यूहन्ना १२:१-८)*

**खोजतलास प्रक्रिया -** *मल र जल (पृष्ठ नं. ७ मा हेर्नुहोस्)*

**थप अध्ययनको निम्ति धर्मशास्त्रको खण्डहरू -** *काटछाँट*
*(१ तिमोथी ६:१७-१९, लूका १२:३२-३४, १ कोरिन्थी ३:१०-१७, मर्कूस ८: ३४-३८)*

**प्रयोगको निम्ति प्रश्नहरू -** *फसलको कटनी ( २ तिमोथी ३:१६-१७, पृष्ठ नं. ७ मा हेर्नुहोस्)*

**निष्कर्ष -** येशू भन्नुहुन्छ कि, हामीले ती कामहरू नै गर्नुपर्दछ जो अनन्तसम्म रहन्छ । जसले आफ्ना जीवन र धन-सम्पत्तिले परमेश्वरको आदर गर्दछ, तिनीहरूलाई परमेश्वरले इनाम दिनुहुनेछ । खीष्टको अनुयायीहरू चाहिँ स्वर्गमा इनाम पाउने तौरले जिउँनु पर्दछ ।

# फिक्री नगर

*परमेश्वरले तपाईको खाँचो जान्नुहुन्छ र त्यसको वास्ता गर्नुहुन्छ*

**पाठको विषय -** *भूमिको तयारी*
येशूले भन्नुहुन्छ की उहाँले हाम्रो जीवनबारे थाहा गर्नुहुन्छ र हाम्रो समस्याहरूलाई समाधान गरिदिनुहुनेछ। जब हामी फिक्री गर्छौं यसको अर्थ हामीले येशूमा विश्वास गरेका छैनौं।

**धर्मशास्त्रको मुख्य खण्ड -** *यसैकारण भोलिको निम्ति फिक्री नगर, किनकि भोलिको दिनले आफ्नो फिक्री आफै गर्नेछ। आजको दुःख आजको निम्ति पर्याप्त छ।" (मत्ती ६:३४)*

**बाइबलको कथा -** *बीउ छर्नु*
***परिचयले कथालाई बुझ्न सहायता गर्दछ।***
एकपटक येशू आफ्ना चेलाहरूसित एउटा तालमा थिए। उहाँका चेलाहरूमध्ये धेरै जनाचाहिँ यो तालमा जालहारीका रुपमा माछा पक्रने काम गर्थे।

***बाइबलको कथाको सुरुआत यसरी हुन्छ।***
*त्यो दिन साँझ परेपछि उहाँले चेलाहरूलाई भन्नुभयो, "आओ हामी पारिपट्टि जाऔं।" अनि भीड्सँग बिदा लिएपछि, उहाँ जुन डुङ्गामा बस्नुभएको थियो त्यसैमा उहाँलाई चेलाहरूले आफ्नासाथ लगे। र अरू-अरू डुङ्गाहरू पनि उहाँको साथमा थिए। अनि त्यहाँ ठूलो हुरी-बतास चल्यो, र छालहरू डुङ्गामा बज्रन लागे, यहाँसम्म कि डुङ्गा पानीले भरिन लाग्यो। उहाँ आफैचाहिँ डुङ्गाको पछिल्लो भागमा एउटा सिरानी लाएर निदाइरहनुभएको थियो। तिनीहरूले उहाँलाई यसो भन्दै बिउँझाए, "गुरुज्यू, हामी डुब्न लाग्यौं भन्ने के तपाईलाई वास्ता छैन ?" तब उहाँ बिउँझनुभयो, र बतासलाई हप्काउनुभयो, र समुन्द्रका छालहरूलाई भन्नुभयो, "शान्त हो ☒रोकिजा ☒ अनि बतास थामियो र ठूलो सन्नाटा भयो। उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरू किन यसरी भयभीत हुन्छौ ? तिमीहरूमा विश्वास छैन ?" तिनीहरू साह्रै भयभीत भए र आपसमा भन्न लागे, "यिनी को हुन् ? बतास र समुन्द्रले पनि यिनको हुकुम मान्छन्।" (मर्कूस ४:३५-४१)*

**खोजतलास प्रक्रिया -** *मल र जल (पृष्ठ नं. ७ मा हेर्नुहोस्)*

**थप अध्ययनको निम्ति धर्मशास्त्रको खण्डहरू -** *काटछाँट*
*(हिब्रू ११:८-१२, गलाती २:२०, १पत्रुस १:२१, हितोपदेश ३:५-६, लूका १२:२२-२५)*

**प्रयोगको निम्ति प्रश्नहरू -** *फसलको कटनी (२ तिमोथी ३:१६-१७, पृष्ठ नं. ७ मा हेर्नुहोस्)*

**निष्कर्ष -** हामीलाई चाहिने सबै कुराहरूको निम्ति येशूले वास्ता राख्नुहुन्छ। हाम्रो कामचाहिँ पुरा विश्वासको साथमा उहाँमाथि भरोसा गर्नु हो।

# अरुको न्याय नगर

*परमेश्वर न्यायधीश हुनुहुन्छ*

**पाठको विषय -** *भूमिको तयारी*
अरूको न्याय गर्ने कामचाहिँ गलत कुरो हो । सबै मानिसहरू पापी हुन् र केवल परमेश्वरले मात्र धार्मिकतामा न्याय गर्न सक्नुहुन्छ ।

**धर्मशास्त्रको मुख्य खण्ड -** *"अरूलाई दोषी नठहराओ, र तिमीहरू पनि दोषी ठहराइनेछैनौ । किनभने जसरी तिमीहरू अरूहरूलाई दोषी ठहराउँछौ, त्यसरी नै तिमीहरू पनि दोषी ठहराइनेछौ । जुन नापले तिमीहरू नाप्तछौ, त्यसै गरी तिमीहरूका निम्ति पनि नापिनेछ । "किन तिमी आफ्नो भाईको आँखामा भएको धूलोको कण देख्तछौ, तर तिम्रो आफ्नै आँखामा भएको मूढ़ाचाहिँ थाहा पाउँदैनौ ?"*
*(मत्ती ७:१-३)*

**बाइबलको कथा -** *बीउ छर्नु*
***परिचयले कथालाई बुझ्न सहायता गर्दछ ।***
फरिसीहरूलाई धार्मिक नियम थाहा थियो र मानिसहरूले यो धार्मिक विधि विधान पालन गरेको चाहन्थ्यो ।

***बाइबलको कथाको सुरुआत यसरी हुन्छ ।***
*उहाँ एकाबिहानै फेरि मन्दिरमा जानुभयो, र सबै मानिसहरू उहाँकहाँ आए, र उहाँ बस्नुभयो, र तिनीहरूलाई शिक्षा दिनुभयो । शास्त्री र फरिसीहरूले व्यभिचारमा पक्राउ परेकी एउटी स्त्रीलाई ल्याए, र त्यसलाई माझमा उभ्याए । तिनीहरूले उहाँलाई भने, "गुरुज्यू, यो स्त्री व्यभिचारको कर्ममा पक्राउ परी । व्यवस्थामा मोशाले यस्ताहरूलाई ढुङ्गाले हान्ने हामीलाई आज्ञा दिएका छन् । तपाई यसको बारेमा के भन्नुहुन्छ ?" तर तिनीहरूले उहाँको जाँच गर्नलाई, र उहाँमाथि अभियोग लाउन सकिन्छ कि भनी यसो भनेका थिए । येशूले निहुरेर भूइँमा औंलाले लेख्नुभयो । तर जब तिनीहरूले उहाँलाई सोधी नै रहे, तब उहाँले खड़ा भएर तिनीहरूलाई भन्नुभयो, "तिमीहरूमा जो पाप रहित छ, त्यसैले त्यस स्त्रीलाई पहिले ढुङ्गा हानोस् ।" अनि फेरि निहुरेर उहाँले भूइँमा औंलाले लेख्नुभयो । तर जब तिनीहरूले यो सुने, तब ठूलादेखि शुरू गरी सानासम्म एक-एक गरेर गए, र येशू त्यस स्त्रीसँग एकलै छोड्निुभयो, अनि त्यो स्त्रीचाहिँ उहाँको अगि उभिरही । येशूले त्यस स्त्रीलाई हेरेर भन्नुभयो, "ए नारी, तिनीहरू कहाँ गए ? के कसैले तिमीलाई दण्ड दिएन ?" त्यसले भनि, "प्रभु, कसैले दिएन ।" येशूले भन्नुभयो, "म पनि तिमीलाई दण्ड दिन्नँ । जाऊ, अनि फेरि पाप नगर ।" (यूहन्ना ८:२-११)*

**खोजतलास -** *मल र जल (पृष्ठ नं. ७ मा हेर्नुहोस्)*

**थप अध्ययनको निम्ति धर्मशास्त्रको खण्डहरू -** *काटछाँट*
*(याकूब ४:१२, यूहन्ना ८:१४-१८, १कोरिन्थी ४:३-५, लूका ६:३७*

**प्रयोगको निम्ति प्रश्नहरू -** *फसलको कटनी (२ तिमोथी ३:१६-१७, पृष्ठ नं. ७ मा हेर्नुहोस्)*

**निष्कर्ष -** परमेश्वरले धार्मिक न्याय गर्नुहुन्छ । मानिसहरूले धार्मिकतामा न्याय गर्न सक्तैनन् ।

पाठ
२-१३

## माग, खोज र ढकढक्याओ

*परमेश्वरले खुरन्धार गरिएको प्रार्थनाको उत्तर दिनुहुन्छ*

**पाठको विषय -** *भूमिको तयारी*
जब हामीले खुरन्दर माग्दछौं, खोज्दछौं र ढकढक्याउदछौं परमेश्वरले उत्तर दिनुहुन्छ भनी येशूले शिक्षा दिनुभएको छ। हाम्रो सम्बन्ध परमेश्वरसंग भएको कारण हामीले उहाँलाई लगातार माग्दछौं। कहिलेकहीं हामीले प्रार्थनाको उत्तर तुरुन्तै पाउँदैनौ।

**धर्मशास्त्रको मुख्य खण्ड :** *"माग त तिमीहरूलाई दिइनेछ, खोज त तिमीहरूले भेट्टाउनेछौ, ढकढक्याओ त तिमीहरूको निम्ति उघारिनेछ। किनकि जसले माग्छ, त्यसले पाउँछ, जसले खोज्छ, त्यसले भेट्टाउँछ, जसले ढकढक्याउँछ, त्यसको निम्ति ढोका उघारिनेछ।" (मत्ती ७:७-८)*

**बाइबलको कथा -** *बीउ छर्नु*
***परिचयले कथालाई बुझ्न सहायता गर्दछ।***
चेलाहरूले हरेस नखाई लगातार प्रार्थना गरिरहनु पर्छ भनी शिक्षा दिनको निम्ति येशूले एउटा दृष्टान्त भन्नुभयो।

***बाइबलको कथाको सुरुआत यसरी हुँदछ।***
*"कुनै एउटा शहरमा परमेश्वरको भय नमान्ने र मानिसको वास्ता नगर्ने एउटा न्यायाधीश थिए। त्यसै शहरमा एउटी विधवा थिई। त्यो तिनीकहाँ आइरहन्थी, र भन्थी, 'मेरो वादीको अगि मेरो न्याय गरिदिनुहोस्।' "तिनले केही समयसम्म त मानेनन, तर पछिबाट तिनले आफ्नो मनमा भने, 'म परमेश्वरको डर मान्दिनँ। मानिसको वास्ता पनि गर्दिनँ। तर यस विधवाले मलाई हैरान पारेकी हुनाले म त्यसको न्याय गरिदिनेछु, नत्र त त्यो एकोहोरो आएर मलाई वाक्क बनाउनेछे'।" प्रभुले भन्नुभयो, "सुन, ती अधर्मी न्यायाधीशले के भन्दछन्। के परमेश्वरले उहाँलाई रातदिन पुकार्ने आफ्ना चुनिएकाहरूको न्याय गरिदिनुहुन्न र ? के उहाँले तिनीहरूका निम्ति बियाँलो गर्नुहुन्छ र ? म तिमीहरूलाई भन्दछु, उहाँले चाँडै नै तिनीहरूको न्याय गरिदिनुहुनेछ। तापनि मानिसको पुत्र आउँदा के उसले पृथ्वीमा विश्वास भेट्टाउनेछ र ?" (लूका १८:२-८)*

**खोजतलास प्रक्रिया -** *मल र जल (पृष्ठ नं. ७ मा हेर्नुहोस्)*


**थप अध्ययनको निम्ति धर्मशास्त्रको खण्डहरू -** *काटछाँट*
*(१ यूहन्ना ३: २१-२२, १ यूहन्ना ५:१४, हिब्रू ४:१६,याकूब ४: २-३, याकूब ५:१६, एफिसी ६:१८, कलस्सी ४:१२)*

**प्रयोगको निम्ति प्रश्नहरू -** *फसलको कटनी (२ तिमोथी ३:१६-१७, पृष्ठ नं. ७ मा हेर्नुहोस्)*

**निष्कर्ष -** हामीले हरेस नखाई सदैव प्रार्थना गरिरहनुपर्छ भनी येशूले सिकाउनु भएको छ। जब हामी लगातार प्रार्थना गर्दछौं, परमेश्वरले हाम्रो प्रार्थना सुन्नुहुन्छ र उत्तर दिनुहुन्छ।

# फलदायी र गुणात्मक होऔं

www.iBFAM.org



# प्रशस्तको जीवन

## अध्ययनमाला ३ पर्खाल

"चोर त चोर्न, मार्न र नाश पार्न मात्र आउँछ। तर म त तिनीहरूले जीवन पाऊन्, र त्यो प्रशस्त मात्रामा पाऊन् भन्ने हेतुले आएँ।" (यूहन्ना १०:१०)

## पाठहरू :

३-१ **खीष्टलाई पछ्याउनु** ... पृष्ठ ०३
*येशूलाई पछ्याउन उहाँले हामीलाई बोलाउनु हुन्छ*

३-२ **खीष्टलाई पछ्याउनु** ... पृष्ठ ०४
*येशूलाई पछ्याउनको निम्ति उहाँप्रति हाम्रो आशा र भरोसा हुन आवश्यक छ*

३-३ **खीष्टलाई पछ्याउनु** ... पृष्ठ ०५
*जसले येशूलाई पछ्याउँछ तिनीहरूले अरुलाई सुसमाचार सुनाउँदछ*

३-४ **अरुलाई येशूको बारेमा बताउनुहोस्** ... पृष्ठ ०६
*अरु मानिसहरूले खीष्टलाई पछ्याउन् भनी अगुवाई गर्नु*

३-५ **अरुलाई येशूको बारेमा बताउनुहोस्** ... पृष्ठ ०७
*अरु मानिसहरूलाई सुसमाचार सुनाउनुहोस्*

३-६ **अरुलाई येशूको बारेमा बताउनुहोस्** ... पृष्ठ ०८
*धेरै जना मानिसहरू सुसमाचार सुन्न तयार छन्*

३-७ **प्रेमिलो परमेश्वर** ... पृष्ठ ०९
*परमेश्वरसितको सम्बन्ध चाहिँ मुख्य कुरो हो*

३-८ **प्रेमिलो परमेश्वर** ... पृष्ठ १०
*असल गोठालो थाहा गर्नु*

३-९ **अरुलाई प्रेम गर्नु** ... पृष्ठ ११
*खीष्टलाई पछ्याउने खीष्टियान विश्वासीहरू अरुसँग मिलेर एकत्वमा जिउँदछ*

३-१० **अरुलाई प्रेम गर्नु** ... पृष्ठ १२
*संसारको ज्योति हुनु*

३-११ **चेला बनाउनु** ... पृष्ठ १३
*मेरा पाठाहरूलाई खुवाऊ*

३-१२ **चेला बनाउनु** ... पृष्ठ १४
*जसरी हामीले अरुलाई चेला बनाइ रहेका हुन्छौं त्यस समय येशू हामीसित हुनुहुन्छ*

३-१३ **चेला बनाउनु** ... पृष्ठ १५
*विश्वासीहरूलाई उत्साह दिएर बलियो बनाउनु*

# ख्रीष्टलाई पछ्याउनु

पाठ ३-१

## येशूलाई पछ्याउन उहाँले हामीलाई बोलाउनु हुन्छ

**पाठको विषय - भूमि तयारी गर्नु**

मानिसहरूले येशूलाई पछ्याएको उहाँले चाहनुहुन्छ । येशूको पछि लाग्ने ती मानिसहरू हुन जोहरूले येशूका शिक्षा र बाटोलाई अनुसरण गरेको हुन्छ ।

***धर्मशास्त्रको मुख्य खण्ड :*** *तब येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो, कोही मेरो पछि आउने इच्छा गर्दछ भने, उसले आफुलाई इन्कार गरोस् र आफ्नो क्रूस उठाएर मेरो पछि लागोस् । किनकि जसले आफ्नो प्राण बचाउन चाहन्छ, उसले त्यो गुमाउँनेछ, तर जसले आफ्नो प्राण मेरो निम्ति गुमाउँछ त्यसले त्यो पाउनेछ । (मत्ती १६:२४-२५)*

**बाइबलको कथा -** *बीउ छर्नु*

कथालाई राम्रोसंग बुझ्न परिचयले सहायता गर्दछ ।

जब येशूले आफ्नो सेवकाई सुरुआत गर्नुभयो, सबैभन्दा पहिले उहाँले चेलाहरूलाई बोलाउनुभयो र उहाँको बाटो अनुसरण गर्न लगाउनुभएको थियो ।

***बाइबलको कथा यसरी सुरु हुन्छ ...***

*गालील-समुद्रको किनारमा हिँड्नु-हुँदा उहाँले पत्रुस भन्ने सिमोन र तिनका भाइ अन्द्रियास, दुवै भाइलाई समुद्रमा जाल हानिरहेका देख्नुभयो । तिनीहरु मछुवा थिए । उहाँले तिनीहरूलाई भन्नुभयो, "मेरो पछि लाग, र म तिमीहरूलाई मानिसहरूका मछुवा तुल्याउनेछु ।" तब उत्तिखेरै जालहरू छोडेर तिनीहरू उहाँको पछि लागे । त्यहाँबाट जाँदाजाँदै उहाँले अर्का दुइ भाइ, जब्दियाका छोराहरू याकूब र तिनका भाइ यूहन्नालाई तिनीहरूका बाबु जब्दियासँग डुङ्गामा आफ्ना जाल तुनिरहेका देख्नुभयो, र उहाँले तिनीहरुलाई बोलाउनुभयो । तब उत्तिखेरै डुङ्गा र तिनीहरूका बाबुलाई छोडेर तिनीहरू उहाँको पछि लागे । (मत्ती ४:१८-२२)*

**खोजतलास प्रक्रिया -** मल-जल (पृष्ट नं. ७ हेर्नोस्)

**थप धर्मशास्त्रको खण्डहरू -** छाँटकाट

(मत्ती १९:२१, यूहन्ना ८:१२, यूहन्ना १०:२७, लूका ९:५७-६२)

**प्रयोगको निम्ति प्रश्नहरू -** फसलको कटनी (२ तिमोथी ३:१६-१७, पृष्ट ७ हेर्नोस्)

**निष्कर्ष -** येशूले हामीलाई उहाँको बाटो अनुसरण गरेको चाहनुहुन्छ ।

# खीष्टलाई पछ्याउनु

## येशूलाई पछ्याउनको निम्ति उहाँप्रति हाम्रो आशा र भरोसा हुन आवश्यक छ

पाठ ३-२

**पाठको विषय - भूमि तयारी गर्नु**

खीष्टलाई पछ्याउनुको अर्थचाहिँ हाम्रो आशा र भरोसा उहाँमा राख्नु हो । यदि हामीसँग भएका कुराहरूमाथि हामीले आशा र भरोसा गऱ्यौं भने हामीले उहाँलाई पूर्णरुपले पछ्याउन सक्तैनौं ।

***धर्मशास्त्रको मुख्य खण्ड :*** *तब येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो, कोही मेरो पछि आउने इच्छा गर्दछ भने, उसले आफूलाई इन्कार गरोस् र आफ्नो क्रूस उठाएर मेरो पछि लागोस् । किनकि जसले आफ्नो प्राण बचाउन चाहन्छ, उसले त्यो गुमाउँनेछ, तर जसले आफ्नो प्राण मेरो निम्ति गुमाउँछ त्यसले त्यो पाउनेछ । (मत्ती १६:२४-२५)*

**बाइबलको कथा -** *बीउ छर्नु*

कथालाई राम्रोसंग बुझ्न परिचयले सहायता गर्दछ ।

धन-सम्पति यस्तो एउटा थोक हो जसमाथि मानिसहरूले आफ्नो आशा र भरोसा गरेका हुन्छ । यो कथामा येशूसित कुराकानी गर्ने मानिस धनाढ्य थिए ।

***बाइबलको कथा यसरी सुरु हुन्छ ...***

*उहाँकाहाँ आएर एक जनाले भने, "हे गुरु, मैले अनन्त जीवान प्राप्त गर्नलाई के असल काम गर्नुपर्छ ?" उहाँले तिनलाई भन्नुभयो, "असल के हो त्यस विषयमा तिमी मलाई किन सोध्दछौ ? असल त एउटै मात्र हुनुहुन्छ । तर तिमी जीवानमा प्रवेश गर्न इच्छा गर्दछौ भने, आज्ञाहरू पालन गर ।" तिनले उहाँलाई भने, "कुन-कुनचाहिँ ?" येशूले भन्नुभयो, "तैंले हत्या नगर्नू, तैंले व्यभिचार नगर्नू, तैंले चोरी नगर्नू, तैंले झूटो गवाही नदिनू । आफ्ना आमा-बाबाको आदर गर्नू, र आफ्नो छिमेकीलाई आफूलाई झैं प्रेम गर्नू ।" ती जवान मानिसले उहाँलाई भने, "यी सब त मैले पालन गरेकै छु । अब ममा के कमी छ ?" येशूले तिनलाई भन्नुभयो, "तिमी सिद्ध हुन चाहन्छौ भने, गएर तिमीसित भएका सबै बेचेर दरिद्रहरूलाई देउ, र तिमीले स्वर्गमा धन प्राप्त गर्नेछौ, अनि आएर मपछि लाग ।" जब ती जवान मानिसले यो कुरा सुने, तिनी दु:खित भएर गइहाले, किनकि तिनको धेरै धन-सम्पति थियो । (मत्ती १९:१६-२२)*

**खोजतलास प्रक्रिया -** मल-जल (पृष्ट नं. ७ हेर्नोस्)

**थप धर्मशास्त्रको खण्डहरू -** छाँटकाट

(मत्ती १६:१९-२१, हितोपदेश ३:५-६, रोमी १५:१३, १ थेसलोनिकी १:३)

**प्रयोगको निम्ति प्रश्नहरू -** फसलको कटनी (२ तिमोथी ३:१६-१७, पृष्ट ७ हेर्नोस्)

**निष्कर्ष -** येशूलाई पछ्याउने मानिसहरूले खीष्ट बाहेक अरु कसैमाथि आशा र भरोस गर्नु हुँदैन ।

# ख्रीष्टलाई पछ्याउनु

## जसले येशूलाई पछ्याउँछ तिनीहरूले अरुलाई सुसमाचार सुनाउँदछ

पाठ ३-३

**पाठको विषय - भूमि तयारी गर्नु**
येशू हराएकालाई खोज्न र बचाउनु आउनुभयो । ख्रीष्टलाई पछ्याउनुको साँचो अर्थचाहिँ अरुलाई बचाउनु हो, जसरी येशूले हराएकालाई बचाउनु भयो ।

***धर्मशास्त्रको मुख्य खण्ड :*** *तब येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो, कोही मेरो पछि आउने इच्छा गर्दछ भने, उसले आफूलाई इन्कार गरोस् र आफ्नो क्रूस उठाएर मेरो पछि लागोस् । किनकि जसले आफ्नो प्राण बचाउन चाहन्छ, उसले त्यो गुमाउँनेछ, तर जसले आफ्नो प्राण मेरो निम्ति गुमाउँछ त्यसले त्यो पाउनेछ । (मत्ती १६:२४-२५)*

**बाइबलको कथा -** *बीउ छर्नु*
कथालाई राम्रोसंग बुझ्न परिचयले सहायता गर्दछ ।
येशूले गाउँका मानिसहरूलाई सत्यताको शिक्षा दिइरहनु भएको थियो । धेरै जना मानिसहरू येशूको शिक्षा सुन्न भेला भएका थिए ।

***बाइबलको कथा यसरी सुरु हुन्छ ...***

*उहाँ फेरि एक पल्ट समुद्रको किनारमा जानुभयो । अनि मानिसहरूको एउटा ठूलो भीड उहाँकाहाँ आयो र उहाँले तिनीहरूलाई शिक्षा दिनुभयो । त्यसपछि जाँदैगर्दा उहाँले अल्फयसका छोरा लेवीलाई कर उठाउनेहरूको ठाउँमा बसिरहेका देख्नुभयो, र तिनलाई भन्नुभयो, "मेरो पछि लाग ।" तिनी उठेर उहाँको पछि लागे । उहाँ लेवीको घरमा भोजन गर्न बस्नुहुँदा कर उठाउने धेरै जना र पापीहरु पनि येशू र उहाँका चेलाहरूका साथमा बसिरहेका थिए । किनकि उहाँलाई पछ्याउनेहरू धेरै थिए । उहाँ पापीहरू र कर उठाउनेहरूसँग खाइरहनुभएको देखेर फरिसी दलका शास्त्रीहरूले उहाँका चेलाहरूलाई भने , "तिनी किन कर उठाउनेहरू र पापीहरूसँग बसेर खान्छन् ?" यो सुनेर येशूले तिनीहरूलाई भन्नुभयो, "निरोगीहरूलाई वैद्यको खाँचो पर्दैन, तर रोगीहरूलाई मात्र पर्छ । म धर्मीहरूलाई होइन, तर पापीहरूलाई बोलाउन आएको हुँ ।" (मकूर्स २:१३-१७)*

**खोजतलास प्रक्रिया -** मल-जल (पृष्ट नं. ७ हेर्नोस्)

**थप धर्मशास्त्रको खण्डहरू -** छाँटकाट
(हितोपदेश १९:१७, लूका १५:१-३१, लूका १९:१०, गलाती ६:९-१०, याकूब ३:१८)

**प्रयोगको निम्ति प्रश्नहरू -** फसलको कटनी (२ तिमोथी ३:१६-१७, पृष्ट ७ हेर्नोस्)

**निष्कर्ष -** जसरी येशूले आफ्ना वरिपरी भएका मानिसहरूलाई सुसमाचार सुनाउनु भयो त्यसरी नै हामीले पनि हाम्रा वरिपरी भएका मानिसहरूलाई सुसमाचार सुनाउने छौं ।

# अरुलाई येशूको बारेमा बताउनुहोस्

पाठ ३-४

## अरु मानिसहरूले ख्रीष्टलाई पछ्याउन भनी अगुवाई गर्नु

**पाठको विषय - भूमि तयारी गर्नु**
परमेश्वरले सबै मानिसहरूसित सम्बन्ध गाँस्न चाहनुहुन्छ । हामी ख्रीष्टलाई पछ्याउने मानिसहरू हौं र अरु मानिसहरूले पनि ख्रीष्टसित सम्बन्ध राख्न सकोस भनी अगुवाइ गर्न उहाँले हामीलाई बोलाउनु भएको छ ।

***धर्मशास्त्रको मुख्य खण्ड :*** *तर जसलाई विश्वास गरेकै छैनन् उहाँलाई मानिसहरूले कसरी पुकार्ने ? जसको विषयमा सुनेकै छैनन् उहाँमाथि तिनीहरूले कसरी विश्वास गर्ने ? र प्रचारकविना तिनीहरूले कसरी सुन्ने ? र कसैले नपठाईकन मानिसहरूले कसरी प्रचार गर्ने ? जस्तो लेखिएको छ , "सुसमाचार प्रचार गर्नेहरूका पाउ कति सुन्दर ।" (रोमी १०:१४-१५)*

**बाइबलको कथा -** *बीउ छर्नु*
कथालाई राम्रोसंग बुझ्न परिचयले सहायता गर्दछ ।
ख्रीष्टलाई पछ्याउन अघि सिमोन पत्रुस एक पेशादार जालहारी थिए । यो कथामा येशूले पत्रुसलाई मानिसहरूको जालहारी हुनको निम्ति बोलाउनु भयो ।

***बाइबलको कथा यसरी सुरु हुन्छ ...***
*मानिसहरू परमेश्वरको वचन सुन्न उहाँका चारैपट्टि ठेलमठेला गरिरहेका थिए, अनि उहाँ गनेसरेत झीलको किनारमा उभिरहनुभएको थियो । उहाँले झीलको किनारमा दुइओटा डुङ्गा देख्नुभयो, तर जालहारीहरुचाहिँ डुङ्गा बाहिर बसी आफ्ना जालहरु धोइरहेका थिए । ती दुइमध्ये एउटा डुङ्गाचाहिँ सिमोनको थियो । त्यसमा चढेर उहाँले डुङ्गालाई किनारबाट अलि पर लैजान लाउनुभयो । उहाँले डुङ्गामा बसेर भीडलाई शिक्षा दिन लाग्नुभयो । बोलिसक्नुभएपछि, उहाँले सिमोनलाई भन्नुभयो, "गहिरोतिर लगेर माछा पक्रनलाई आफ्ना जाल हान ।" तर सिमोनले भने, "गुरुज्यु, हामीले रातभरि मेहनत गरेर पनि केही फेला पारेनौं, तापनि तपाईको वचन अनुसार म जाल हान्नेछु ।" अनि जब त्यसो गरे, तब तिनीहरूले एक थुप्रो माछा पक्रे, र तिनीहरूका जाल फाट्न लागे । तिनीहरूले अर्को डुङ्गामा भएका साझेदारहरूलाई आएर गुहार गर्ने इसारा गरे, र आइर तिनीहरूले दुवै डुङ्गा माछाले भरे, यहाँसम्म कि डुङ्गाहरू डुब्न लागे । तब यो देखेर येशूको पाउमा घोप्टो परी सिमोन पत्रुसले भने, "हे प्रभु मबाट जाइजानुहोस, किनभने म पापि मानिस हुँ ।" यतिका माछा पक्रेका देखेर तिनी र तिनको साथमा हुनेहरू सबैले साह्रै अचम्म माने त्यसै गरि जब्दियाका छोराहरू याकूब र यूहन्ना पनि छक्क परे । तिनीहरू सिमोनसँग साझेदार थिए । येशूले सिमोनलाई भन्नुभयो, "नडराउ अब उप्रान्त तिमीले मानिसलाई पक्रनेछौ ।" अनि जब तिनीहरूले आफ्ना डुङ्गाहरू पाखामा ल्याए, तिनीहरूले सबै थोक त्यागे, र उहाँको पछि लागे । (लूका ५:१-११)*

**खोजतलास प्रक्रिया -** मल-जल (पृष्ट नं. ७ हेर्नोस्)

**थप धर्मशास्त्रको खण्डहरू -** छाँटकाट
(मत्ती २८:१८-१९, २ पत्रुस ३:९, यूहन्ना ४:३९-४२)

**प्रयोगको निम्ति प्रश्नहरू -** फसलको कटनी (२ तिमोथी ३:१६-१७, पृष्ट ७ हेर्नोस्)

**निष्कर्ष -** परमेश्वरले सबै मानिसहरूसित सम्बन्ध राख्न चाहनु हुन्छ । ख्रीष्टियान विश्वासीको नाताले हामीले पनि अरु मानिसहरूलाई ख्रीष्टको सम्बन्धमा डोर्‍याउने अवसर पाएका छौं ।

# अरुलाई येशूको बारेमा बताउनुहोस्

पाठ ३-५

## अरु मानिसहरूलाई सुसमाचार सुनाउनुहोस्

**पाठको विषय** - *भुमि तयारी गर्नु*
अरु मानिसहरूलाई ख्रीष्टको सुसमाचार सुनाउनु भनी बाइबलले भन्दछ। येशूले ल्याउनु भएको सुसमाचार सुन्न सबै मानिसहरूलाई अवसर दिइएको छ।

***धर्मशास्त्रको मुख्य खण्ड*** *: तर जसलाई विश्वास गरेकै छैनन् उहाँलाई मानिसहरूले कसरी पुकार्ने ? जसको विषयामा सुनेकै छैनन् उहाँमाथि तिनीहरूले कसरी विश्वास गर्ने ? र प्रचारकविना तिनीहरूले कसरी सुन्ने ? र कसैले नपठाईकन मानिसहरूले कसरी प्रचार गर्ने ? जस्तो लेखिएको छ, "सुसमाचार प्रचार गर्नेहरूका पाउ कति सुन्दर।" (रोमी १०:१४-१५)*

**बाइबलको कथा** - *बीउ छर्नु*
कथालाई राम्रोसंग बुझ्न परिचयले सहायता गर्दछ।
पावल प्रेरित चाहिँ एक प्रसिद्ध शिक्षक र प्रचारक थिए। यो कथामा, पावलले सुसमाचार प्रचार गरेको कुरो उल्लेख गरिएको छ। परमेश्वरले सबै मानिसहरूसित सम्बन्ध कायम गर्न चाहनुहुन्छ, वास्तवमा सुसमाचार भनेको नै यही कुरो हो। हाम्रो पापको निम्ति येशू क्रूसमा वलिदान हुनु भएको कारणले नै हामीले परमेश्वरसँग सम्बन्ध गाँस्न पाएका छौं।

***बाइबलको कथा यसरी सुरु हुन्छ ...***
*राति पावललाई एउटा दर्शन भयो-माकेडोनियाको एक जना मानिस खडा भई तिनलाई बिन्ती गरीरहेको थियो, "माकेडोनिया आउनुहोस्, र हामीलाई सहायता गर्नुहोस।" जब तिनीले यो दर्शन पाए, तुरुन्तै हामी माकेडोनिया जान तयार भयौं। हामीले यो निश्चय गर्‍यौं, कि तिनीहरूलाई सुसमचार प्रचार गर्न परमेश्वरले हामीलाई बोलाउनुभएको रहेछ तब हामी त्रोआसबाट जहाजमा चढी सोझै सामोथ्राकेतिर गयौं, र भोलिपल्ट नियापोलिसमा आइपुग्यौं, र त्यहाँबाट फिलिप्पीमा आइपुग्यौं जो माकेडोनियाको प्रमुख शहर र रोमी उपनिवेश पनि हो। हामी त्यस शहरमा केही दिन बस्यौं। अब शबाथमा शहरको ढोकाबाट बाहिर नदी किनारमा गयौं, किनकि त्यहा प्रार्थना गर्ने ठाउँ छ भनी हामीले अनुमान लगाएका थियौं, र त्यहाँ हामी बस्यौं र जम्मा भएका स्त्रीहरूसँग बातचित गर्न लाग्यौं। अनि थिआटिरा शहरकी निवासी, बैजनी वस्त्रको व्यापार गर्ने लिडिया नाउँकी एउटा ईश्वरभक्त स्त्रीले हाम्रो वचन सुनिन्। पावलले बोलेका कुरा ध्यनसँग सुनून् भनेर प्रभुले तिनको हृदय खोलीदिनुभयो। जब तिनी र तिनको घरको सबैको बप्तिस्मा भयो, तब तिनले हामीलाई बिन्ती गरिन्, "यदि तपाईहरूले मलाई प्रभुकी विश्वासीनी ठान्नुहुन्छ भने मेरो घरमा आएर बस्नुहोस्।" र तिनले हामीलाई कर लगाइन्। (प्रेरित १६:९-१५)*

**खोजतलास प्रक्रिया** - मल-जल (पृष्ट नं. ७ हेर्नोस्)

**थप धर्मशास्त्रको खण्डहरू** - छाँटकाट
(मत्ती १०:७-८, मत्ती २८:१९-२०, मर्कूस १६:१५, १ कोरिन्थी २:१-५, रोमी १:१६-१७)

**प्रयोगको निम्ति प्रश्नहरू** - फसलको कटनी (२ तिमोथी ३:१६-१७, पृष्ट ७ हेर्नोस्)

**निष्कर्ष** - ज-जसले येशूलाई पछ्याउँछ तिनीहरूले अरु मानिसहरूलाई सुसमाचार सुनाउनु पर्छ भनी बाइबलले भन्दछ ताकि अरु मानिसहरूले पनि परमेश्वरसँग व्यक्तिगत सम्बन्ध कायम गर्नसकोस्।

# अरुलाई येशूको बारेमा बताउनुहोस्

पाठ ३-६

## धेरै जना मानिसहरू सुसमाचार सुन्न तयार छन्

**पाठको विषय** - *भूमि तयारी गर्नु*

फसल त प्रशस्त छन् तर खेतालाहरूको कमी छन् भनी येशूले भन्नुभयो । धेरै जना मानिसहरूले येशू खीष्टको सुसमाचार सुन्न प्रतिक्षा गरिरहेका छन् । खीष्टियान विश्वासीहरूले सबैलाई सुसमाचार सुनाउनु पर्छ ।

***धर्मशास्त्रको मुख्य खण्ड :*** *तर जसलाई विश्वास गरेकै छैनन् उहाँलाई मानिसहरूले कसरी पुकार्ने ? जसको विषयामा सुनेकै छैनन् उहाँमाथि तिनीहरूले कसरी विश्वास गर्ने ? र प्रचारकविना तिनीहरूले कसरी सुन्ने ? र कसैले नपठाईकन मानिसहरूले कसरी प्रचार गर्ने ? जस्तो लेखिएको छ , "सुसमाचार प्रचार गर्नेहरूका पाउ कति सुन्दर ।" (रोमी १०:१४-१५)*

**बाइबलको कथा** - *बीउ छर्नु*

कथालाई राम्रोसंग बुझ्न परिचयले सहायता गर्दछ ।

मानिसहरूलाई सुसमाचार कसरी सुनाउने यसबारे येशूले आफ्ना चेलाहरूलाई सिकाउनुभयो ।

***बाइबलको कथा यसरी सुरु हुन्छ ...***

*यसपछि प्रभुले अरू सत्तरी जनालाई नियुक्त गर्नुभयो, र आफू जान लाग्नुभएको हरेक शहर र गाउँमा आफूभन्दा अगाडि तिनीहरूलाई दुइ-दुइ गरी पठाउनुभयो । उहाँले तिनीहरूलाई भन्नुभयो, "फसल त प्रशस्त छ तर खेतालाहरु थोरै छन् यसकारण फसलका प्रभुलाई प्रार्थना गर, र उहाँले आफ्नो फसलका खेतालाहरू पठाइदिऊन् । जाओ, हेर म तिमीहरूलाई ब्वाँसाहरूका बीचमा भेडाका पाठाहरूझैं पठाउँछु । नता पैसाको थैली, न झोली, न जुत्ता बोक न बाटोमा कसैलाई अभिवादन गर । "जुन घरमा पस्छौं पहिले भन, 'यस घरलाई शान्ति होस !' यदि त्यहाँ शान्तिप्रिया मानिस रहेछ भने तिमीहरूको शान्ति त्यससँग रहनेछ, तर रहेनछ भने त्यो शन्ति तिमीहरूकहाँ नै फर्किआउनेछ । तिनीहरूले दिएका थोकहरू खानपान गरेर त्यसै घरमा बस । किनभने खेताला आफ्नो ज्यलाको योग्य हुन्छ । घर-घर नपसी हिँड । "जब तिमीहरू कुनै शहरमा पस्छौं, र तिनीहरूले तिमीहरूलाई स्वागत गर्छन्, तब तिमीहरूका सामु राखिदिएका भोजन खाओ, त्यहाँ भएका रोगीहरूलाई निको पार, र तिनीहरूलाई भन, 'परमेश्वरको राज्य तिमीहरूको नजीक आइपुगेको छ ।'*
*(लूका १०:१-९)*

**खोजतलास प्रक्रिया** - मल-जल (पृष्ट नं. ७ हेर्नोस्)

**थप धर्मशास्त्रको खण्डहरू** - छाँटकाट
(मत्ती ९:३५-३८, यूहन्ना ४:३५-३८, यशैया ६:८, गलाती ६:९-१०)

**प्रयोगको निम्ति प्रश्नहरू** - फसलको कटनी (२ तिमोथी ३:१६-१७, पृष्ट ७ हेर्नोस्)

**निष्कर्ष** - हामीलाई सुसमाचार सुनाउन जिम्मेवरी दिइएको छ । हाम्रो वरिपरि भएका मानिसहरूलाई सुसमाचार सुनाउने हामीले अवसर पाएका छौं ।

पाठ ३-७

# प्रेमिलो परमेश्वर

## परमेश्वरसितको सम्बन्ध चाहिँ मुख्य कुरो हो

**पाठको विषय -** *भूमि तयारी गर्नु*
येशूलाई पछ्याउने खीष्टियान विश्वासीहरूलाई धेरै ओटा कामहरू गर्न येशूले भन्नुभएको छ । मुख्य कुरोचाहिँ उहाँसितको हामीले ठिक सम्बन्ध राख्नु हो ।

***धर्मशास्त्रको मुख्य खण्ड :*** *तैंले परमप्रभु आफ्ना परमेश्वरलाई तेरो सारा हृदयले, तेरो सारा प्राणले, तेरो सारा समझले, र तेरो सारा शक्तिले प्रेम गर् ।' (मर्कूस १२:३०)*

**बाइबलको कथा -** *बीउ छर्नु*
कथालाई राम्रोसंग बुझ्न परिचयले सहायता गर्दछ ।
मरियम र मार्था चाहिँ येशूलाई पछ्याउने स्त्रीहरू थिइन् र तिनीहरूको येशूसित राम्रो सम्बन्ध थियो ।

***बाइबलको कथा यसरी सुरु हुन्छ ...***
*उहाँहरू जाँदैगर्नुहुँदा उहाँ कुनै एउटा गाउँमा पस्नुभयो, र मार्था नाउँभएकी एउटी स्त्रीले उहाँलाई आफ्नो घरमा स्वगत गरिन् । मरियम नाउँ भएकी तिनकी एउटी बहिनी थिइन् । तिनी येशूका पाउनेर बसेर उहाँको वचन सुन्दथिन् । तर मार्था सेवा-सत्कारको धेरै काममा अल्झेकी थिइन् । तिनले येशूकहाँ आएर भनिन्, "प्रभुज्यू, मेरी बहिनीले सेवा-सत्कारको काममा मलाई एकलै पारेकी छिन् तपाई वास्ता राख्नुहुन्न ? त्यसलाई भनिदिनोस्, र त्यसले मलाई सघाओस्" तर येशूले जवाफ दिएर तिनलाई भन्नुभयो, "मार्था, मार्था, तिमी धेरै कुराका विषयमा चिन्ता गर्छौ, र व्याकुल हुन्छौ । तर आवश्यकता एउटै कुराको छ, त्यही असल कुरा मरियमले छानेकी छे, जो उसबाट खोसिनेछैन । (लूका १०:३८-४२)*

**खोजतलास प्रक्रिया -** मल-जल (पृष्ट नं. ७ हेर्नोस्)

**थप धर्मशास्त्रको खण्डहरू -** छाँटकाट
(यूहन्ना १४:१५, मत्ती ११:२८-३०, फिलिप्पी २:१२-१३, लूका ६:४७-४९)

**प्रयोगको निम्ति प्रश्नहरू -** फसलको कटनी (२ तिमोथी ३:१६-१७, पृष्ट ७ हेर्नोस्)

**निष्कर्ष -** हामीले परमेश्वरलाई हाम्रो सारा हृदयले, सारा प्राणले र सारा शक्तिले प्रेम गर्न पर्छ भनी येशूले हामीलाई आज्ञा गर्नुभएको छ र यो अति मुख्य आज्ञा हो ।

# प्रेमिलो परमेश्वर

## असल गोठालो थाहा गर्नु

पाठ ३-८

**पाठको विषय -** *भूमि तयारी गर्नु*
येशूलाई पछ्याउने खीष्टियान विश्वासीहरूले जस्तै अवस्थामा पनि परमेश्वरलाई प्रेम गरिरहनु पर्छ। हाम्रा सबै कुराहरूद्वारा परमेश्वरलाई प्रेम गर्दा उहाँलाई जान्न आवश्यक छ।

***धर्मशास्त्रको मुख्य खण्ड :*** *तैंले परमप्रभु आफ्ना परमेश्वरलाई तेरो सारा हृदयले, तेरो सारा प्राणले, तेरो सारा समझले, र तेरो सारा शक्तिले प्रेम गर्।' (मर्कूस १२:३०)*

**बाइबलको कथा -** *बीउ छर्नु*
कथालाई राम्रोसंग बुझ्न परिचयले सहायता गर्दछ।
येशूले पहिले भन्नुभएको थियो कि उहाँलाई पछ्याउनेहरू चाहिँ भेडा जस्तो हो र भेडाले आफ्ना गोठालोलाई पछ्याउँछ।

***बाइबलको कथा यसरी सुरु हुन्छ ...***
*यसकारण येशूले फेरि तिनीहरूलाई भन्नुभयो, "साँच्चै म तिमीहरूलाई भन्दछु, भेड़ाहरूको ढोका मै हुँ। म भन्दा अगि आउने सबै चोर र डाँकूहरू हुन्, तर भेड़ाहरूले तिनीहरूका कुरा सुनेनन्। ढोका म नै हुँ, यदि कोही मानिस मबाट भित्र पस्यो भने त्यो बचाइनेछ, र भित्र बाहिर आउने-जाने गर्नेछ, र खर्कमा चर्न पाउने छ। "चोर त चोर्न, मार्न र नाश पार्न मात्र आउँछ। म त तिमीहरूले जीवान पाऊँन्, र त्यो प्रशस्त मात्रामा पाऊन् भन्ने हेतुले आएँ। म असल गोठालो हुँ। असल गोठालाले आफ्ना भेड़ाहरूका निम्ति आफ्नो प्राण अर्पण गर्छ। भाड़ाको मान्छेचाहिँ भेड़ाको आफ्नो गोठालोजस्तो होइन। त्यसले त ब्वाँसालाई आएको देखेर भेड़ालाई छोडी त्यो भाग्छ, र ब्वासाँले भेड़ाहरूलाई गाँजी लैजान्छ, र तितरबितर पारिदिन्छ। त्यो भाग्छ किनकि त्यो भाड़ाको मान्छे हो, त्यसले भेड़ाको केही वास्ता गर्दैन। 'म असल गोठालो हुँ, म आफ्नो भेड़ाहरूलाई चिन्छु,। अनि मेरा भेड़ाहरूले मलाई चिन्छन्। (यूहन्ना १०:७-१४)*

**खोजतलास प्रक्रिया -** मल-जल (पृष्ट नं. ७ हेर्नोस्)

**थप धर्मशास्त्रको खण्डहरू -** छाँटकाट
(भजनसंग्रह २३, भजनसंग्रह १००, मत्ती ९:३५-३६)

**प्रयोगको निम्ति प्रश्नहरू -** फसलको कटनी (२ तिमोथी ३:१६-१७, पृष्ट ७ हेर्नोस्)

**निष्कर्ष -** जब हामीले परमेश्वरलाई चिन्दछौं तब उहाँलाई प्रेम गर्न लग्छौं।

# अरुलाई प्रेम गर्नु

पाठ
३-९

## खीष्टलाई पछ्याउने खीष्टियान विश्वासीहरू अरुसँग मिलेर एकत्वमा जिउँदछ

**पाठको विषय** - *भूमि तयारी गर्नु*
येशूलाई पछ्याउने खीष्टियान विश्वासीहरूलाई मण्डली भनिन्छ । मण्डली एकत्वमा रहेर जीवन यापन गरेको परमेश्वर चाहनुहुन्छ ।

***धर्मशास्त्रको मुख्य खण्ड :*** *'तैंले तेरो आफ्नो छिमेकीलाई आफुलाई जस्तै प्रेम गर् ।' (मर्कूस १२:३१)*

**बाइबलको कथा** - *बीउ छर्नु*
कथालाई राम्रोसंग बुझ्न परिचयले सहायता गर्दछ ।
धार्मीक अगुवा जोहरूले येशूलाई विरोध गर्थे तिनीहरूले मण्डलीका अगुवाहरूलाई येशूको बारेमा नबोल्नू र उहाँको बारेमा शिक्षा नदिनू भनेका थिए । मण्डलीले उचित प्रतिकृयाको निम्ति परमेश्वरसित माग गरे ।

***बाइबलको कथा यसरी सुरु हुन्छ ...***
*अब हे प्रभु, तिनीहरूका धम्कीमाथि नजर गर्नुहोस्, र तपाईको दासहरुलाई पुरा साहससित तपाईको वचन बोल्न दिनुहोस्, र निको पार्नलाई तपाईको आफ्नो बाहुली फैलाउँनुहुदा, आफ्ना पवित्र सेवाक येशूको नाउँद्वारा चिन्ह र आश्चर्य कामहरू होऊन् ।" तिनीहरूले प्रार्थना गरिसकेपछि तिनीहरू भेला भएको ठाउँमा कम्प भयो र तिनीहरू सबै जना पवित्र आत्माले भरिए र तिनीहरूले साहससित परमेश्वरको वचन बोले । विश्वास गर्नेहरूको समूह सबै एकै आत्माका भएका थिए र तिनीहरूमध्ये एउटाले पनि आफ्नो धन-सम्पत्तिको केही थोक यो मेरो आफ्नो हो भनी भन्दैन थियो, तर तिनीहरूका सबै थोक साझा थिए । ती प्रेरितहरुले बड़ो शक्तिसाथ प्रभु येशूका पुनरुत्थानको गवाही दिन्थे, र तिनीहरू सबैमाथि ठूलो अनुग्रह रहेको थियो । तिनीहरूमध्ये कसैलाई पनि केही कुराको खाँचो पर्दैनथ्यो, किनकि जति जना जग्गजमीन कि घरको मालिक थिए, तिनीहरूले ती बेचेर त्यसको मोल ल्याउँथे, र प्रेरितहरूका चरणमा राखिदन्थे र जस-जसलाई जे-जे कुराको खाँचो पर्थ्यो, सो हरेकलाई बाँडिदिन्थे । (प्रेरित ४:२९-३५)*

**खोजतलास प्रक्रिया** - मल-जल (पृष्ट नं. ७ हेर्नोस्)

**थप धर्मशास्त्रको खण्डहरू** - छाँटकाट
(१ कोरिन्थीहरू १२:१२-३१, १ कोरिन्थीहरू १४:२६, एफिसी ४:१६, रोमी १२:३-२१)

**प्रयोगको निम्ति प्रश्नहरू** - फसलको कटनी (२ तिमोथी ३:१६-१७, पृष्ट ७ हेर्नोस्)

**निष्कर्ष** - अरु खीष्टियान विश्वासीहरूसित एकत्वमा जिउँनु भनेर हामीलाई भनिएको छ ।

# अरुलाई प्रेम गर्नु

## संसारको ज्योति हुनु

पाठ ३-१०

**पाठको विषय** - *भूमि तयारी गर्नु*
अरु मानिसहरूलाई प्रेम गर्नु भनेर येशूले आफ्ना चेलाहरूलाई आज्ञा गर्नुभयो । संसारलाई आशा र शान्तिको सन्देश दिन खीष्टियानहरूलाई बोलाइएको छ अनि यो चाहिँ खीष्टियानहरूले परमेश्वरको प्रेममा गर्नु पर्दछ ।

***धर्मशास्त्रको मुख्य खण्ड :*** *'तैंले तेरो आफ्नो छिमेकीलाई आफुलाई जस्तै प्रेम गर् ।' (मर्कूस १२:३१)*

**बाइबलको कथा** - *बीउ छर्नु*
कथालाई राम्रोसंग बुझ्न परिचयले सहायता गर्दछ ।
हाम्रो छिमेकीलाई प्रेम गर्नु भनेर बाइबलले भन्दछ । एक जना धार्मिक पण्डितले मेरो छिमेकी चाहिँ को हो भनेर येशूलाई प्रश्न गरेका थिए । येशूले त्यस धार्मिक पण्डितलाई पूजाहारी, लेवी र सामारीको कथा भनेर उत्तर दिनुभएको थियो । लेवी र पूजाहारीलाई मानिसहरूले धार्मिक दृष्टिकोणले हेर्थे । सामारी चाहिँ मानिसहरूको एउटा समुदाय मात्र थियो तिनको अरु मित्रहरू थिएन तर यो समुदाय चाहिँ येशूबाटको थियो ।

***बाइबलको कथा यसरी सुरु हुन्छ ...***
*येशूले जवाफ दिनुभयो, "एक जना मानिस यरूशलेमबाट यरीहोतिर जँदैथियो । त्यो डाँकूहरुको फेला पऱ्यो । तिनीहरूले त्यसलाई नाङ्गै पारेर पिटे, र अधमरो पारी छोड्रेर गए । संयोगले एउटा पूजाहारी त्यही बाटो भएर जाँदैथियो र त्यो अधमरो मान्छेलाई देखेर त्यो अर्कोपट्टि तर्केर गयो । त्यसै गरी एउटा लेवी पनि त्यस ठाउँमा आएर त्यसलाई देखेर अर्कोपट्टि तर्केर गयो । तर एउँटा सामरी अफ्नो यात्रामा जाँदैगर्दा त्यो मान्छे भएको ठाउँमा आइपुग्यो र त्यसलाई देखेर उसको मन दयाले भरियो । र त्यसकहाँ गएर तेल र दाखमद्य लगाएर त्यसका घाउहरुमा पट्टि बाँधिदियो र आफ्नौ गधामाथि चढाएर त्यसलाई एउटा पौवामा ल्याई त्यसको हेरचाहा गऱ्यो । भोलिपल्ट उसले दुइ चाँदीका सिक्का पौवाको मालिकलाई दिएर भन्यो, "यसको हेरचाहा गर र अरू बढ्रि खर्च लागे म फर्केर आउँदा तिमीलाई तिरिदिनेछु ।" येशूले सोध्नुभयो "तिम्रो विचारमा यी तिन जनामध्ये डाँकुहरूको हातमा पर्ने मानिसको छिमेकी कुनचाँहि ठहरियो ?" तिनले भने "त्यस मानिसमाथि दया देखाउनेचाहिँ ।" तब येशूले तिनलाई भन्नुभयो, "जाऊ, तिमी पनि त्यसै गर ।" (लूका १०:३०-३७)*

**खोजतलास प्रक्रिया** - मल-जल (पृष्ट नं. ७ हेर्नोस्)

**थप धर्मशास्त्रको खण्डहरू** - छाँटकाट
(१ यूहन्ना ३:१६-१८, १ यूहन्ना ४:७-१२, यूहन्ना १३:३४-३५, मत्ती ५:१४-१६, एफिसी ४:१-३, १ कोरिन्थीहरू १३)

**प्रयोगको निम्ति प्रश्नहरू** - फसलको कटनी (२ तिमोथी ३:१६-१७, पृष्ट ७ हेर्नोस्)

**निष्कर्ष** - जब हामीले खाँचोमा परेकाहरूलाई वास्ता पुऱ्याउछौं तब हामीले परमेश्वरको प्रेम मानिसहरूप्रति प्रदर्शन गरिरहेका हुन्छौं । अरुलाई वास्ता पुऱ्याएर हामीले परमेश्वरको प्रेम प्रकट गर्दछौं ।

# चेला बनाउनु

## मेरा पाठाहरूलाई खुवाऊ

पाठ ३-११

**पाठको विषय** - *भूमि तयारी गर्नु*
परमेश्वरको प्रेमले हामीलाई अरु विश्वासीहरू प्रति वास्ता पुऱ्याउन र तालिम दिन उत्साह प्रदान गर्दछ ।

***धर्मशास्त्रको मुख्य खण्ड :*** *तिमीहरूको देखरेखमा राखिएको परमेश्वरको बगालको हेरचाहा गर । करले होइन तर स्वेच्छाले, धनको लोभले होइन उत्साहसाथ । (१ पत्रुस ५:२)*

**बाइबलको कथा** - *बीउ छर्नु*
कथालाई राम्रोसंग बुझ्न परिचयले सहायता गर्दछ ।
येशू क्रूसमा मर्नु भएपछि पुनः मृत्युबाट जीवित हुनु भएको थियो । बिहान सबेरै आफ्ना चेलाहरूले जालहानी रहेका येशूले भेटाउनु भयो ।

***बाइबलको कथा यसरी सुरु हुन्छ ...***
*येशूले तिनीहरूलाई भन्नुभयो "आएर खाओ ।" चेलाहरूमध्ये कसैले पनि "तपाई को हुनुहुन्छ ?" भनी सोध्ने आँट गरेन किनकि तिनीहरूले उहाँ प्रभु हुनुहुन्छ भनी जान्दथिए । येशू आउनु भयो र रोटी लिएर तिनीहरूलाई दिनुभयो र त्यसै गरी माछा पनि दिनुभयो । मृतकबाट जीवित भइउठ्नुभएपछि येशू चेलाहरूकहाँ प्रकट हुनुभएको यो तेस्रो पल्ट थियो । जब तिनीहरूले खाइसके, तब येशूले सिमोन पत्रुसलाई भन्नुभयो, "यूहन्नाका छोरा सिमोन, के तिमी मलाई यिनीहरूभन्दा बढी प्रेम गर्दछौ ?" तिनले उहाँलाई भने, "ज्यु प्रभु, तपाई जान्नुहुन्छ म तपाईलाई माया गर्छु ।" उहाँले तिनलाई भन्नुभयो, "मेरा पाठाहरूलाई खुवाऊ ।" उहाँले फेरि दोस्रो पल्ट तिनलाई भन्नुभयो, "यून्नाका छोरा सिमोन के तिमी मलाई प्रेम गर्दछौ ?" तिनले उहालाई भने, "ज्यु प्रभु, तपाई जान्नुहुन्छ म तपाईलाई माया गर्छु ।" उहाँले तिनलाई भन्नुभयो, "मेरा भेड़ाहरूको हेरचाहा गर ।" उहाँले तिनलाई तेस्रो पल्ट भन्नुभयो, "यूहन्नाका छोरा सिमोन के तिमी मलाई माया गर्छौ ।" पत्रुस दुःखित भए, किनकि उहाँले तेस्रो पल्ट तिनलाई "के तिमी मलाई माया गर्छौ ?" भन्नुभयो । तिनले उहाँलाई भने, "प्रभु, तपाई सब कुरा जान्नुहुन्छ । म तपाईलाई माया गर्दछु भनी तपाइलाई थाहा छ ।"येशूले तिनलाई भन्नुभयो, "मेरा भेड़ाहरूलाई खुवाऊ । (यूहन्ना २१:१२-१७)*

**खोजतलास प्रक्रिया** - मल-जल (पृष्ट नं. ७ हेर्नोस्)

**थप धर्मशास्त्रको खण्डहरू** - छाँटकाट
(१ थेसलोनिकी ५:११, मत्ती २८:१९-२०, २ तिमोथी २:२, २ तिमोथी ४:२-५, प्रेरित २०:२८)

**प्रयोगको निम्ति प्रश्नहरू** - फसलको कटनी (२ तिमोथी ३:१६-१७, पृष्ट ७ हेर्नोस्)

**निष्कर्ष** - चेला बनाऔं भनेर येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो । चेला बनाउनु चाहिँ हामीले नयाँ विश्वासीहरूलाई सहयोग र शिक्षा दिनु हो जसद्वारा तिनीहरू परमेश्वरसँगको सम्बन्धमा बढदै जान मदत पुग्दछ ।

पाठ
३-१२

# चेला बनाउनु

जसरी हामीले अरुलाई चेला बनाइ रहेका हुन्छौं त्यस समय येशू हामीसित हुनुहुन्छ

**पाठको विषय -** *भूमि तयारी गर्नु*
येशूले सबै मानिसहरूलाई अति नै प्रेम गर्नुहुन्छ र तिनीहरूलाई चेला बनाऔं भनेर येशूले आफ्ना चेलाहरूलाई भन्नुहुन्छ। चेला निमार्ण गर्नेहरूसित म हुनेछु भनी येशूले आफ्ना अनुयायीहरूलाई प्रतिज्ञा गर्नुभएको छ।

***धर्मशास्त्रको मुख्य खण्ड :*** *तिमीहरूको देखरेखमा राखिएको परमेश्‍वरको बगालको हेरचाहा गर। करले होइन तर स्वेच्छाले, धनको लोभले होइन उत्साहसाथ। (१ पत्रुस ५:२)*

**बाइबलको कथा -** *बीउ छर्नु*
कथालाई राम्रोसंग बुझ्न परिचयले सहायता गर्दछ।
येशूलाई क्रूसमा झुण्ड्याइएको थियो र उहाँको मृतक शरीरलाई तीन दिनसम्म चिहानमा राखिएको थियो। जुन चिहानमा येशूलाई राखिएको थियो त्यो चिहान रित्तो थियो भनेर उहाँ चेलाहरूले थाहा पाएका थिए।

***बाइबलको कथा यसरी सुरु हुन्छ ...***
*ती एघारै जना चेलाहरू गालीलको त्यस डाँड़ामा गए, जहाँ येशूले तिनीहरूलाई जाने आदेश दिनुभएको थियो। तिनीहरूले उहाँलाई देखेर दण्डवत् गरे, तर कतिले चाहिँ शङ्का गरे। तब येशू तिनीहरूकहाँ आएर भन्नुभयो, "स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ। यसकारण जाओ, र सबै देशका जातीहरूलाई चेला बनाउ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ, मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ। हेर म युगको अन्त्यसम्म सधैँ तिमीहरूका साथमा छु।"*
*(मत्ती २८:१६-२०)*

**खोजतलास प्रक्रिया -** मल-जल (पृष्ट नं. ७ हेर्नोस्)

**थप धर्मशास्त्रको खण्डहरू -** छाँटकाट
(यूहन्ना १४:१५-१७, हिब्रू १३:५-६, २ तिमोथी २:२, प्रेरित २:४२-४७)

**प्रयोगको निम्ति प्रश्नहरू -** फसलको कटनी (२ तिमोथी ३:१६-१७, पृष्ट ७ हेर्नोस्)

**निष्कर्ष -** चेला बनाऔं भनेर येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो। खीष्टलाई पछ्याउनेहरूले नयाँ विश्‍वासीहरूलाई शिक्षा दिनु पर्छ ताकि तिनीहरू परमेश्‍वरको ज्ञान र विश्‍वासमा बढ्दै जान सकोस्।

# चेला बनाउनु

पाठ
३-१३

## विश्वासीहरूलाई उत्साह दिएर बलियो बनाउनु

**पाठको विषय -** *भूमि तयारी गर्नु*
ख्रीष्टियान विश्वासीको हैसियतले हामी सबै जना उत्साहित हुँदै विश्वासमा बलियो हुन आवश्यक छ। परमेश्वरको परिवारको नाताले हामी एक-अर्कोलाई उत्साह दिँदै तालिम दिनुपर्छ।

***धर्मशास्त्रको मुख्य खण्ड :*** *तिमीहरूको देखरेखमा राखिएको परमेश्वरको बगालको हेरचाहा गर। करले होइन तर स्वेच्छाले, धनको लोभले होइन उत्साहसाथ। (१ पत्रुस ५:२)*

**बाइबलको कथा -** *बीउ छर्नु*
कथालाई राम्रोसंग बुझ्न परिचयले सहायता गर्दछ।
पावल र बर्णबास एउटा सहर देखि अर्को सहरमा येशूको बारेमा बताउँदै गए।

***बाइबलको कथा यसरी सुरु हुन्छ ...***
*तब जब चेलाहरू तिनको वरिपरि उभिए तिनी उठे, अनि शहर भित्र पसे, र भोलिपल्ट बारनाबाससँग निस्केर डर्बीमा गए। तिनीहरूले त्यस शहरमा सुसमचार प्रचार गरेर धेरै चेलाहरू बनाए, र तिनीहरू लुस्त्रा, आइकोनियन र एन्टिओखियामा फर्के, चेलाहरूका आत्मालाई सुदृढ गराउँदै उनीहरूलाई विश्वासमा रहिरहने अर्ती दिए, र धेरै कष्ट सहेर हामी परमेश्वरको राज्यमा प्रवेश गर्नुपर्छ भनी उनीहरूलाई भने। जब तिनीहरूले उनीहरूको हरेक मण्डलीमा एल्डरहरु नियुक्त गरे, तब प्रार्थना र उपवाससहित उनीहरू आफूले विश्वास गरेका प्रभुको जिम्मामा उनीहरूलाई सुम्पिदिए। (प्रेरित १४:२०-२३)*

**खोजतलास प्रक्रिया -** मल-जल (पृष्ट नं. ७ हेर्नोस्)


**थप धर्मशास्त्रको खण्डहरू -** छाँटकाट
(प्रेरित १८२३, १ थेसलोनिकी ५:१३-१५, प्रेति २:४२-४७, प्रेरित ११:२५-३०, प्रेरित १५:३०-४१)

**प्रयोगको निम्ति प्रश्नहरू -** फसलको कटनी (२ तिमोथी ३:१६-१७, पृष्ट ७ हेर्नोस्)

**निष्कर्ष -** ख्रीष्टको विश्वास योग्य चेला हुनको निम्ति एउटाले अर्कोलाई उत्साह दिएर बलियो बनाउन जरुरी छ।

# फलदायी र गुणात्मक होऔं

www.iBFAM.org



# प्रशस्तको जीवन

## अध्ययनमाला ४ छानो

## पाठहरू :

४-१ परमेश्वर ....................................................................................................पृष्ठ ०३
*परमेश्वर एक मात्र हुनुहुन्छ*

४-२ येशू ....................................................................................................पृष्ठ ०४
*येशू परमेश्वरको पुत्र हुनुहुन्छ*

४-३ पवित्र आत्मा ....................................................................................................पृष्ठ ०५
*ख्रीष्टियान विश्वासीहरूलाई पवित्र आत्माको खाँचो पर्छ*

४-४ प्रेम र क्षमादान ....................................................................................................पृष्ठ ०६
*येशू प्रेम र क्षमादान प्रदर्शन गर्न आउनुभयो*

४-५ परमेश्वरको सामुन्ने धर्मी ठहरिनु ....................................................................................................पृष्ठ ०७
*हामीहरू परमेश्वरको धार्मिकताबाट पतन भएकाछौं भनी थाहा गर्नु*

४-६ परमेश्वरको राज्य ....................................................................................................पृष्ठ ०८
*आत्मिक रूपले नयाँगरी जन्मनु*

४-७ बाइबल ....................................................................................................पृष्ठ ०९
*परमेश्वरबाट सत्यतामा लेखियो*

४-८ मण्डली ....................................................................................................पृष्ठ १०
*ख्रीष्टियान विश्वासीहरू एकतामा जिउँछन्*

४-९ संसारको ज्योति ....................................................................................................पृष्ठ ११
*ख्रीष्टको ज्योति प्रतिबिम्बित गर्दै*

४-१० अनन्त ....................................................................................................पृष्ठ १२
*सदा सर्वदा परमेश्वरसँग वा सदासर्वदा पीड़ासँग*

४-११ न्याय ....................................................................................................पृष्ठ १३
*येशूले सबै मानिसहरूको न्याय गर्नुहुन्छ*

४-१२ प्रभुभोज ....................................................................................................पृष्ठ १४
*येशू हाम्रो पापको निम्ति मर्नुभएको घटनालाई सम्भ्रना गर्ने दिन*

४-१३ बप्तिस्मा ....................................................................................................पृष्ठ १५
*जन समुदायमा ख्रीष्टप्रतिको विश्वासको घोषणा*

पाठ
४-१

# परमेश्वर

परमेश्वर एक मात्र हुनुहुन्छ ।

**पाठको विषय- भूमिको तयारी**

परमेश्वर एउटा मात्र हुनुहुन्छ । परमेश्वर को हुनुहुन्छ र उहाँ कस्तो हुनुहुन्छ यसबारे धर्मशास्त्र बाइबलले हामीलाई बताउँदछ । खीष्टियान विश्वासीहरूले एक मात्र परमेश्वरलाई पुज्नु पर्दछ । धेरै ओटा देवी-देवताहरूलाई पुज्नुचाहिँ साँचो परमेश्वरप्रति अनाज्ञाकारी हुनु हो भनी बाइबलले भन्दछ ।

**धर्मशास्त्रको मुख्य खण्डः** *"...परमप्रभु हाम्रा परमेश्वर, एउटै परमप्रभु हुनुहुन्छ, । (मर्कूस १२:२९)*

**बाइबल कथा :- बीउ छर्नु**

**परिचयले कथालाई बुझ्नु सहायता गर्दछ ।**

पावल सुसमाचार प्रचार गर्ने एक महान प्रचारक थिए । एकपटक पावलले मानिसहरू बीच एकमात्र परमेश्वर बारे प्रचार गरे । पावलको प्रचार सुन्न शहरमा बसोवास गर्ने वरिपरिका मानिसहरू भेला भएका थिए ।

**बाइबलको कथाको सुरूआत यसरी हुन्छ :-**

*पावलले अरियोपागसको बीचमा खडा भएर भने, "एथेन्सका मानिस हो, तपाईहरूलाई म सब कुरामा अति धर्मानुरागी देख्तछु, किनकि घुमफिर गर्दैजाँदा तपाईहरूले पुज्ने वस्तुहरू मैले देखे । मैले एउटा यस्तो देवी पनि भेट्टाएँ जसमा "अज्ञात देवताको निम्ति" भन्ने खोपिएको रहेछ । यसैले जसलाई तपाईहरू नजानीकन पुज्नुहुन्छ उनलाई म तपाईहरूका माझमा घोषणा गर्दछु । "परमेश्वर, जसले संसार र त्यसमा भएका यावत् थोक बनाउनुभयो, उहाँ स्वर्ग र पृथ्वीका प्रभु भएका हुनाले हातले बनाएका मन्दिरमा वास गर्नुहुन्न, उहाँलाई कुनै थोकको खाँचो परेजस्तो गरी मान्छेको हातबाट उहाँको सेवा हुनुपर्छ भनी नसोच्नुहोस् । किनभने उहाँले नै सबैलाई जीवन, सास र सबै चीज दिनुहुन्छ । उहाँले एक जनाबाट समस्त पृथ्वीमा वास गर्न मानिसको प्रत्येक जाति बनाउनुभयो । तिनीहरूका निवासका अवधि र सीमा पनि तोकिदिनुभयो, तिनीहरूले परमेश्वरलाई खोजून्, शायद तिनीहरूले छामछुम गरेर उहाँलाई भेट्टाउलान् कि भन्ने आशामा यसो गरियो । तर पनि उहाँ हामी हरेकबाट टाढ़ा हुनुहुन्न । किनभने "हामी उहाँमा जिउँछौं, र उहाँमा चहलपहल गर्छौं, र उहाँमा हाम्रो अस्तित्व छ ।" तपाईहरूका आफ्नै कविहरूले पनि भनेका छन्, 'हामी निश्चय उहाँकै सन्तान हौं ।' तब हामी परमेश्वरका सन्तान भएका हुनाले, परमेश्वर सुन, चाँदि वा पत्थरजस्तै हो भनी हामीले ठान्नुहुँदैन यिनीहरूचाहिँ मान्छेका कला र कल्पनाका प्रतिरूप मात्र हुन् यस्तो अज्ञानताका समयलाई परमेश्वरले ध्यान दिनुभएन, तर अब प्रत्येक ठाउँमा सब मानिसहरूलाई पश्चात्ताप गर्ने आज्ञा दिनुहुन्छ । किनकि उहाँले एक दिन तोकिदिनुभएको छ, जुन दिन उहाँले आफूले नियुक्त गर्नुभएका एक जना व्यक्तिद्वारा धार्मिकतामा संसारको इन्साफ गर्नुहुनेछ । उनलाई मृतकबाट जीवित पारेर उहाँले सबै मानिसहरूलाई यसको प्रमाण दिनुभएको छ ।" (प्रेरित १७:२२-३१)*

**खोजतलास प्रक्रिया :-** *मल र जल (पृष्ठ नं. ७ मा हेर्नुहोस्)*

**थप अध्ययनको निम्ति धर्मशास्त्रको खण्डहरू :-** *काटछाँट*

*(व्यवस्था ६:४-५, १ तिमोथी २:५-६, उत्पत्ति १:१, प्रकाश १:८, मर्कूस १२:२३)*

**प्रयोगको निम्ति प्रश्नहरू :-** *फसलको कटनी (२ तिमोथी ३:१६-१७, पृष्ठ नं. ७ मा हेर्नुहोस्)*

**निष्कर्षः** सत्य परमेश्वर एउटै हुनुहुन्छ । अरू कुनै झूटो देवी-देवताहरूलाई पुज्नु हुँदैन भन्ने कुरोमा हामी सचेत हुनु जरूरी छ ।

पाठ
४-२

# येशू

## येशू परमेश्वरको पुत्र हुनुहुन्छ

**पाठको विषयः भूमिको तयारी**
येशू संसारमा आउन अघि उहाँ परमेश्वरसित स्वर्गमा हुनुहुन्थ्यो । येशूचाहिँ परमेश्वरको एक मात्र पुत्र हुनुहुन्छ । येशू मृत्युबाट पुनरूत्थान हुन भएपछि स्वर्गीय पिताकहाँ फर्कीनु भएको छ । येशूनै बाटो हुनुहुन्छ भनी बुझ्नको निम्ति परमेश्वर पिता र येशू एउटै हुनुहुन्छ  भनी जान्न जरूरी छ ।

**धर्मशास्त्रको मुख्य खण्डः-** *अगमवक्ताद्वारा परमप्रभुले बोल्नुभएको वचन पूरा हुनलाई नै यी सबै भएका हुन्ः "हेर, एउटा कन्याले गर्भधारण गर्नेछे, र त्यसले एउटा पुत्र जन्माउनेछे, र उहाँको नाउँ इम्मानुएल राखिनेछ," जसको अर्थ हो, "परमेश्वर हामीहरूसँग ।" (मत्ती १:२२-२३)*

**बाइबलको कथाः** बीउ छर्नु
**परिचयले बाइबलको कथा बुझ्न सहायता गर्दछ ।**
येशू एक दिन आउनु हुनेछ भनी मानिसहरूलाई जानकारी दिन परमेश्वरले धेरै जना मानिसहरूलाई पृथ्वीमा पठाउनुभयो । यी मानिसहरूलाई अगमवक्ता भनिन्थ्यो । मोशा र एलिया परमेश्वरको अगमवक्ताहरू थिए र येशू पृथ्वीमा आउनु भन्दा धेरै वर्ष अघिनै पृथ्वीमा आएका थिए ।

**बाइबलको कथा यसरी सुरु हुन्छ :-**
*यसको छ दिन पछि येशूले पत्रुस, याकूब र तिनका भाइ यूहन्नालाई आफूसँग एउटा उच्च पहाड्माथि अलग्गै लैजानुभयो । तिनीहरूको सामुन्ने उहाँको रूप परिवर्तन भयो । उहाँको चेहरा सूर्यझैँ चम्क्यो, र उहाँका वस्त्र प्रकाशझैँ सेता भए । अनि मोशा र एलिया उहाँसँग बातचित गरिरहेका देखा परे । पत्रुसले येशूलाई भने, "हे प्रभु हामी यहाँ भएको असल छ । तपाईको इच्छा भए म यहाँ तीनओटा वासस्थान बनाउनेछु, एउटा तपाईको निम्ति, एउटा मोशाको निम्ति र एउटा एलियाको निम्ति ।" तिनी बोल्दाबोल्दै, चम्किलो बादलले तिनीहरूलाई ढाकिहाल्यो, र त्यस बादलबाट एउटा आवाज आयो, यिनी मेरो प्रिया पुत्र हुन्, यिनीसँग म अति प्रसन्न छु, यिनको कुरा सुन ।" जब चेलाहरूले यो सुने, तब तिनीहरू अति भयभित भएर घोप्टो परे । तर येशूले आएर तिनीहरूलाई छोएर भन्नुभयो, "उठ, नडराओ ।" जब तिनीहरूले आफ्ना आँखा उचाले, येशूबाहेक तिनीहरूले अरू कसैलाई देखेनन् ।*
*(मत्ती १७:१-८)*

**खोजतलास प्रक्रिया : -** *मल र जल (पृष्ठ नं. ७ मा हेर्नुहोस्)*

**थप अध्ययनको निम्ति धर्मशास्त्रको खण्डहरू :-** *काटछाँट*
*(हिब्रू १:१-३, यूहन्ना १:१-५, कलस्सी १:१५-२०, २:९, फिलीप्पी २:५-११, यूहन्ना ३:१६)*

**प्रयोगको निम्ति प्रश्नहरू : -** *फसलको कटनी (२ तिमोथी ३:१६-१७, पृष्ठ नं. ७ मा हेर्नुहोस्)*

**निष्कर्षः** येशू र स्वर्गीय पिता एकै हुनुहुन्छ । येशू परमेश्वर हुनुहुन्छ ।

# पवित्र आत्मा

पाठ ४-३

**खीष्टियान विश्वासीहरूलाई पवित्र आत्माको खाँचो पर्छ**

**पाठको विषयः भूमिको तयारी**

पवित्र आत्मासँगको सम्वन्ध अनिवार्य छ भनी येशूले आफ्ना चेलाहरूलाई सिकाउनुभयो । येशू पवित्र आत्मासँगको सम्वन्धमा जिउँनु भएको थियो । पवित्र आत्मा हाम्रो सहयोगी हुनुहुन्छ र खीष्टियान विश्वासीहरूलाई खीष्टको सत्यतातर्फ अगुवाई गर्नु हुनेछ । पवित्र आत्माले खीष्टियान विश्वासीहरूलाई शक्ति प्रदान गर्नुहुन्छ । आजको खीष्टियान विश्वासीहरूलाई यो इश्वरीय सम्वन्ध उत्तिकै अपरिहार्य छ ।

**धर्मशास्त्रको मुख्य खण्ड :-** *र म पितासँग बिन्ती गर्नेछु, र उहाँले तिमीहरूलाई अर्को सल्लाहकार दिनुहुनेछ, र उहाँ तिमीहरूसँग सदासर्वदा रहनुहुनेछ । यिनी सत्यका आत्मा हुनुहुन्छ, जसलाई संसारले ग्रहण गर्न सक्दैन, किनभने संसारले उहाँलाई नता देख्छ न चिन्छ । तिमीहरू उहाँलाई चिन्छौ, किनभने उहाँ तिमीहरूसँग वास गर्नुहुन्छ, र उहाँ तिमीहरूमा रहनुहुनेछ ।*
*(यूहन्ना १४:१६-१७)*

**बाइबलको कथाः** बीउ छर्नु
**परिचयले बाइबलको कथा बुझ्न सहायता गर्दछ ।**

पवित्र आत्माको पर्खाई चाहिँ येशूले आफ्ना चेलाहरूलाई अन्तिम पटक गर्नु भएको आज्ञाहरूमध्ये एउटा आज्ञा थियो । खीष्टले गर्नु भएको हाज्ञालाई पालन गर्दै धेरै जना मानिसहरू यरूशलेममा भेला भई पवित्र आत्माको आगमनको पर्खाइमा थिए । धेरै दिनहरू वितेपछि भेला भएका ती मानिसहरूका पवित्र आत्मा आउँनु भएको थियो ।

**बाइबलको कथाको सुरुआत यसरी हुन्छ :-**

*जब पेन्तिकोसको दिन आयो, तिनीहरू सबै एकै ठाउँमा भेला भएका थिए । अनि स्वर्गबाट अचानक ठूलो बतासको झोक्काजस्तै एउटा आवाज आयो, र तिनीहरू बसेको पुरा घरै भरिदियो । आगोका जीब्राहरूजस्ता तिनीहरूकहाँ देखा परे, र भाग-भाग भएर तिनीहरू हरेकमाथि बसे अनि तिनीहरू सबै जना पवित्र आत्माले भरिए, र पवित्र आत्माले तिनीहरूलाई दिनुभएको उच्चारणबमोजिम तिनीहरू अन्य भाषाहरूमा बोल्न लागे । स्वर्गमुनि भएको हरेक देशबाट ईश्वरभक्त यहूदीहरू त्यस बेला यरूशलेममा बसेका थिए । तब यो आवाज सुनेर भीड् जम्मा भयो । तिनीहरू आश्चर्यचकित भए, किनकि हरेकले आफ्नो-आफ्नो भाषामा तिनीहरू बोलिरहेका सुन्यो । तिनीहरू सबै आश्चर्यचकित भए, र अचम्म मानेर भन्न लागे, "के यी बोल्नेहरू सबै गालीलीहरू होइनन् र ? त कसरी तिनीहरूहरेकले हाम्रा आफ्ना मातृभाषामा बोलेका हामी सुन्छौं ? हामीहरू यहाँ पार्थीहरु, मादीहरू र एलामीहरू, र मेसोपोटामियाका, यहूदियाका, कापाडोकियाका, पोन्टस र एशियाका बासिन्दाहरू छौं । अनि फ्रिगिया, पामफिलिया, मिश्र र कुरेनीमा पर्ने लिबियाका कतिपय क्षेत्रहरू र रोमबाट आएको यहूदी र यहूदी मत मान्नेहरू दुवै छौं, क्रेटका बासिन्दाहरू र अरबीहरू पनि छौं । अनि हामी आ-आफ्ना भाषामा परमेश्वरका महान् कार्यहरूको चर्चा तिनीहरूले गरिरहेका सुन्दैछौं ।" तिनीहरू सबै आश्चर्यचकित भए र अन्योलमा परेर एउटाले अर्कालाई यसो भन्न लागे, "यसको अर्थ के हो ?"तर अरूहरूले हाँसो गरेर भने, "तिनीहरू नयाँ मद्यले मातेका छन् ।" तर पत्रुसले एघार जनासँग खड्ा भएर उच्च सोरमा तिनीहरूलाई भने, "यहूदियाका मानिस हो, र यरूशलेमका जम्मै बासिन्दाहरू, तपाईहरूलाई यो कुरा थाहा होस्, र मेरे कुरा सुन्नुहोस् । किनभने तपाईहरूले ठान्नुभएझैं यिनीहरू मातेका छैनन्, किनकि अहिले बिहानको नौ मात्र बजेको छ । तर योएल अगमवक्ताद्वारा भनिएको कुरा यही हो, 'आखिरी दिनहरूमा यस्तो हुनेछ भनी परमेश्वरले भन्नुहुन्छ, म सबै मानिसहरूमाथि मेरो आत्मा खन्याइदिनेछु, र तिमीहरूका छोराहरू र तिमीहरूका छोरीहरूले अगमवाणी बोल्नेछन् र तिमीहरूका युवकहरूले दर्शन देख्नेछन्, र तिनीहरूका बुढ्ापाकाहरू स्वप्नदर्शी हुनेछन् । (प्रेरित २:१-१७)*

**खोजतलास प्रक्रिया : -** *मल र जल (पृष्ठ नं. ७ मा हेर्नुहोस्)*

**थप अध्ययनको निम्ति धर्मशास्त्रको खण्डहरू :-** *काटछाँट*
*(यूहन्ना १६:१३, प्रेरित १:८, लुका ११:१३, १कोरिन्थी १२:७-११, गलाती ५:१६, गलाती २२:२३)*

**प्रयोगको निम्ति प्रश्नहरू -** *फसलको कटनी (२ तिमोथी ३:१६-१७, पृष्ठ नं. ७ मा हेर्नुहोस्)*

**निष्कर्षः** पहिलो शताब्दीका खीष्टियान विश्वासीहरूले संसारका मानिसहरू बीच प्रभवकारी छाप दिन सफल भए कारण तिनीहरूले पवित्र आत्मामा भरपुरी जीवन जिएँका थिए । पहिलो शताब्दीका खीष्टियान विश्वासीहरूलाई जस्तै आज हामीलाई पनि पवित्र आत्माको खाँचो छ ।

पाठ ४-४

# प्रेम र क्षमादान

## येशूले प्रेम र क्षमादान प्रदर्शन गर्न आउँनुभयो

**पाठको विषय :- भूमिको तयारी**

येशूले सबै मानिसहरूलाई परमेश्वरको प्रेम र क्षमादान प्रर्दशन गर्नुभयो । हामीहरू खीष्टियान विश्वासीहरू भएको नाताले हामीले पनि अरू मानिसहरूलाई परमेश्वरको प्रेम र क्षमादान प्रदर्शन गर्नु पर्दछ ।

**धर्मशास्त्रको मुख्या खण्डः** *मेरो आज्ञा यही हो, कि मैले तिमीहरूलाई जसरी प्रेम गरें, तिमीहरूले एक-अर्कालाई त्यसरी नै प्रेम गर । (यूहन्ना १५:१२)*

**बाइबलको कथाः** बीउ छर्नु

**परिचयले कथालाई बुझ्न सहायता गर्दछ ।**

येशू शारीरिक रूपमा जब यस पृथ्वीमा हुनुहुन्थ्यो त्यस समय मानिसहरूले मोशाको व्यवस्था पालन गर्ने प्रयास गर्थे ।

**बाइबलको कथाको सुरूआत यसरी हुन्छ :-**

*उहाँ एकाबिहानै फेरि मन्दिरमा जानुभयो, र सबै मानिसहरू उहाँकहाँ आए, र उहाँ बस्नुभयो,र तिनीहरूलाई शिक्षा दिनुभयो । शास्त्री र फरिसीहरूले व्यभिचारमा पक्राउ परेकी  एउटी स्त्रीलाई ल्याएर त्यसलाई माझमा उभ्याए । तिनीहरूले उहाँलाई भने, "गुरुज्यू, यो स्त्री व्यभिचारको कर्ममा पक्रउ परी । व्यवस्थामा मोशाले यस्ताहरूलाई ढुङ्गाले हान्ने हामीलाई आज्ञा दिएका छन् । तपाई यसको बारेमा के भन्नुहुन्छ ?" तर तिनीहरूले उहाँको जाँच गर्नलाई, र उहाँमाथि अभियोग लाउन सकिन्छ कि भनी यसो भनेका थिए । येशूले निहुरेर भूइँमा औंलाले लेख्नुभयो । तर जब तिनीहरूले उहाँलाई सोधी नै रहे, तब उहाँले खड्ा भएर तिनीहरूलाई भन्नुभयो, "तिमीहरूमा जो पापरहित छ, त्यसैले त्यस स्त्रीलाई पहिलो ढुङ्गा हानोस् ।" अनि फेरी निहुरेर उहाँले भुइँमा औंलाले लेख्नुभयो । तर जब तिनीहरूले यो सुने, तब ठूलादेखि शुरु गरि सानासम्म एक-एक गरेर गए, र येशू त्यस स्त्रीसँग एकलै छोडिनुभयो, अनि त्यो स्त्रीचाहिँ उहाँको अगि उभिरही । येशूले त्यस स्त्रीलाई हेरेर भन्नुभयो, "ए नारी, तिनीहरू काहाँ गए ? के कसैले तिमीलाई दण्ड दिएन ?" त्यसले भनि, "प्रभु, कसैले दिएन ।" येशूले भन्नुभयो, "म पनि तिमीलाई दण्ड दिन्नँ । जाऊ, अनि फेरि पाप नगर ।" (यूहन्ना ८:२-११)*

**खोजतलास प्रक्रिया :-** *मल र जल (पृष्ठ नं. ७ मा हेर्नुहोस्)*

**थप अध्ययनको निम्ति धर्मशास्त्रको खण्डहरू :-** *काटछाँट*

*(१ यूहन्ना २:८-११, यूहन्ना ३:१६, १यूहन्ना ४: यूहन्ना १५:१२-१७)*

**प्रयोगको निम्ति प्रश्नहरू : -** *फसलको कटनी (२ तिमोथी ३:१६-१७, पृष्ठ नं. ७ मा हेर्नुहोस्)*

**निष्कर्षः** येशूचाहिँ प्रेम र क्षमादानको एक सिद्ध प्रतिक हुनुहुन्छ । यदि हामीहरू खीष्टियान विश्वासीहरू हौं भने हामीले पनि अरू मानिसहरूलाई प्रेम गर्नुका साथै क्षमा दिनुपर्छ ।

पाठ
४-५

# परमेश्वरको सामुन्ने धर्मी ठहरिनु

## हामीहरू परमेश्वरको धार्मिकताबाट पतन भएका छौं भनी थाहा गर्नु

**पाठको विषय: भूमिको तयारी**

सबै मानिसहरू परमेश्वरको सिद्धताबाट पतन भएका छन् । हामीले हाम्रो काम गरेर सिद्ध ठहरिन सक्तैनौ । हामीले आफ्ना पापपूर्ण स्वभावलाई थाहा गर्नुपर्छ र परमेश्वरको दयाको निम्ति उहाँलाई बिन्ति चढ्ाउनु पर्दछ । जब हामीले परमेश्वरको दयाको निम्ति प्रार्थना गर्दछौं तब हामीहरू परमेश्वरको सामुन्ने धर्मी ठहरिन्छौं ।

**धर्मशास्त्रको मुख्य खण्ड:** *-किनकि सबैले पाप गरेका छन्, र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन् । (रोमी ३:२३)*

**बाइबलको कथा:** बीउ छर्नु

**परिचयले कथा बुझ्न सहायता गर्दछ ।**

येशूले दुइ जना मानिसबारे कथा भन्नुभयो । एक जना धार्मिक अगुवा जसलाई फरिसी मानिन्थ्यो । अर्को व्यक्तिचाहिँ कर उठाउने जसलाई समुदायले घृणा गर्थ्यो । यो कथामा, परमेश्वरको सामुन्ने धार्मिक ठहरिनुको अर्थचाहिँ उहाँले मानिसको पाप क्षमा दिनुभयो ।

**बाइबलको कथाको सुरूआत यसरी हुन्छ**

*"दुइ जना मानिस प्रार्थना गर्न मन्दिरमा गए एक जना फरिसी र अर्कोचाहिँ कर उठाउने । फरिसीले उभिएर मनमनै यसरी प्रार्थना गऱ्यो, 'हे परमेश्वर, म तपाईलाई धन्यवाद दिन्छु, म अरू मानिसहरूजस्तो धुताहा, अन्यायी, व्यभिचारि, अथवा यही कर उठाउनेजस्तो पनि छैन । म हप्तामा दुइ पल्ट उपवास बस्तछु । मैले पाएको सबै थोकको दशांश म दिन्छु ।' "तर कर उठाउनेचाहिँ टाढ्ै उभिएर स्वर्गतिर आँखा पनि नउठाई यसो भन्दै आफ्नो छाती पिट्यो, 'हे परमेश्वर म पापीमाथि दया गर्नुहोस् म तिमीहरूलाई भन्दछु, योचाहिँ मानिस त्यस अर्को भन्दा धर्मी ठहरिएर आफ्नो घरतिर लाग्यो । किनभने हरेक जसले आफूलाई उच्च पार्दछ, त्यो होच्याइनेछ, तर जसले आफूलाई होच्याउँछ, त्यो उच्च पारिनेछ ।" (लूका १८:१०-१४)*

**खोजतलास प्रक्रिया :-** *मल र जल (पृष्ठ नं. ७ मा हेर्नुहोस्)*

**थप अध्ययनको निम्ति धर्मशास्त्रको खण्डहरू :-** *काटछाँट*
*(रोमी ३:२४, ४:४-५, ४:२५, ५:१-२, ५:८-१० र १०:१०)*

**प्रयोगको निम्ति प्रश्नहरू :-** *फसलको कटनी (२ तिमोथी ३:१६-१७ पृष्ठ नं. ७ मा हेर्नुहोस्)*

**निष्कर्ष:** सबैले पाप गरेका छन् र शुद्धिकरण हुन आवश्यक छ । शुद्धिकरणको सुरूआत चाहिँ हामीहरू परमेश्वरको सिद्धताबाट पतन भएका छौं भन्ने जानेर दयाको निम्ति उहाँसित प्रार्थना चढ्ाउनु नै सुद्धिकरणको सुरूआत हो । परमेश्वरले मात्र हामीलाई धर्मी ठहराउनु सक्नुहुन्छ ।

# परमेश्वरको राज्य

## आत्मिक रूपले नयाँगरी जन्मनु

पाठ ४-६

**पाठको विषयः भूमिको तयारी**
येशूले अकसर परमेश्वरको राज्यबारे सम्बोधन गर्नुभयो । परमेश्वरको राज्यचाहिँ परमेश्वरको सुशासन हो । ख्रीष्टियान विश्वासीहरू परमेश्वरको राज्यको नागरीकहरू हुन् । नयाँ गरी जन्म नलिइकन कसैले पनि परमेश्वरको राज्य देख्न सक्तैन ।

**धर्मशास्त्रको मुख्य खण्डः** *यसकारण कोही ख्रीष्टमा छ भने, त्यो नयाँ सृष्टि हो । पुरानो बितिगएको छ, हेर नयाँ आएको छ । (२ कोरिन्थी ५:१७)*

**बाइबलको कथाः** बीउ छर्नु
**परिचयले कथालाई बुझ्न सहायता गर्दछ ।**
निकोदेमस भन्ने एक जना मानिस येशूकहाँ आएर प्रश्न सोधे । तिनी एक मुख्य धार्मिक अगुवा थिए ।

**बाइबलको कथाको सुरूआत यसरी हुन्छ**
*फरिसीहरूमध्ये निकोदेमस नाउँ भएका एक जना मानिस थिए । तिनी यहुदीहरूका महासभाका एक सदस्य थिए । यिनी राती येशूकहाँ आए, र उहाँलाई भने, "गुरुज्यू, हामी जान्दछौं तपाई परमेश्वरबाट आउनुभएको शिक्षक हुनुहुन्छ, किनकि परमेश्वर साथमा हुनुभएन भने तपाईले गर्नुभएका यी चिन्हहरू कसैले गर्न सक्दैन ।" येशूले तिनलाई जवाफ दिनुभयो, "साँच्चै म तिमीहरूलाई भन्दछु, कोही नयाँ गरी जन्मेन भने उसले परमेश्वरको राज्य देख्न सक्दैन ।" निकोदेमसले उहाँलाई भने, "मानिस बूढ़ो भएपछि कसरी जन्मन सक्छ र ? के त्यो आफ्नी आमाको कोखमा दोस्रो चोटि पसेर जन्मन सक्छ ?" येशूले जवाफ दिनुभयो, साँच्चै म तिमीहरूलाई भन्दछु, कोही पानी र आत्माद्वारा जन्मेन भने परमेश्वरको राज्यमा पस्न सक्दैन । शरीरबाट जन्मेको शरीर हो, र पवित्र आत्माबाट जन्मेको आत्मा हो । मैले तिमीहरूलाई नयाँ गरी जन्मनपर्छ भन्दा अचम्म नमान । बतास जता चाहन्छ उतै बहन्छ । तिमी बतासको आवाज सुन्छौ, तर त्यो कहाँबाट आउँछ र कता जान्छ, त्यो जान्दैनौ । आत्माबाट जन्मेको हरेक व्यक्ति त्यस्तै हुन्छ ।" (यूहन्ना ३:१-८)*

**खोजतलास प्रक्रिया :-** *मल र जल* *(पृष्ठ नं. ७ मा हेर्नुहोस् )*

**थप अध्ययनको निम्ति धर्मशास्त्रको खण्डहरू :-** *काटछाँट*
*(१ पत्रुस १:२३, रोमी ६:४, प्रेरित १:३, यूहन्ना १८:३६, २ तिमोथी ४:१८, २ पत्रुस १:११)*

**प्रयोगको निम्ति प्रश्नहरू :-** *फसलको कटनी (२ तिमोथी ३:१६-१७* *पृष्ट नं. ७ मा हेर्नुहोस् )*

**निष्कर्ष :** नयाँगरी जन्म नलिईकन कोही पनि परमेश्वरको राज्यमा प्रवेश गर्न सक्तैन भनी येशूले भन्नुभयो । येशूले निकोदेमसलाई पानी र आत्मामा जन्मनु आवश्यक छ भनी भन्नुभयो ।

# बाइबल

## परमेश्वरबाट सत्यतामा लेखियो

**पाठको विषयः भूमिको तयारी**
बाइबल पवित्र धर्मशास्त्र हो र यो शक्तिशाली छ। बाइबलमा भएको सत्यताले हाम्रो हृदय र मन परिर्वतन गर्दछ। हामी सबैको निम्ति बाइबल अपरिहार्य छ र यो मात्र एउटा यस्तो पुस्तक हो जसले "परमेश्वर को हुनुहुन्छ ?" भन्ने विषयबारे जानकारी दिँदछ।

**धर्मशास्त्रको मुखय खण्डः** *सम्पूर्ण पवित्र-शास्त्र परमेश्वरको प्रेरणबाट भएको हो र यो सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालिम दिनलाई लाभदायक हुन्छ, ताकि परमेश्वरको जन हरेक सुकर्ममा पूर्ण रूपले सुसज्जित भई सिद्ध भएको होस्। (२ तिमोथी ३:१६-१७)*

**बाइबलको कथाः** बीउ छर्नु
**परिचयले कथा बुझ्न सहायता गर्दछ।**
येशूले आफ्नो सेवकाई सुरूआत गर्न अघि उहाँले दुष्टको सामना गर्नुपर्‍यो। दुष्टसँगको भिड्न्तमा येशू परमेश्वरको वचनद्वारा परिक्षामाथि विजय हुनुभयो।

**बाइबलको काथाको सुरूआत यसरी हुन्छ**
*तब दियाबलसद्वारा परीक्षा गरिनलाई पवित्र आत्माद्वारा येशू उजाड्-स्थानमा लगिनुभयो। उहाँ चालिस दिन र चालिस रातसम्म उपवास बसिसकेपछि भोकाउनभयो। तब परिक्षा गर्नेले उहाँकहाँ आएर भन्यो, " तपाई परमेश्वरका पुत्र हुनुहुन्छ भने यी ढुङ्गाहरूलाई रोटी होऊन् भनी आज्ञा दिनुहोस्।" तर येशूले जवाफ दिनुभयो, "लेखिएको छ, 'मानिस रोटीले मात्र होइन, तर परमेश्वरको मुखबाट निस्केको हरेक वचनले जीवित रहँन्छ'।" तब दियाबलसले उहाँलाई पवित्र नगरमा लगेर मन्दिरको शिरमा खड्ा गरायो, र उहाँलाई भन्यो, "तपाई परमेश्वरका पुत्र हुनुहुन्छ भने, यहाँबाट तल हामफाल्नुहोस्, किनभने यस्तो लेखिएको छ, 'उहाँले आफ्ना दूतहरूको जिम्मामा तिमीलाई दिनुहुनेछ र तिनीहरूले तिमीलाई आफ्ना हात-हातै थाम्नेछन्, नत्रता तिम्रो खुट्टा ढुङ्गामा ठोकिनेछ'।" येशूले त्यसलाई भन्नुभयो, "लेखिएको छ, 'तैंले परमप्रभु आफ्ना परमेश्वरको परीक्षा नगर्नू'।" फेरि दियाबलसले उहाँलाई एउटा अल्गो पर्वतमा लगेर संसारका सबै राज्य र तिनको वैभव उहाँलाई देखायो, र उहाँलाई भन्यो, "तपाईले घोप्टेर मलाई दण्डवत् गर्नुभयो भने, यी सबै थोक म तपाईलाई दिनेछु।" तब येशूले त्यसलाई भन्नुभयो, "शैतान, तँ दूर होइजा ☒किनभने लेखिएको छ 'तैंले परमप्रभु आफ्ना परमेश्वरलाई दण्डवत् गर्नू र उहाँको मात्र सेवा गर्नू'।" तब दियाबलस उहाँलाई छोड्ेर गयो र स्वर्गदूतहरूले आएर उहाँको सेवा-टहल गरे। (मत्ती ४:१-११)*

**खोजतलास प्रक्रिया :-** *मल र जल (पृष्ठ नं. ७ मा हेर्नुहोस् )*

**थप अध्ययनको निम्ति धर्मशास्त्रको खण्डहरू :-** *काटछाँट*
*(रोमी १०:१७, एफिसी ६:१३-१७, २ पत्रुस १:२०-२१, भजनसंग्रह ११९, याकूब १:२१ )*

**प्रयोगको निम्ति प्रश्नहरू :-** *फसलको कटनी (२ तिमोथी ३:१६-१७ पृष्ट नं. ७ मा हेर्नुहोस्)*

**निष्र्कषः** शैतानसँग युद्ध गर्न परमेश्वरले वचनको सहारा लिनुभयो। हामीले पनि आत्मिक लड्ाईमा परमेश्वरको वचनलाई हतियारको रूपमा प्रयोग गरी हाम्रो शत्रुसित भिड्नु सक्छौ र परमेश्वरको वचनद्वारा हामीले हाम्रो विश्वासलाई दरिलो बनाउन सक्छौं।

# मण्डली

**खीष्टयान विश्वासीहरू एकतामा जिउँछन्**

**पाठको विषय: भूमिको तयारी**

जब येशू पृथ्वीबाट स्वर्गीय पिताको घरमा फर्कीनुभयो तब उहाँले संसारमा मण्डलीलाई उहाँको प्रतिनिधिको रूपमा छोड्नु भएको छ। खीष्टियान विश्वासीहरूको हैसियतले हामीहरू एक अर्कामा मेलमिलापमा रहेर अरू खीष्टियान विश्वासीहरूलाई पनि विश्वासमा उत्साह दिनु पर्दछ। मण्डली चाहिँ खीष्टको शरीर हो र खीष्ट मण्डलीको शिर हुनुहुन्छ।

**धर्मशास्त्रका मुख्य खण्ड:** *म तिमीलाई भन्दछु, कि तिमी पत्रुस हौ। म मेरो मण्डली यस चट्टानमाथि स्थापित गर्नेछु, र नरकको ढोकाहरू त्यसमाथि विजयी हुनेछैनन्। (मत्ती १६:१८)*

**बाइबलको कथा :** बीउ छर्नु

**परिचयले कथा बुझ्न सहायता गर्दछ।**

येशू स्वर्गमा पिताकहाँ फर्कनु भएपछि पवित्र आत्मा आउनुभयो त्यसपछि मण्डली विश्वासीहरूको संख्या थपियो। विश्वासीहरू भेला भई परमेश्वरको आराधना गर्थे र तिनीहरू धर्मशास्त्र अध्ययन गर्थे। ती खीष्टियान विश्वासीहरूले खाँचोमा भएकाहरूलाई वास्ता पुऱ्याउथे र विधवाहरूको पनि वास्ता गर्थे। यरूशलेममा भएको पहिलो मण्डलीको झुण्डलाई दुइओटा झुण्डमा बाँडिएको थियो। एउटा झुण्डमा भएकाहरूले ग्रीक भाषा बोल्थ्यो र यो झुण्डलाई हेलेनिसटिक यहूदी (Hellenistic Jews) भनिन्थ्यो। अर्को झुण्डमा हिब्रू बोल्ने मानिसहरू थियो र तिनीहरूलाई हब्रेक यहूदी (Hebraic Jews) भनिन्थ्यो। यो कथामा भएको पूजाहारी चाहिँ यहूदी विश्वासमा थिए।

**बाइबलको कथाको सुरु यसरी हुन्छ**

*ती दिनमा जब चेलाहरूको संख्या बढ्दैगएको थियो, तब हिब्रूहरूका विरुद्धमा ग्रीक-यहूदीहरूले गनगन गरे, किनभने दैनिक खाद्य वितरणमा तिनीहरूका विधवाहरूले चाहिँदो भोजन पाउँदैनथिए। तब बाह्रैले चेलाहरूको समुहलाई बोलाएर भने, "परमेश्वरको वचन प्रचार गर्न छोड्रेर खुवाउने-पियाउने सेवा गर्न हामीलाई उचित हुँदैन। यसकारण भाइ हो, तिमीहरूबाट पवित्र आत्मा र बुद्धिले भरिएका र सबैको आदर पाएका सात जना मानिस छान जसलाई हामी यस काममा नियुक्त गरौं। तर हामीचाहिँ प्रार्थना र वचनको सेवकाइमा सम्पूर्ण समय दिनेछौं।" यो कुरा समूहको सबैलाई मन पऱ्यो र भेला भएका जम्मैलाई असल लाग्यो, र तिनीहरूले पवित्र आत्मा र विश्वासले भरिपूर्ण भएका स्तिफनस, फिलिप, प्रखरस, निकनोर, तीमोन, पर्मिनास र एन्टिओखियाका यहूदी मत मान्ने निकोलाउसलाई छाने। तिनीहरूले यी मानिसहरूलाई प्रेरितहरूका सामुन्ने ल्याए र प्रेरितहरूले प्रार्थना गरे र यिनीहरूमाथि आफ्ना हात राखे। परमेश्वरको वचन बढ्दैगयो, र चेलाहरूको संख्या यरूशलेममा अत्यन्तै बढ्यो। पूजाहारीहरूमध्ये धेरै जनाले यस विश्वासलाई ग्रहण गरे। (प्रेरित ६:१-७)*

**खोजतलास प्रक्रिया :** *मल र जल (पृष्ठ नं. ७ मा हेर्नुहोस् )*

**थप अध्ययनको निम्ति धर्मशास्त्रको खण्डहरू :-** *काटछाँट*
*(प्रेरित २:४२-४७, १ कोरिन्थीहरू १२:१२-२८, हिब्रू १०:२५, एफिसी २:१९-२१, एफिसी ४:१४-१६ )*

**प्रयोगको निम्ति प्रश्नहरू :-** *फसलको कटनी (२ तिमोथी ३:१६-१७ पृष्ट नं. ७ मा हेर्नुहोस् )*

**निर्ष्कष :** धर्मशास्त्र बाइबलले मण्डलीलाई मानव शरीरसँग तुलाना गर्दछ। मानव शरीरमा भएको प्रत्येक भागको आफ्नै विशेष कामहरू छन् र तिनीहरू एक अर्कोसित भर पर्दछ। खीष्टियान विश्वासीहरू आ-आफ्ना जिम्मेवारीमा विश्वासयोग्य हुनुपर्दछ। मण्डलीमा भएका खीष्टियान विश्वासीहरूसित सहभागी हुनुपर्छ।

# संसारको ज्योति

## खीष्टको ज्योति प्रतिबिम्बित गर्दै

**पाठको विषयः भूमिको तयारी**
खीष्टियान विश्वासीको हैसियतले खीष्टको गुणहरू हाम्रो जीवनबाट प्रतिबिम्बित हुनुपर्छ । खीष्ट को हुनुहुन्छ भन्ने कुरो हामीले हाम्रो जीवन शैलीद्वारा प्रकट गर्नुपर्छ ।

**धर्मशास्त्रको मुख्य खण्डः** *यसरी नै तिमीहरूको ज्योति मानिसहरूका सामुन्ने चम्कोस्, र तिनीहरूले तिमीहरूका सुकर्म देखून्, र स्वर्गमा हुनुहुने तिमीहरूका पिताको महिमा गरून् । (मत्ती ५:१६)*

**बाइबलको कथाः** बीउ छर्नु
**परिचयले कथा बुझ्न सहायता गर्छ ।**
येशूको शिक्षा सुन्न मानिसको एउटा ठूलो भिड्ले उहाँलाई घेरे ।

**बाइबलको कथाको सुरुआत यसरी हुन्छ**
*"धन्य हौ तिमीहरू, जब मानिसहरूले मेरो खातिर तिमीहरूको निन्दा गर्नेछन् र सताउनेछन्, र झूटा बोलेर तिमीहरूका विरुद्धमा सब किसिमका खराब कुरा भन्नेछन् । तब रमाओ र अत्यन्त खुशी होओ, किनभने स्वर्गमा तिमीहरूको इनाम ठूलो हुनेछ । किनभने यसरी नै तिमीहरूभन्दा अघिका अगमवक्ताहरूलाई तिनीहरूले सताएका थिए । "तिमीहरू पृथ्वीका नून हौ, तर नूनको स्वाद गयो भने त्यो केले फेरि नुनिलो पारिने र ? त्यो त बाहिर फालिन र मानिसका खुट्टाले कुल्चनबाहेक अरू केही कामको हुँदैन । "तिमीहरू संसारका ज्योति हौ । डाँड्मा बसालिएको शहर लुक्न सक्दैन । मानिसहरूले बत्ती बालेर पाथीले त छोप्दैनन्, तर सामदानमा राख्दछन्, र घरमा हुने सबैको निम्ति त्यसले उज्यालो दिन्छ । यसरी नै तिमीहरूको ज्योति मानिसहरूका सामुन्ने चम्कोस्, र तिनीहरूले तिमीहरूका सुर्कम देखून्, र स्वर्गमा हुनुहुने तिमीहरूका पिताको महिमा गरून् । (मत्ती ५:११-१६)*

**खोजतलास प्रक्रिया :-** *मल र जल (पृष्ठ नं. ७ मा हेर्नुहोस्)*

**थप अध्ययनको निम्ति धर्मशास्त्रको खण्डहरू :-** *काटछाँट*
*(१ यूहन्ना १:७, १ यूहन्ना २:१०, २ कोरिन्थीहरू ४:६, मत्ती ५:७)*

**प्रयोगको निम्ति प्रश्नहरू :-** *फसलको कटनी (२ तिमोथी ३:१६-१७ पृष्ट नं. ७ मा हेर्नुहोस्)*

**निर्ष्कषः** मानिस कसरी असल भएर राम्रो कामहरू गर्दैजाने यसबारे येशूले खीष्टियान विश्वासीहरूलाई शिक्षा दिनुभयो ।

पाठ
४-१०

# अनन्त

## सदासर्वदा परमेश्वरसित वा सदासर्वदा पीड्यासँग

**पाठको विषय:** भूमिको तयारी
हामीहरू शारीरिक रूपले मरे तापनि जीवनको अन्त हुँदैन । हामी सदासर्वदा जिइरहेका हुन्छौं । सबै मानिसहरूले पृथ्वीमा गरेका कामहरूको हिसाब-किताब दिनुपर्ने छ । जसले ख्रीष्टलाई विश्वास गरेका छैन तिनीहरू परमेश्वरको उपस्थिति देखि टाढिएर अनन्त पीड्यामा जिउँनु पर्नेहुन्छ ।

**धर्मशास्त्रको मुख्य खण्ड:** *"यसमा अचम्म नमान, किनभने समय आइरहेछ, जब चिहानमा हुनेहरू सबैले उसको सोर सुन्नेछन्, र बाहिर निस्किआउनेछन्: सुकर्म गर्नेहरू जीवनको पुनरुत्थानको निम्ति, र कुकर्म गर्नेहरूचाहिँ दण्डाज्ञाको पुनरुत्थानको निम्ति । (यूहन्ना ५:२८-२९)*

**बाइबल कथा:** बीउ छर्नु
**परिचयले कथालाई बुझ्न सहायता गर्दछ ।**
धनी र गरिब मानिसबारे कथा भनेर येशूले आफ्ना चेलाहरूलाई अनन्त विषय सिकाउनुभयो ।

**बाइबलको कथाको सुरुआत यसरी हुन्छ :-**
*"एउटा धनी मानिस थियो, जो बहुमूल्य वस्त्र र मिहीन मलमल लगाएर दिनहुँ मोजमज्जामा बस्तथ्यो । उसको ढोकामा लाजरस नाउँको एउटा गरीब मानिसलाई ल्याएर राखिदिन्थे । त्यो घवैघाउले भरिएको थियो । त्यस धनी मानिसको टेबिलबाट झरेका टुक्राटाक्री खाएर लाजरसले आफ्नो पेट भर्ने इच्छा गर्थ्यो । कुकुरहरू पनि आएर त्यसका घाउँहरू चाट्थे । "त्यो गरिब मानिस मऱ्यो, र स्वर्गदूतहरूले त्यसलाई लगेर अब्राहामको सँगमा राखे । त्यो धनी मानिस पनि मऱ्यो र गाड्यियो । नरकमा कठोर कष्ट भोगिरहेको बेला उसले नजर उठाएर हेऱ्यो, र टाढामा अब्राहाम र उनको सँगमा लाजरसलाई देख्यो । अनि उसले कराएर भन्यो, 'हे पिता अब्राहाम, ममाथि दया गरेर लाजरसलाई पठाइदिनुहोस्, र त्यसले आफ्नो औँलाको टुप्पा पानीमा चोपेर मेरो जिब्रोलाई शीतल पारिदिओस्, किनकि म यस ज्वालामा भयङ्कर वेदना पाइरहेछु ।' तर अब्राहामले भने, 'छोरो याद गर्, तैंले आफ्नो जीवनकालमा असल-असल कुराहरू भोग गरिस्, र त्यसै गरि लाजरसले दुःखैदुःख भोग्यो । त्यो अब यहाँ आरममा छ, र तँचाहिँ कष्टमा छस् । यी सबै कुराबाहेक यहाँबाट तँकहाँ पारि जान खोज्नेहरू जान नसकुन् र त्यहाँबाट यहाँ हामीकहाँ वारि आउन पनि नसकून् भनेर हामीहरू र तिमीहरूका बीचमा एउटा अति गहिरो धाँदो छ ।' "उसले भन्यो, 'पिता यस कारण म तपाईलाई बिन्ती गर्दछु, तपाईले त्यसलाई मेरो बाबुको घरका पठाइदिनुहोस्, किनभने मेरो पाँच भाइ छन्, र त्यसले तिनीहरूलाई चेताउनी दिओस्, नत्रता तिनीहरू पनि यस कष्टको ठाउँमा आउलान् ।' "तर अब्राहामले भने, तिनीहरूको साथमा मोशा र अगमवक्ताहरूका पुस्तक छन् । तिनीहरूले ती सुनून्, । "तर उसले भन्यो होइन, पिता अब्राहाम मरेकाबाट कोही एक जना तिनीहरूकहाँ गयो भनेता तिनीहरूले पश्चात्ताप गर्नेछन् ।' "उनले उसलाई भने, मोशा र अगमवक्ताहरूका कुरा तिनीहरूले सुन्दैनन् भने, मृतकहरूबाट कोही जीवित भए पनि तिनीहरूले विश्वास गर्नेछैनन्' ।" (लूका १६:१९-३१)*

**खोजतलास प्रक्रिया :-** *मल र जल (पृष्ठ नं. ७ मा हेर्नुहोस्)*

**थप अध्ययनको निम्ति धर्मशास्त्रको खण्डहरू :** *काटछाँट*
*(१ थिसलोनिकी ४:१३-१८, रोमी ६:२०-२३, मत्ती १९:१६-२६, मत्ती २५:४५-४६)*

**प्रयोगको निम्ति प्रश्नहरू :** *फसलको कटनी (२ तिमोथी ३:१६-१७ पृष्ट नं. ७ मा हेर्नुहोस्)*

**निष्कर्ष:** हामीले हाम्रो जीवनको सबै हिसाब-किताब दिन परमेश्वरको सामुन्ने उपस्थित हुनुपर्ने छ । हामी सदासर्वदा परमेश्वरसँग जिउँने कुरो चाहिँ परमेश्वर र हामी बीचको सम्वन्धमा भर पर्दछ ।

पाठ
४-११

# न्याय

## येशूले सबै मानिसहरूको न्याय गर्नुहुन्छ

**पाठको विषय: भूमिको तयारी**
मानिसहरूको सम्वन्ध परमेश्वरसित गाँस्न येशू यस धरतीमा आउनुभयो । दुष्टको सबै कामहरूलाई नष्ट गर्न र दुष्ट मानिसहरूका न्याय गर्न येशू फेरी यस संसारमा आउँदै हुनुहुन्छ । उहाँलाई स्वीकार नगर्ने हरेकलाई दोषी ठहऱ्याउनु हुनेछ । धार्मिक मानिसहरूलाई तिनीहरूको विश्वास अनुरूप येशूले तिनीहरूलाई इनाम दिनुहुनेछ ।

**धर्मशास्त्रको मुख्य खण्ड:** *किनकि प्रभु स्वयम् हुकुमको गर्जनसित, प्रधान स्वर्गदूतको आवाज र परमेश्वरका तुरहीको सोरसित स्वर्गबाट ओर्लनुहुनेछ, र ख्रीष्टमा मरेकाहरूचाहिँ पहिले बौरिउठ्नेछन् । तब हामी बाँचिरहेका र छोड़िएकाहरू प्रभुलाई आकाशमा भेट्न तिनीहरूका साथसाथै बादलमा उठाइलगिनेछौं, र यसरी हामी सधैं प्रभुसँग रहनेछौं । यसैकारण एउटाले अर्कालाई यी वचनहरूले सान्त्वना देओ । (१ थेसलोनिकी ४:१६-१८)*

**बाइबलको कथा:** बीउ छर्नु
**परिचयले कथालाई बुझ्न सहायता गर्दछ ।**
जीवनको अन्तमा मानिसहरूको न्याय हुनेछ भनी येशूले भन्नुभएको कुरो यो कथामा पाउनुहुनेछ ।

**बाइबलको कथाको सुरुआत यसरी हुन्छ**
*किनभने जसरी पिताले मृतकहरूलाई उठाउनुहुन्छ र तिनीहरूलाई जीवन दिनुहुन्छ त्यसरी नै पुत्रले पनि जसलाई इच्छा गर्दछ त्यसलाई जीवन दिँदछ । किनकि पिताले कसैको न्याय गर्नुहुन्न तर सबै न्याय गर्ने काम पुत्रलाई दिनुभएको छ । ताकि सबैले पुत्रको आदर गरून, जसरी तिनीहरूले पिताको आदर गर्दछन पुत्रको आदर नगर्नेले उसलाई पठाउनुहुने पिताको पनि आदर गर्दैन । "साच्चै, म तिमीहरूलाई भन्दछु , जसले मेरो वचन सुन्छ र मलाई पठाउनुहुने माथि विश्वास गर्छ, त्यससित अनन्त जीवन छ । त्यो न्यायमा आउदैन, तर मृत्युदेखि त्यसले जीवनमा प्रवेश गरेको छ "साच्चै, म तिमीहरूलाई भन्दछु , त्यो समय आइरहेछ, र त्यो समय अहिले हो, जब मृतकहरूले परमेश्वरका पुत्रको सोर सुन्नेछन्, र सुन्नेहरू बाँच्नेछन् । किनभने जसरी पिता आफैमा जीवन छ, उसरी नै उहाँले पुत्रलाई पनि आफैमा जीवनको स्रोत हुने अधिकार दिनुभएको छ, अनि उसलाई न्यायको फैसला दिने अधिकार दिनुभएको छ, किनभने ऊ मानिसको पुत्र हो । "यसमा अचम्म नमान, किनभने समय आइरहेछ, जब चिहानमा हुनेहरू सबैले उसको सोर सुन्नेछन्, र बाहिर निस्किआउनेछन्, सुकर्म गर्नेहरू जीवनको पुनरुत्थानको निम्ति, र कुकर्म गर्नेहरूचाहिँ दण्डाज्ञाको पुनरुत्थानको निम्ति । "म आफै केही गर्न सक्दिनँ । जस्तो म सुन्छु, त्यस्तै न्याय म गर्छु, र मेरो न्याय ठीक ठहर्छ, किनकि म आफ्नो इच्छा खोज्दिनँ, तर मलाई पठाउनुहुनेको इच्छा खोज्दछु । (यूहन्ना ५:२१-३०)*

**खोजतलास प्रक्रिया** :-*मल र जल (पृष्ठ नं. ७ मा हेर्नुहोस्)*

**थप अध्ययनको निम्ति धर्मशास्त्रको खण्डहरू :-** *काटछाँट*
*(प्रकाश २०:११-१५, मर्कूस ९:४१-४८, २ कोरिन्थीहरू ५:१०, १ कोरिन्थीहरू ३:११-१५)*

**प्रयोगको निम्ति प्रश्नहरू :-** *फसलको कटनी (२ तिमोथी ३:१६-१७, पृष्ठ नं. ७ मा हेर्नुहोस्)*

**निर्ष्कष :** उहाँको आगमनमा दुष्टको न्याय गर्नुहुनेछ र धार्मिक मानिसहरूलाई इनाम दिनुहुनेछ यस सम्वन्धमा उहाँले हामी सबैलाई तयारी रहनु भनी सचेत गराउनु भएको छ ।

पाठ
४-१२

# प्रभुभोज

**येशू हाम्रो पापको निम्ति मर्नुभएको घटनालाई समभ्ना गर्ने दिन**

**पाठको विषय: भूमिको तयरी**
प्रभुभोजमा लगातार भाग लिइरहन येशूले आफ्ना चेलाहरूलाई आज्ञा गर्नुभएको छ । प्रभुभोज चाहिँ येशूले आफ्नो प्राण अर्पण गर्नु भएको दिनको सम्भ्कनाको एउटा प्रतीक हो । उक्तदिन येशूले मानिसहरूको पापको ऋण तिर्नुभयो ।

**धर्मशास्त्रको मुख्य खण्ड:** *अनि उहाँले रोटी लिनुभयो र धन्यवाद चढ़ाउनुभएपछि त्यो भाँच्नुभयो र तिनीहरूलाई यसो भन्दै दिनुभयो, "तिमीहरूका निम्ति दिइएको यो मेरो शरीर हो । मेरो सम्भ्कनामा यो गर्ने गर ।" यसै गरी खाइसक्नुभएपछि उहाँले कचौरा लिनुभयो र भन्नुभयो, "यो कचौरा तिमीहरूका निम्ति बहाइएको मेरो रगतमा स्थापित गरिने नयाँ करार हो । (लूका २२:१९-२०)*

**बाइबलको कथा:** बीउ छर्नु
**परिचयले कथालाई बुभ्न सहायता गर्दछ ।**
येशू क्रूसमा मर्नुभन्दा एक दिन अघाडि् उहाँले आफ्ना चेलाहरूसित अन्तिम भोज गर्नुभयो त्यसै दिन उहाँले आफ्ना चेलाहरूलाई उहाँले भोग्नुपर्ने क्रूसको मृत्यु पनि अकसर सम्भ्कना गर्ने गर भनी अनुरोध गर्नुभयो ।

**बाइबलको कथाको सुरुआत यसरी हुन्छ**
*तर यी आदेश दिँदा म तिमीहरूको प्रशंसा गर्दिनँ, किनकि तिमीहरू भेला हुँदा त्यो असलको निम्ति हुँदैन, तर त्यो अभ्क खराबीको निम्ति हुन्छ । किनकि पहिले त, मण्डलीमा एकसाथ भेला हुँदा तिमीहरूमा फाटो हुन्छ भन्ने म सुन्दछु । अनि केही मात्रामा म त्यो विश्वास पनि गर्दछु । तिमीहरूमध्ये साँचा मानिसहरू चिनिनलाई तिमीहरूमा मतभेद हुनु पनि आवश्यक नै छ । तिमीहरू एकसाथ भेला भएर खानपान गरेको चाहिँ प्रभु-भोज होइन । किनकि खान बस्दा हरेकले आफ्ना भोजन खान थाल्छ, र कोही भोकै रहन्छ, अनि कोहीचाहिँ मद्यले मातेको हुन्छ खान र पिउनलाई के तिमीहरूका आफ्ना-आफ्नै घर छैनन् र ? अथवा के तिमीहरू परमेश्वरको मण्डलीलाई तुच्छ ठान्छौ र केहि नहुनेहरूका अपमान गर्दछौ ? म तिमीहरूलाई के भनूँ ? के यसको निम्ति म तिमीहरूको प्रशंसा गरूँ ? म कदाचित् प्रशंसा गर्दिनँ । किनकि प्रभुबाट मैले जे पाएँ, सो तिमीहरूलाई सुम्पिदिएँ, अर्थात् जुन रात उहाँ पक्राउ पर्नुभयो, त्यो रात प्रभु येशूले रोटी लिनुभयो । र धन्यवाद दिनुभएपछि उहाँले त्यो भाँच्नुभयो, र भन्नुभयो, "यो तिमीहरूको निम्ति मेरो शरीर हो । यो मेरो सम्भ्कनाको निम्ति गर ।" त्यसै गरि खाएपछि उहाँले कचौरा लिएर यसो भन्नुभयो, "यो कचौरा मेरो रगतमा भएको नयाँ करार हो । जहिले-जहिले तिमीहरू यो पिउँछौ, मेरो सम्भ्कनामा यो अक्सर गर ।" किनभने जहिले-जहिले तिमीहरू यो रोटी खान्छौ र यस कचौराबाट पिउँछौ, उहाँ नआउञ्जेल तिमीहरू प्रभुका मृत्युको घोषणा गर्दछौ । (१कोरिन्थी ११:१७-२६)*

**खोजतलास प्रक्रिया :-** *मल र जल (पृष्ठ नं. ७ मा हेर्नुहोस्)*

**थप अध्ययनको निम्ति धर्मशास्त्रको खण्डहरू :-** *काटछाँट*
*(१ कोरिन्थीहरू ११:१७-३४, लूका २२:७-३८, यूहन्ना ६:४७-५८ प्रकाश १९:९)*

**प्रयोगको निम्ति प्रश्नहरू :-** *फसलको कटनी (२ तिमोथी ३:१६-१७ पृष्ट नं. ७ मा हेर्नुहोस्)*

**निर्ष्कष:** प्रभुभोजको समयचाहिँ येशूलाई आदर गर्ने समय हो साथै आफ्नो भित्री कुराहरूलाई जाँच गर्दै आफ्नो जीवन परमेश्वरमा स्वीकार योग्य छ छैन भनेर पत्ता लगाउने समय पनि हो । प्रभुभोजको समयमा येशूले आफ्ना जीवन सबै मानिसहरूको निम्ति दिनुभयो भन्ने कुरो थाहा गर्दै उहाँलाई आराधना गर्नु हो ।

# बप्तिस्मा

## जन समुदायमा खीष्टप्रतिको विश्वासको घोषणा

**पाठको विषयः भूमिको तयारी**
नयाँ विश्वासीहरूको निम्ति पानीको बप्तिस्मा एकदमै जरूरी विषय हो । बप्तिस्माको समयमा नयाँ विश्वासीहरूले जनसमुदायमा खीष्टप्रतिको आफ्नो विश्वासको घोषणा गर्दछ । बप्तिस्माको समयमा व्यक्तिलाई पानीमा डुबाइन्छ यो चाहिँ पुरानो जीवनको मृत्युको एउटा चिन्ह हो । जब व्यक्ति पानीबाट बाहिर निस्कन्छ यो चाहिँ खीष्टमा नयाँ जीवनको सुरूआतको एउटा प्रतिक हो ।

**धर्मशास्त्रको मुख्य खण्डः** *पत्रुसले तिनीहरूलाई भने, "पश्चात्ताप गर, र तिमीहरूका पाप-क्षमाको निम्ति येशू खीष्टको नाउँमा तिमीहरू प्रत्येकले बप्तिस्मा लेऊ, र तिमीहरूले पवित्र आत्माको वरदान पाउनेछौ । (प्रेरित २:३८)*

**बाइबलको कथाः** बीउ छर्नु
**परिचयले कथालाई बुझ्न सहायता गर्दछ ।**
बप्तिस्मा-दिने यूहन्ना येशूको नजिकको व्यक्ति थिए । बप्तिस्मा दिने यूहन्नाले मानिसहरूको पापमोचनको निम्ति चिन्ह स्वरूप पानीको बप्तिस्मा दिन्थ्यो । येशूले कहिले पनि पाप गर्नु भएन तरै पनि पानीको बप्तिस्माको महत्व मानिसहरूलाई बुझाउन चिन्ह स्वरूप उहाँले पानीको बप्तिस्मा लिनुभयो ।

**बाइबलको कथाको सुरुआत यसरी हुन्छ**
*तब येशू गालीलबाट यूहन्नाकहाँ तिनीद्वारा बप्तिस्मा लिन यर्दनमा आउनुभयो । तर यूहन्नाले यसो भनेर उहाँलाई रोक्न खोजे, "बरु मलाई पो तपाईबाट बप्तिस्मा लिनु आवश्यक छ, र के तपाई मकहाँ आउनुहुने ?" तर येशूले तिनलाई भन्नुभयो , "अहिलेलाई यसै हुन देउ । किनभने यसरी नै हामीहरूले सबै धार्मिकता पुरा गर्नुपर्दछ ।" तब यूहन्ना राजी भए । अनि येशू बप्तिस्मा लिएर तुरुन्तै पानीबाट माथि निस्कनुभयो, अनि स्वर्ग उघ्रियो, र उहाँले परमेश्वरका आत्मालाई ढुकुरझैं ओर्लिरहनुभएको र आफूमाथि आइरहनुभएको देख्नुभयो । तब स्वर्गबाट यो वाणी आयो, "यिनी मेरो प्रिय पुत्र हुन्, यिनीसँग म अति प्रसन्न छु । (मत्ती ३:१३-१७)*

**खोजतलास प्रक्रिया :-** *मल र जल (पृष्ठ नं. ७ मा हेर्नुहोस्)*

**थप अध्ययनको निम्ति धर्मशास्त्रको खण्डहरू :-** *काटछाँट*
*(रोमी ६:३-१३, मत्ती २८:१६-२०, कलस्सी २:९-१२, प्रेरित ८: २६-४०)*

**प्रयोगको निम्ति प्रश्नहरू :-** *फसलको कटनी (२ तिमोथी ३:१६-१७, पृष्ठ नं. ७ मा हेर्नुहोस्)*

**निष्कर्षः** खीष्टियान विश्वासीहरूको जीवनमा पानीको बप्तिस्मा महत्वपूर्ण छ भनी नयाँ करार बाइबलले सिकाउँदछ । पानीको बप्तिस्माको चिन्हचाहिँ हाम्रो पुरानो जीवनको मृत्यु र येशूमा नयाँ जीवनको सुरूआत हो ।

*बोलावट*

## फलदायी र गुणात्मक हुन

सबै जीवित प्राणी “फलदायी” र “गुणात्मक” गर्न सक्ने किसिमले परमेश्वरले सृष्टि गर्नुभएको कुरो बाइबलमा पाइन्छ । हरेक जीवित प्राणीले “आफू जस्तै” जीवित प्राणी उत्पादन गर्न सक्ने प्राणीको रुपमा परमेश्वरले सृष्टि गर्नुभयो भनी उत्पत्तिको पुस्तकले जानकारी दिँदछ । जब परमेश्वरले मानिसलाई सृष्टि गर्नुभयो त्यस समयमा पनि “फदायी” र “गुणात्मक” सिद्धान्त परिवर्तन भएन । यसैकारण परमेश्वरले मानिसलाई आफ्नै स्वरुपमा सृष्टि गर्नुभयो । परमेश्वरकै प्रतिरुपमा उहाँले तिनलाई सृष्टि गर्नुभयो । नर र नारी नै गरी उहाँले तिनीहरूलाई सृष्टि गर्नुभयो । परमेश्वरले तिनीहरूलाई आशिष् दिनुभयो, र तिनीहरूलाई भन्नुभयो, “फल्दै-फुल्दै, वृद्धि हुँदै, पृथ्वीमा भरिँदै र त्यसलाई आफ्नो वशमा पार्दै जाओ । समुन्द्रका माछाहरू, आकाशका पक्षीहरू, तथा पृथ्वीका सबै जीवित प्राणीहरूमाथि अधिकार गर ।” (उत्पत्ति १ः २७-२८)

सबभन्दा पहिले परमेश्वरले हामीलाई सृष्टि गर्नुभयो त्यसपछि पृथ्वीमा भरिन्दै जानलाई “आशिर्वाद” दिनुभयो । परमेश्वरको यो आज्ञालाई मानिस जातिले पुरा गर्न झण्डै छ हजार वर्षहरू लाग्यो । आज साँच्चै पृथ्वी मानिस जातिले भरिएको छ । मानिसले दोस्रो जन्म वा आत्मिक रुपले नयाँ जन्मको अनुभव गर्नुपर्छ भनी येशू ख्रीष्टले पृथ्वीमा सेवकाई गर्नुहुँदा भन्नुभएको थियो । नयाँ जन्म विना स्वर्गको राज्यभित्र प्रवेश गर्न सक्दैन भनी येशूले भन्नुभयो, “येशूले जवाफ दिनुभयो, “साँच्चै म तिमीहरूलाई भन्दछु, कोही पानी र आत्माद्वारा जन्मेन भने परमेश्वरको राज्यमा पस्न सक्दैन । शरीरबाट जन्मेको शरीर हो, र पवित्र आत्माबाट जन्मेको आत्मा हो ।” (यूहन्ना ३ः ५-६) ।

हामीले नयाँ जीवन पाओस् भनी येशूले बोलाउनुभयो । यो नयाँ जीवनचाहिँ पवित्र आत्मा हुनुहुन्छ । पानीको बप्तिस्माद्वारा हामीले नयाँ जीवन प्राप्त गरेको कुरो जनमानसमा गवाही दिँदछौं । “फलदायी र गुणात्मक होऔं” भन्ने परमेश्वरको आज्ञा नयाँ जन्ममा पनि लागु हुँदछ । येशू ख्रीष्टमा हाम्रो नयाँ जीवनले हाम्रो नयाँ आत्मिक जीवन वृद्धि गर्ने अवसर संगसंगै आज्ञा पनि छ । “तब येशू तिनीहरूकहाँ आएर भन्नुभयो, “स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ । यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता पुत्र र पवित्र आत्माको नाउँमा बप्तिस्मा देओ, मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ । हेर, म युगको अन्त्यसम्म संधै तिमीहरूका साथमा छु ।” (मत्ती २८ः १८-२०)

हामीलाई ख्रीष्टले चेला बनाउन र तिनीहरूलाई परमेश्वरको राज्यमा वप्तिस्मा दिनको निम्ति बोलाउनु भएको छ । हामीलाई आत्मिक फल-फलाउने जीवन जिउँनको निम्ति बोलाउनु भएको छ जुन जीवनले आत्मिक रुपमा नयाँ गरी जन्मने उत्साह प्रदान गर्दछ । फलदायी र गुणात्मक चेलापन नमुनाचाहिँ जीवित परमेश्वरको वचनद्वारा तयार पारिएको एउटा पाठ्य सामग्री हो र यो येशू ख्रीष्टमा नयाँ विश्वासीहरूको निम्ति हो । यसले तिनीहरूको जीवनमा आत्मिक फल फलाउन सहयोग गरी आत्मिक गुणनतिर अघि धकेल्छ । “परमेश्वरको जीवित र नित्य रहने वचनद्वारा, विनाशी होइन तर अविनाशी विर्यबाट तिमीहरू नयाँ गरी जन्मेका छौ ।”(१पत्रुस १ः२३)

परमेश्वरले तपाईलाई धेरै फल फलाउन र तपाईको जीवन र सेवकाईमा आत्मिक रुपले नयाँ जन्मको गुणन गर्दै जान आशिष् दिऊन् । यो पृथ्वीचाहिँ नयाँ जन्म पाएका मानिसहरूले भरिएको हेर्न पाऊँ !

| | |
|---|---|
| **नेपाल एभरी होम कन्सर्न**<br>पि. ओ. बक्स ३११८<br>काठमाडौं, नेपला ।<br>फान : ०१-५५९२७६७ | सहकार्य गर्ने संस्था वा मण्डलीको ठेगाना : |

एभरी होम
फर क्राइष्ट

ठेगानाः एभरी होम फर क्राइष्ट इन्टरनेशनल,
पि.ओ. बक्स ६४०००, कोलोराडो स्प्रीङ्गस, सी.ओ. ८०९६३-४०००
www.iBFAM.org
*भर्सन २.०१*

अनुवादक : डेविड लेप्चा (बर्फोङ्ग)